विश्वकर्मा जातिको सामजिक,साँस्कृतिक एवं आर्थिक अवस्था :
दैलेख वडाभैरव गाउँ विकास समितिको
एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्व विद्यालय मानविकि तथा सामाजिक शास्त्र संकाय
अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयको
स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पुरा गर्नका लागि
समाजशास्त्र तथा मानवशास्त्र विभाग
वीरेन्द्रनगर बहुमुखि क्याम्पस सुर्खेतमा
प्रस्तुत गरिएको

# शोधपत्र

सोधकर्ता :-
पदमबहादुर खड्का
क्याम्पस रोल नं.:-२९
परीक्षा रोल नं. :- ४८७४
त्रि.वि.वि दर्ता नं.:-२५३३-९४
२०६५ आश्विन

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र/मानवशास्त्र विभाग**
वीरेन्द्रनगर बहुमुखी क्याम्पस
सुर्खेत

# सिफारीस -पत्र

त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तीको आंशिक आवश्यकता पुरा गर्नको निमित्त मानवशास्त्र/समाजशास्त्र संकायमा अध्ययनरत छात्र ***श्री पदम वहादुर खड्का*** द्वारा **"विश्वकर्मा जातिको सामाजिक,साँस्कृतिक एवं आर्थिक अवस्था"** : दैलेख जिल्ला बडाभैरव गाँउ विकास समितिको एक समाजशास्त्रीय अध्ययन विषयमा तयार गरीएको एक शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षण मा तयार भएको व्यहोरा निवेदन गर्दै आवश्यक मुल्याङ्कनको लागि सिफारिस गर्दछु।

....................................
**आनन्द प्रसाद सुवेदी**
**सहायक प्राध्यापक**
**समाजशास्त्र/मानवशास्त्र विभाग**
**वीरेन्द्रनगर बहुमुखी क्याम्पस**
**सुर्खेत**

**त्रिभुवन विश्वविद्यालय**

समाजशास्त्र/मानवशास्त्र विभाग

# वीरेन्द्रनगर बहुमुखी क्याम्पस

**सुर्खेत**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तीको निमित्त ***श्री पदमवहादुर खड्का*** ले तयार गरी वीरेन्द्रनगर वहुमुखि क्याम्पस समाजशास्त्र/मानवशाास्त्र विभाग समक्ष प्रस्तुत **"विश्वकर्मा जातिको सामजिक,साँस्कृतिक तथा आर्थिक अवस्था"** : दैलेख जिल्ला बडाभैरव गा.वि.स. को समाजशास्त्रीय अध्ययन विषयक सोधपत्र उक्त उपाधी प्राप्त गर्नका लागि उचित ठहरिएकोले स्वीकृति गरिन्छ ।

**सोध मुल्यांकन समिति**

| **मुल्यांकन समिति** | **हस्ताक्षर** |
|---|---|
| १.श्री केशर सिं राना | |
| क्याम्पस प्रमुख | ................................ |
| २.श्री कृष्ण बहादुर रेग्मी | |
| विभागिय प्रमुख | .................................. |
| ३.श्री आनन्द प्रसाद सुवेदी | |
| शोध निर्देशक | ................................ |
| ४.श्री वच्चु कैलाश पाण्डे | |
| बाह्य परिक्षक | ................................. |

**मिति :- २०६५/०८/....**

त्रिभुवन विश्वविद्यालय
समाजशास्त्र/मानवशास्त्र विभाग
वीरेन्द्रनगर वहुमुखी क्याम्पस
सुर्खेत

सिफारीस -पत्र

त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तीको आंशिक आवश्यकता पुरा गर्नको निमित्त मानवशास्त्र/समाजशास्त्र संकायमा अध्यानरत छात्र श्री पदम वहादुर खड्का द्वारा विश्वकर्मा जातिको सामाजिक साँस्कृतिक एवं आर्थिक अवस्था दैलेख जिल्ला बडाभैरव गाँउ विकास समितिको एक समाजशास्त्रीय अध्यायन विषयमा तयार गरीयको एक शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षण मा तयार भएको ब्यहोरा निवेदन गर्दै आवश्यक मुल्याङ्कनको लागी सिफारीस गर्दछु ।

सहायक प्राध्यापक
समाजशास्त्र/मानवशास्त्र विभाग
वीरेन्द्रनगर वहुमुखी क्याम्पस
सुर्खेत

त्रिभुवन विश्वविद्यालय
समाजशास्त्र/मानवशास्त्र विभाग
वीरेन्द्रनगर वहुमुखी क्याम्पस
सुर्खेत

स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तीको निमित्त श्री पदमवहादुर खड्का ले तयार गरी

## कृतज्ञाता ज्ञापन

सर्वप्रथम म शोध प्रस्ताव स्वीकृत गरी प्रस्तुत शोधपत्र मा आफनो अमुल्य समय दिई लेखनकार्यमा सु-अवसर प्रदान गर्नु हुने समाजशास्त्र तथा मानवशास्त्र विभाग अन्तरगर्त अध्यायनरत सहायक प्रध्यापक श्री आनन्दप्रसाद सुवेदी प्रति आभारी छु । प्रस्तुत विश्वकर्मा जातीको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था दैलेख जिल्ला बडाभैरव गाउँ विकास समितिको एक समानशास्त्रीय अध्यान विषयक शोधपत्र यस विभागका आदरणिय गुरु एवं सहायक प्रध्यापक श्री आनन्द प्रसाद सुदेदी ज्यू को कुशल निर्देशनमा तयार पारिएको हो । अति व्यस्तताको वावजुद पनि समयको प्रवाह नगरी सदभावपूर्ण एंव मित्रवत तवरले प्राप्त भएको अमूल्य निर्देशन र सहयोग प्रति म सदैव र आभारी रही रहनेछु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक सरसल्लाह दिदै हौसला दिनु हुने श्रीमान क्याम्पस प्रमुख श्री केशर सिं राना तथा विभागिय प्रमुख कृष्ण वहादुर रेग्मी ज्यू का साथै अन्य विभागिय गुरुहरु प्रति आभार ब्यक्त्त गर्दछु । साथै शोधपत्र तयारीको क्रममा आवश्यक सुझाव सल्लाह तथा साहित्य सामाग्रीहरु उपलब्ध गराई सहयोग गर्नुहुने सम्पुर्ण मित्रवर्गको साथै विशेषगरी दैलेख जिल्लामा डि.एफ.आई डि. का कोअर्डिनेटर श्री पदम वहादूर विश्वकर्मा र वडाभैरव गा.वि.स.का सामाजिक परिचालक श्री मान वहादुर थापा प्रति सदैव ऋृणि सम्झेको छु । साथै यस विभागका अन्य गुरुवर्गहरु तथा कर्मचारीहरु र विशेष गरेर नारायण प्रसाद कँडेल को अमुल्य सहयोग को लागि आभारी छु ।

विभिन्न आर्थिक र व्यवहारीक कठिनाईहरु एवं समस्याहरुसंग जुझ्दै मेरो अध्यायनलाई यो अवस्थामा ल्याउने बल गर्नु हुने पूजनिय पीता श्री ढाल वहादुर खड्का एवं माता श्रीमती भविसरा खड्का भाइ शरद खड्का एवं वहिनीहरु भावना खड्का, भगवती खड्का र दीदी नन्दकला वुढा दाजु महेन्द्र कुमार वुढा र चन्द्रा शाही प्रति सदैव म ऋिणी रहनेछु । साथै कम्प्यूटर टाइप गरी सहयोग पुऱ्याउनुहुने ................................... लाई धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सोधिएका प्रश्नहरुको उत्तर दिएर सहयोग गरिदिनुहुने बडाभैरव गा.वि.स.का समपुर्ण विश्वकर्मा परिवार र विशेष गरी वडा नं.२ का विश्वकर्माहरु र सम्वन्धित वडा का शिक्षक,जनप्रतिनिधि,समाजसेवी एवं गा.वि.स. को आवश्यक जानकारी दिएर यो शोधपत्रलाई सार्थक वनाई दिनु भएकोमा आभारी छु ।      धन्यवाद

पदमवहादुर खड्का
२०६५ आश्विन

# विषय-सुचि


| शिर्षक | पेज नं. |
|---|---|
| शिर्षक पृष्ठ | I |
| सिफासि पत्र | II |
| स्वीकृति पत्र | III |
| कृतज्ञतापत्र | IV |
| तालिका सुचि | V |
| चित्र सुचि | V |
| विषय सुचि | VI-I |
| सोधसार | X |

| क्र.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| | **अध्याय-एक** | |
| | **परिचय** | |
| १.१ | **पृष्ठभूमि** | १-४ |
| १.२ | समस्याको कथन | ४-५ |
| १.३ | अध्ययनको उद्देश्य | ५ |
| १.४ | अध्ययनको महत्व | ५-६ |
| १.५ | अध्ययनको सिमा | ६-७ |
| १.६ | अध्ययनको संरचना | ७ |
| | **अध्याय-दुई** | |
| | **सन्दर्भ साहित्यको समिक्षा** | |
| २.१ | **परिचय** | ८-१० |
| २.२ | विश्वकर्मा जातिको उत्पति र विकास | १०-११ |
| २.२.१ | दैवी उत्पति तथा परम्परा | ११ |
| २.२.२ | रंगको सिद्धान्त | ११ |
| २.२.३ | गुणको सिद्धान्त | ११-१२ |
| २.२.४ | जन्म सिद्धान्त | १२ |
| २.३ | विश्वकर्मा जातिको नामाकरण,प्राचिनता एवं पुर्ख्यौली थलो | १२-१३ |
| | **अध्याय- तीन** | |
| | **अनुसन्धान बिधि** | |
| ३.१ | **अध्ययन क्षेत्रको छनौट** | १५ |
| ३.२ | अनुसन्धानको ढाँचा | १५ |
| ३.३ | अध्ययनको समग्रता तथा नुमना छनौट | १६ |
| ३.४ | तथ्यांकको प्रकृति | १६ |
| ३.५ | तथ्यांकको श्रोत | १६ |

| | | |
|---|---|---|
| ३.५.१ | प्राथमिक श्रोत | १६-१७ |
| ३.५.२ | द्वितिय श्रोत | १७ |
| ३.६ | तथ्यांकको संकलन प्रक्रिया | १७ |
| ३.६.१ | अर्न्तवार्ता | १७ |
| ३.६.२ | स्थलगत अवलोकन | १८ |
| ३.६.३ | सामुहिक छलफल | १८ |
| ३.७ | प्रमुख सूचनादाताहरु | १८ |
| ३.८ | तथ्यांकको प्रसोधन | १८ |


**अध्याय-चार**

**तथ्यांकको ब्याख्या तथा बिश्लेषण**


| | | |
|---|---|---|
| ४.१ | **अध्ययन क्षेत्रको परिचय** | १९-२० |
| ४.२ | जनसांख्यीकिय विवरण | २०-२१ |
| ४.३ | अध्ययन क्षेत्रका विश्वकर्मा जातिको जनसांख्यीकिय विवरण | २२ |
| ४.३.१ | जनसंख्या | २२ |
| ४.३.२ | विश्वकर्माको उमेरगत जनसंख्या विवरण | २३ |
| ४.४ | विश्वकर्माको शैक्षिक अवस्था | २३-२५ |
| ४.५ | तथ्यांकको प्रस्तुति एवं विश्लेषण | २५ |
| ४.५.१ | अध्ययन क्षेत्रका विश्वकर्मा जातिको ऐतिहासि पृष्ठभूमि | २५-२६ |
| ४.५.२ | शारीरिक बनोट तथा स्वभाव | २६ |
| ४.६ | सामाजिक अवस्था | २६ |
| ४.६.१ | अध्ययन क्षेत्रको सामाजिक संरचना | २६ |
| ४.६.२ | सामाजिक स्तरिकरण | २६-२७ |
| ४.६.३ | आश्रितदर | २७-२८ |
| ४.६.४ | विश्वकर्मा जातिको पारिवारिक विवरण | २८-२९ |
| ४.७ | सामाजिक ब्यवहार र विश्वासहरु | २९ |
| ४.८ | साँस्कृतिक निरन्तरता र सँस्कृतिकरण | २९-३० |
| ४.९ | विश्वकर्मा जातिको नातेदारि ब्यवस्था | ३०-३१ |
| ४.१० | विश्वकर्मा जातिको पर्म ब्यवस्था | ३१-३२ |
| ४.११ | विश्वकर्मा जातिमा महिलाको स्थिति | ३२ |
| ४.१२ | विश्व्कर्मा जातिको आर्थिक अवस्था | ३३ |
| ४.१२.१ | भू-स्वामित्व | ३३-३५ |
| ४.१२.२ | पशुपालन | ३५ |
| ४.१२.३ | पेशा | ३५-३६ |
| ४.१३ | स्वास्थ्य अवस्था | ३६ |
| ४.१४ | खानेपानी तथा सरसफाई | ३७ |
| ४.१५ | सामाजिक संस्कारहरु | ३७-३८ |
| ४.१५.२ | न्वारन अर्थात नामकर्म | ३८ |
| ४.१५.३ | पास्नी वा भात खुवाई | ३८ |
| ४.१५.४ | ब्रतवन्ध वा चुडाकर्म | ३९ |
| ४.१५.५ | विवाह | ३९-४१ |

| | | |
|---|---|---|
| **४.१५.६** | मृत्यू वा अन्त्यष्टि | ४१-४२ |
| **४.१५.७** | भाषा र वोलचाल | ४२ |
| **४.१५.८** | घरको वनावट | ४२ |
| **४.१५.९** | खानपान | ४२-४३ |
| **४.१६** | पहिरन र गरगहना | ४३ |
| **४.१७** | चाड पर्व | ४३-४४ |
| **४.१८** | पुजा तथा श्राद्ध | ४४-४५ |
| **४.१९** | विश्वकर्मा जाीतको अन्य जातिसंगको सम्बन्ध | ४५-४६ |
| **४.१९.१** | प्रत्यक्ष सम्पर्क हुने जातिहरु | ४६ |
| **४.१९.१.१** | सार्कि | ४६ |
| **४.१९.१.२** | दमाई | ४६-४७ |
| **४.१९.१.३** | बाहृमण तथा क्षेत्रीहरु | ४७ |
| **४.१९.२** | अप्रत्यक्ष सम्पर्कहुने जातिहरु | ४७ |
| **४.१९.** | राजनीतिक अवस्था | ४८ |
| **४.२०** | सामाजिक नियन्त्रण | ४८ |


**अध्याा-५**

**सारांश,निष्कर्श र सुझावहरु**

| | | |
|---|---|---|
| **५.१** | सारांश | ४९-५१ |
| **५.२** | निष्कर्श | ५१-५२ |
| **५.३** | सुझावहरु | ५२-५३ |

परिशिष्ट -१ सन्दर्भ समाग्रीको ग्रन्थ सुचि

परिशिष्ट -२ अध्ययनको क्रममा प्रयोग गरिएका नमुना प्रश्नावली

परिशिष्ट -३ विश्वकर्मा जातिको पेशा झल्काउने फोटोहरु

परिशिष्ट -४ अध्ययनको तालिका

परिशिष्ट -५ दैलेख जिल्लाको नक्सामा वडाभैरव गा.वि.स.

# अध्याय - एक
# परिचय

## १.१ पृष्ठभूमि

नेपाल एक भुपरिबेष्ठीत पहाडि मुलुक हो । जुन मध्ये दक्षिण एसियामा अवस्थित रहेको छ । यसको सिमाना पश्चिम दक्षिण र पूर्वमा भारत संग र उत्तर तिर चीन संग जोडिएको छ । नेपालले एसिया महादेशको २.३ प्रतिशत क्षेत्रफल ओगटेको छ । नेपाल दुई ढुङ्गाको तरुलको रुपमा रहेको कुरा हामी सवैमा सर्वविदितै छ । नेपाल समुन्द्रि सतह देखि लगभग ११२७ किलोमिटर टाढा रहेको छ । नेपालको क्षेत्रफल १४७१८१ वर्ग किलोमिटर रहेको छ । यसको पुर्व देखि पश्चिम (मेची देखि महाकालि) सम्मको सरदर लम्वाई ८८५ कि.मि.रहेको छ । र सरदर चौडाई १९३ कि.मि. रहेको छ । देशका मुख्य भागहरुमा अग्ला हिमश्रृङखलाहरु र पहाडहरु रहेका छन् । (पाण्डे,२०३८,P.४)

वास्तवमा भन्ने हो भने कतिपय विज्ञहरुले भु-परिवेष्ठितता नै नेपालको आर्थिक ब्यापारिकरण एवं औधोगिक उन्नतिको प्रमुख बाधक बनिरहेको छ भन्ने उल्लेख गरेका छन् ( सुवेदी २०६४/०६५) । नेपाल कृषि प्रधान देश भएकाले यहाँको करिव ९० प्रतिशत जनता कृषिमा आधारित छन् भने दैलेखको अवस्थालाई हेर्दा करिव ९२ प्रतिशत जनता कृषि पेशाले आफ्नो जीबिकोपार्जन गरिरहेका छन् (दैलेख जि.वि.स.२०६२) ।

नेपाललाई विकासको दृष्टिकोणले हेर्ने हो भने पाँच विकास क्षेत्र,चौध अञ्चल,पचहत्तर जिल्ला मा विभाजन गरिएको छ । यसरी प्रत्येक क्षेत्र अञ्चल र जिल्लामा सदरमुकामहरु रहेका छन् । नेपाल भौगोलिक विविधताले भरिपूर्ण देश हो । पारिस्थीक पद्धति एवं क्षेत्रअनुसार तीन भागमा वाँडिएको छ । जस्तै : हिमाल,पहाड र तराई प्रदेश । यहाँ समुन्द्र सतह देखि ७० मिटर उचाई देखि ८८४८ मिटर उचाई सम्मको भू-भाग रहेको छ । दैलेख जिल्लामा हेर्ने हो भने ५४४ मिटर देखि ४१६८ मिटर सम्मको उचाईमा रहेको भू-भाग रहेको पाईन्छ । (दैलेख जि.वि.स.२०६२) । यसरी यहाँको भौगोलिक विविधता संगै यहाँको हावापानीमा समेत विविधता रहेको छ । जमिनको स्वरुप,समुन्द्र सतह देखिको दुरी,आक्षाशं,वायुको स्वभाव,वनावट आदि कारणले नेपालको हावा पानीमा एकरुपता नभई विविधता पाईन्छ । जसलाई ५ भागमा वाँडिएको छ । जस्तैः उष्णमनसुनी,न्यानो समसितोष्ण,ठण्डा समसितोष्ण,लेकाली,हिमाली हावापानी (सुवेदी २०६३/०६४ ) । दैलेखलाई हेर्दा यहाँ उष्ण,समसितोष्ण,शितोष्ण,ठण्डा लेकाली खालको हावा पानी पाईन्छ (दैलेख जि.वि.स.२०६२) ।

नेपाल विगतमा एक मात्र हिन्दु अधिराज्यको रुपमा रहेता पनि हालै मात्र यो मुलुक धर्म निरपेक्ष राज्य घोषणा गरिएको छ (नेपाल सरकारको घोषणा,२०६३) । भौगोलिक क्षेत्रफलका हिसावले सानो देश भएता पनि जातिय,भाषिक,धार्मिक एवं भौगोलिक विविधताले भरिएको छ । विशाल नेपालको स्थापना गर्ने राजा पृथ्वीनारायण शाहले भने जस्तै यस देशमा विभिन्न जातिको वसोवास रहेको छ । वर्तमान समयमा नेपाल सरकारले जातीय उन्मुलनको घोषणा गरेता पनि पुरातन मान्यता र सोचाई सामाजिक संस्कार एवं कुरिति तथा हिन्दु ब्राह्मणवादी सोचाईले वर्तमान २१ औं शताब्दि सम्म पनि यस देशमा वसोवास गर्ने जातिहरुलाई छुत-अछुत भनि बिभक्त गरेको पाईन्छ (नेपाली, एम.एल.२०५४) ।

नेपलमा अछुत भनिने जातिको जनसंख्या करिव ३०,३०,०६७ अर्थात १३.०८५ प्रतिशत भएको उल्लेख भएता पनि सवैमा एकरुपता भने पाईएको छैन (के.त.बि.२०५८) । उल्लेखित ३० लाख जनसंख्या भन्दा वढि जनसंख्या ओगटेका यस्ता जातिहरु मध्येको एउटा जाति विश्वकर्मा (कामि) जाति पनि एक हो । विश्वकर्मा जाति हिन्दु समाजमा वर्ण ब्यवस्था अनुसार माथि उल्लेख गरिएझैं पानी नचल्ने छोई छिटो हाल्नु पर्ने जाति मध्ये पर्दछन् ।

हिन्दु समाजमा प्राचिनकालदेखि चल्दै आएको सामाजिक विभाजनलाई वर्ण ब्यवस्थाका रुपमा लिने प्रचलन रहेको छ । जाति ब्यवस्थाको ईतिहासलाई हेर्दा नेपालको ईतिहास पुरानो रहेको पाईन्छ (विश्वकर्मा, २०६३) । नेपालमा विभिन्न जातजातिको आगमन भई समाज ज्यादै जटिल बन्दै गएकोले १४ औं शताब्दिमा राजा जयस्थिती मल्लले हिन्दु परम्परा र विधान अनुसार पुर्नगठन गरेको पाईन्छ । शाहकालको उदय भए पश्चात पनि जाति अनुसारको पेशा ब्यवस्थाले निरन्तरा पाईनै रह्यो । जुन ब्यवस्थाले राम शाहको शासनकाल देखि कडा रुप लियो ।

तथापि नेपाल सरकारले धर्म,वर्ण,लिङ्ग, र जातजाति बिच कुनै भेदभाव नगरिने संवैधानिक ब्यवस्थाको प्रावधान गरिएको भएता पनि ब्यवहारमा लागु भने हुन सकेको छैन । त्यसकारण अझै पनि नेपाली समाजमा परम्परागत जातिय प्रथा जकडिएको छ (मुलुकि ऐन, २०२०) ।

यद्यपी समयको चक्र संगै सामाजिक रुपान्तरणको निमानुसार यस क्षेत्रमा आंशिक परिर्वतन देखा नपरेको भने होईन तर पनि सोचे अनुसारको विकास हुन नसकेको कुरालाई भने स्वीकार्नै पर्दछ । यो सामाजिक भेदभावपूर्ण नियतिवाट अन्य अछुत जातिहरुका साथसाथै नेपालमा वसोवास गर्ने बिश्वकर्मा (कामि) जाति पनि भिन्न रहन सकेको छैन ।

नेपालको दलित र उत्पिडित जाति भित्र पर्ने आर्य हिन्दु समुदाय वा शाखा अर्न्तगत पर्ने विश्वकर्मा जाति पनि एक हो किन भने यो जातिको भाषा,सँस्कृति र शारीरिक वनावट सवै दृष्टिले आर्य हिन्दु जस्तै रहेका छन् । यो जाति वि.सं. २०५८ को जनगणना अनुसार नेपालमा २,२७,३६,९३४ जनसंख्या रहेको देखिन्छ । जसमध्ये पुरुषकोसंख्या १,१३,५९,३७८ र महिलाको संख्या १,१३,७७,५५६ रहेको पाईन्छ (के.त.बि.२०५८ ) ।

दैलेख जिल्लाको कुल जनसंख्या २,२५,२०१ मध्ये दैलेख जिल्ला वडाभैरव गा.वि.स. मा कुल घर संख्या ५६४ तथा जनसंख्या २,८८६ मध्ये विश्वकर्मा जातिको घर संख्या १६४ र जनसंख्या ९४७ रहेको छ (स्थलगत सर्वेक्षण, २०६३) । शताब्दिऔं देखि अशिक्षा र अज्ञानतामा रुमल्लिएर परम्परागत ब्यवस्थामा संलग्न रहेको विश्वकर्मा जाति सामन्तवादी जातिय ब्यबस्था र उपल्लो वर्गवाट तिब्र मार खेप्दै आएका छन् । बि.सं.२०२० मा लागु भएको मुलुकी ऐनले विद्यमान जातपात र छुवाछुतलाई कानुनी रुपमा हटाए पनि यहाँको समुदायमा विश्वकर्मा जातिलाई हेर्ने दृष्टिकोण र गर्ने ब्यबहारमा खासै परिर्वतन भएको छैन । यो जाति मतवाली जाति अर्न्तगत पर्ने भएकोले मासु,जाँड,रक्सि यीनिहरुको विषेश परिकारको रुपमा रहेको देखिन्छ । स्वयं विश्वकर्मा (कामी) जातिहरु पनि आफुलाई माथिल्लो हिन्दु जातिवाट अपहेलित भएको महशुस गर्दछन । साथै आफु भन्दा तलको जातिलाई अछुत भन्ने प्रवृति यो जातिमा पनि विद्यमान रहेको छ ।

नेपालमा अधिकांश दलितहरु जस्तै यस अध्ययन क्षेत्रका विश्वकर्मा (कामी) जातिहरु अझै पनि विष्ट कमाउने गर्दछन अर्थात समानुकुल आयको श्रमलाई मुद्रामा वा पैसामा

रुपान्तरण गर्ने कार्यको थालनी अझै हुन सकेको छैन । जसले गर्दा वर्षौ देखिको यिनिहरुको आर्थिक हैसियतमा कुनै फेरवदल आएको देखिदैन । यस अध्ययन क्षेत्रका केहि पुरुषहरुले सुनचाँदीका गरगहना वनाउने,फलामका भाँडा तथा औजारहरु गराउने, तामा तथा पितलका भाँडाहरु निर्माण तथा मर्मत गर्ने गर्दछन्  भने केहिले अरुको खेतवारीको काम गरिदिने र केहि छिमेकि राष्ट्र भारतमा गई जयाला मज्दुरी गरेर जीवीकोपार्जन गर्दै आईरहेका छन् । आजकाल केहि पुरुषहरु सेना तथा पुलिसमा नोकरी गर्दै आईरहेका छन् ।

जातिय स्तरिकरणको सवालमा विश्वकर्मा जाति दलित भित्रको पनि निम्न वर्गमा पर्छ । चार जात मध्ये व्राहृमण,क्षेत्री,वैश्य र शुद्र गरी विभाजन गरेकोमा विश्वकर्मा (कामी) शुद्र अर्न्तगत पर्दछन । हालै मात्र नेपाल सरकारको उपेक्षित उत्पिडित दलित जातिय उत्थान बिकास समितिले नेपालमा २२ थरीका दलित जाति रहको उल्लेख गरेको छ । जस मध्ये विश्वकर्मा पनि एक हो (विश्कर्मा, २०६३) । जातिय क्रमवद्धताको स्तरलाई हेर्ने हो भने दलित जाति भित्र कामि सुनार विश्वकर्मा,लोहार,सार्कि आदि भने सुचिकृति गरिएको छ ।

समाजशास्त्रीय/मानशास्त्रीहरुले जातिय व्यवस्थाको उत्पति,पेशागत विकास र ब्राहमणीय सिद्वान्तका सम्वन्धमा गरेको विस्तृत अध्ययन अनुसार नेपालमा जाती व्यवस्थाको प्रारम्भ ब्राहमणीय सिद्वान्तवाट नै भएको देखिन्छ । किरात राजा र प्रजाहरु आफनो धर्म,रितिरीवाज,परम्परा,मुल्य र मान्यता अनुसार नै चलेका थिए । उनीहरुले वर्ण व्यवस्थालाई प्रोत्साहन दिने गतिविधि र क्रियाकलाप गरेको पाईदैन । किराँत राजाको पतन पछि राजा हुने अवसर पाएका लिच्छवि राजाहरुले वर्ण व्यवस्था र जातीय छुवाछुत लाई संस्थागत गरेका थिए।

मध्यकालका राजा जयस्थिति मल्लले शुभारम्भ गरेको वर्ण व्यवस्था,पूर्वि तराईमा विध्यमान रहेको जातपात र छुवाछुतको पन्जिकरण प्रथा, गोरखाका राजा राम शाहले व्यवस्थित गरेको वर्ण व्यवस्था, कर्णाली क्षेत्रमा इसापूर्व १३३८ देखी बढ्दै गएको वर्ण व्यवस्थाको कारणले मध्यकालमा वर्ण व्यवस्थाले प्रशस्त्र रुपमा फैलीने मौका पाएको देखिन्छ  (विश्वकर्मा, २०६३) । वि.स.१९१० को मूलुकी ऐनले नेपाली समाजको जातपात र छुवाछुत प्रथालाई झन कठोर वनाउने काम गऱ्यो । १९१० को मुलुकी ऐनले नेपाली समाजलाई पानी चल्ने र नचल्ने जातमा विभाजन गरेको थियो  (नेपाली, २०५६ ) ।

राजा महेन्द्रवाट वि.सं.२०२० मा नयाँ मुलुकी ऐन जारी भएपछि कानुनी रुपमा त छुवाछुत प्रथा हटेको छ वा उन्मुलन भएको छ । नेपाल अधिराज्यको संविधान २०४७ ले सवै नागरीककलाई समानताको प्रत्याभूति गरेको थियो । दुवैले  छुवाछुतलाई कानुनी र संबैधानिक रुपमा निशेध गरेका थिए । सरकारले जातिय छुवाछुतको मुद्दालाई सरकारवादी मुद्दा वनाई सकेको छ । यसका साथै हालै मात्र संसदवाट जारी भएको अन्तरिम संविधान २०६३ को भाग ३ अर्न्तगत रहेको धारा १४ को १ मा कुनै पनि ब्यक्तिलाई जात,वंश,समुदाय वा सोको आधारमा कुनै किसिमको छुवाछुत तथा जातिय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण ब्यवहार दण्डनिय हुनेछ र पिडित ब्यक्तिले कानुन द्वारा निर्धारण भए वमोजिम क्षतिपूर्ति पाउने छ  भन्ने उल्लेख गरिएको छ (अन्तरिम संविधान,२०६३) ।  यसरी कानुनी काजगमा जातिय छुवाछुतको वारेमा उल्लेख भएता पनि ब्यवहारमा भने यसको हाल सम्म अन्त्य हुन सकेको छैन । जातिय छुवाछुतकै कारण दलितहरु आर्थिक,राजनीतिक,शैक्षिक,सामाजिक लगाएतका अधिकारवाट बञ्चित भएका छन् ।

दक्षिण एसियामा नै निकै सघनरुपमा कायम रहेको छुवाछुतलाई उन्मुलन गर्न वनेका कानुनहरु कार्यान्वयन गर्ने निकायको उदासिनताको कारण ब्यवहारको कसिमा जाँचिन सकेका

छैनन् । समााज परिर्वतनका निम्ति वनेका कानुनहरुको प्रभावकारीता नभएकै कारण दलित माथि जातिय रुपमा ज्याजति गर्नेहरु समाजमा धाक,रवाफ र ईज्जतको वडप्पन देखाउदै हिडिरहेका छन् । धेरैलाई छुवाछुत मानविय अपराध हो भन्ने समेतको वास्ता छैन । जातिय छुवाछुतलाई अझै पनि बहुसंख्यक कथित उच्च जातिहरुले एउटा सँस्कृतिको रुपमा अवलम्वन गरेकाले यसलाई मानविय अपराध सावित गर्नका लागि मूलभुत रुपमा राज्यका संयन्त्रहरुले देशब्यापि अभियान छेड्नै पर्छ ।

दलित - दलित भित्र भएको अन्तरजातिय छुवाछुतलाई पनि यस प्रसंगमा उल्लेख गर्नु नितान्त आवश्यक र अनिवार्य रहेको  छ । गैह्र दलित तप्कावाट छुवाछुत भोग्ने विश्वकर्माहरुले सार्कि,दमाई लगाएत प्राय सवै जातका दलितहरुलाई,सार्किले कामि वाहेकका सवै दलितलाई तथा दमाईले कामि र सार्कि वाहेकका वाँकी सवै दलितहरुलााई भेदभाव गर्दै आएका छन् । यसरी जातिय स्तरीकरणलाई हेर्दा विश्वकर्मा दलितहरुको स्थान मध्ये अग्रणी स्थानमा र ब्राह्मण,क्षेत्री र वैश्य भन्दा तल्लो दर्जामा रहकेको छ । त्यसैले आजको २१औं शताब्दिको परिवर्तनमा पनि आफ्नो छुट्टै पहिचान रहेको विश्वकर्मा (कामी) जातिको समाजिक, साँस्कुतिक तथा आर्थिक पक्षको वारेमा अध्ययन अनुसन्धान गरी समस्याको उत्खनन् गरि समस्या समाधानमा ध्यान दिनु नितान्त आवश्यक हुन्छ ।

## १.२ समस्याको कथन

नेपाल एक बहुजातिय,बहुभाषिक,बहुसँस्कृतिक तथा बहुधार्मिक राष्ट्र हो । नेपालको कुल जनसंख्या मध्ये ४२.५ प्रतिशत जनसंख्या निरपेक्ष गरिविको रेखामुनि वाँचिरहेका छन् ( निरौला,२०५३) । जस मध्ये धेरै जसो समाजमा रहेका तल्ला जातहरुमा विश्वकर्मा,सार्कि,दमाई,गाईने,पोडे,च्यामे आदि पर्दछन् । जो अति भन्दा अति गरिव छन् । जसको मुख्य कारणमा कृषि योग्य भूमिको अभाव ,गरीवी,चेतनाको कमि,अशिक्षा आदि पर्दछन् । यीनै विविध समस्याहरु भोग्नु परेका जातिहरु मध्ये विश्वकर्मा (कामी) पनि एक हो । नेपालमा वसोवास गरिरहेका एउटै जातिको पनि स्थान अनुसार रहनसहन,भेषभुषा,सामाजिक क्रियाकलाप तथा आर्थिक पक्ष आदि भौगोलिक वातावरण अनुसार फरक-फरक हुन्छन् ।

देशका प्रायः सवै क्षेत्रमा वसोवास गर्दै आएका विश्वकर्मा जातिका वारेमा स्वदेशी तथा विदेशी समाजशास्त्री/मनवशास्त्री तथा विद्धानहरुले प्रयाप्त अध्ययन अनुसन्धान भएको पाउन सकिदैन । देशका विविध क्षेत्रमा हुने क्रियाकलापमा यस्ता अध्ययन अनुसन्धानले महत्वपूर्ण भूमिका खेल्न सक्छन् । विश्वकर्मा जाति नेपालका विभिन्न स्थानहरुमा अन्य माथिल्ला जातिका मानिसहरु संग अर्न्तनिर्भर रहेर वसोवास गर्दै आईरहेका छन् । निर्भरता यस अर्थमा छन कि तिनीहरु विभिन्न प्रकारका पेशाहरु वा क्रियाकलापमा संलग्न रहेका छन् । जस्तै : फलामको काम गर्ने,काठको काम गर्ने,सुन चाँदीका गरगहना बनाउने, खेतवारी जोत्ने, गिटि कुट्ने आदि काममा माथिल्लो जातको मानिसहरुलाई सहयोग गर्ने र आफ्नो जीवीका धान्नको लागि पनि यस्तो काम गर्ने गर्दछन । यी पेशा तथा क्रियाकलापहरु तिनीहरुलाई काम गर्नका लागि तोकिएको हुन्छ र यीनिहरु ती विभिन्न पेशाहरु मार्फत माथिल्ला जातिहरुको सेवा गर्ने तिनिहरुको दायित्वको रुपमा लिने गर्दछन् । विगत देखि नै यी जातिहरु उच्च जातिहरु संगै वसोवास गर्दै आईरहेको पाईन्छ । समयको प्रवाह संगै उच्च जातिका परम्पराहरु र जीवन पद्धतिको अनुसरण गर्दै परिर्वतन भईरहेको पाईन्छ तर अनुसन्धानको कमिको कारणले गर्दा धेरै प्रश्नहरु जस्तो : तिनिहरु को हुन ? तिनीहरुले आफ्नो जीवीका कसरी निर्वाह गरिरहेका छन् ? तिनिहरुको पविर्तन समयानुकुल भएको छ कि छैन ? कस्ता प्रकारका परिवर्तनहरु स्पष्ट रुपमा

देखिएका छन् ? के तिनीहरुका परिवर्तनहरु अनुसराणात्मक हुन वा होईनन् ? यदि परिवर्तनहरु देखिएका छन भने जीवनका कुन पक्ष संग सम्वन्धित छन् ? कुन तहका मानिसहरु उच्च स्तरको सामाजिक गतिशिलतामा लागेका छन् ? जस्ता प्रश्नहरुको अझै उत्तर पाउन सकिएको छैन । त्यसैले यी प्रश्नहरुको उत्तर पाउनको लागि विश्वकर्मा जातिको जनजीवन र सँस्कृतिका विविध पक्षहरुका वारेमा अध्ययन गर्न खोजिएको छ । यो अध्ययन वाट यो जातिको ऐतिहासिक पक्ष,सामाजिक,आर्थिक र सामाजिक जनजीवनमा देखिएका समस्याहरुलाई अध्ययनको विषयवस्तुको रुपमा लिईएको छ । विगतको अनुसन्धाान योजना समेतको सहयोगलाइ आधार मानेर यस अध्ययनले विभिन्न विषयवस्तु खोतल्ने प्रयास गरेको छ :-

क) विश्वकर्मा समुदायमा सामाजिक,साँस्कृतिक एवं आर्थिक अवस्थामा के कस्ता परिवर्तन आएको छ र ती परिवर्तन आउनुका कारणहरु वारे प्रभावकारी अध्ययन नहुनु ।

ख) विश्वकर्मा जातिको वर्तमान सामजिक,साँस्कृतिक अवस्था ओझेलमा पर्नु ।

## १.३ अध्ययनको उद्देश्य

विश्वकर्माहरुको सामाजिक,साँस्कृतिक र आर्थिक अवस्थाको समाजशास्त्रीय दृष्टिकोणवाट अध्ययन गर्नु यस सोधपत्रको सामान्य उद्देश्य हो भने अध्ययनको विशिष्ट उद्देश्यहरु तपशिल वमोजिम रहेका छन् :-

- (१) अध्ययन क्षेत्रका विश्वकर्मा जातिहरुको सामाजिक,साँस्कृतिक तथा आर्थिक अवस्थाको विश्लेषण गर्ने ।
- (२) अध्ययन क्षेत्रका विश्वकर्मा जाति र अन्य जातिहरुको विचको सम्वन्धलाई विवेचना गर्ने ।
- (३) विश्वकर्मा जातिको सँस्कृतिकरण प्रक्रियाको वारेमा अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्त्व

नेपाल भौगोलीकरुपले एक सानो देश भएर पनि नेपाल बहुजातिय,बहुभाषिक,बहुधार्मिक र बहुसँस्कृति भएको देश हो । नेपालमा वसोवास गर्दै आईरहेका विभिन्न जातिहरु मध्ये शुद्र जातिमा पर्ने अछुत जातिहरु विश्वकर्मा,सार्की,गाईने,दमाई आदि ब्यापक गरीवी र अशिक्षाको सिकार भएका छन् । समाजमा अछुत मानिने यी जातिहरु उच्चजाति मानिएका तथा कहलिएका तागाधारीहरुको आसपासमा वसोवास गर्दै आएको भएता पनि यिनिहरुको सामाजिक तथा आर्थिक अवस्था भने धेरै दयनिय रहेको पाईएको छ । वर्तमान समयमा विद्यमान रहेको जुनसुकै समाजहरु पनि दिनप्रतिदिन परिवर्तन भईरहेका छन् । यस्तो प्रकारको पविर्तनलाई विभिन्न अनुसन्धानकर्ताहरुले विभिन्न समयमा विभिन्न अनुसन्धानहरु गरि ध्यानाकर्षण गरेका छन् । धेरै अनुसन्धनावाट सामाजिक-साँस्कृतिक परिवर्तन (Socio-Cultural change) को वारेमा नयाँ विचारहरु आउन सकिरहेका छैनन् । यो अध्ययनले विश्वकर्मा जातिको सामाजिक, साँस्कृति परिवर्तन,यो जातिको लम्विय गतिशिलता (Upward mobility)को वारेमा समेत अध्ययन गर्ने छ । यो अध्ययनवाट विश्वकर्मा जातिको विभिन्न पक्षहरु जस्तो :- सामाजिक,साँस्कृति,आर्थिक,शैक्षिक,राजनैतिक पक्षहरुमा सामान्य रुपमा स्पष्ट पार्ने छ । यो अध्ययनवाट विश्वकर्मा जातिको वारेमा वढि भन्दा वढि तथ्यांकहरु तथा आवश्यक

जानकारीहरु प्राप्त हुनेछन् । यसले आगामि दिनहरुमा गरिने अनुसन्धानहरुलाई समेत सन्दर्भ सामाग्रीहरुको रुपमा सहयोग गर्ने छ साथै यो जातिको वारेमा जानकारी लिन चाहने ब्यक्तिहरुलाई पनि सहयोग गर्नेछ । एवं प्रकारले ब्यवहारिक दृष्टिकोणवाट समाजशास्त्र तथा मानवशास्त्रको क्षेत्रमा सँस्कृतिकरण प्रक्रियाको वारेमाजानकारी हुनेछ । जुन विशेष गरेर हिन्दु अछतु जातिहरुको अध्ययनवाट राष्ट्रको विभिन्न पक्षहरुमा नीतिनिर्माण र कार्यक्रम निर्माताहरुलाई विकास र कल्याणकारी कार्य गर्नमा सहयोग पुग्नेछ । यस अध्ययनको महत्व वारे वुदागतरुपमा तल उल्लेख गरिएको छ :-

(१) समाजशास्त्र तथा मानशास्त्र विषय अर्न्तगत समाजशास्त्र विषयको स्नात्तकोत्तर तह द्धितिय वर्षको आंशिक आवश्कता परिपूर्ति गर्ने ।
२) विश्वकर्मा जातिको वास्तविक सामाजिक,साँस्कृतिक,अर्थिक,शैक्षिक र राजनैतिक अवस्था
र परिवर्तनको मुल्यांकन गर्न सघाउ पुऱ्याउने ।
३) उच्च जाति र अछुत जाति विचको सम्वन्ध पत्ता लागाई लम्विय गतिशिलता ( Upward mobility) को वारेमा अध्ययन गर्ने ।
४) सामाजिक विभेदको कारण उत्पन्न समस्याहरु पत्ता लगाउने ।
५) समान प्रकृतिका अन्य अनुसन्धानहरुमा सघााउ पुग्ने छ ।
६) विश्वकर्मा जातिको दैलेख जिल्लामा कुनै पनि अध्ययन नभएकोले यो जाति संग सम्वन्धित विविध पक्षहरुको वारेमा अध्ययन गर्ने ।
७) विश्वकर्मा जातिको विकासको लागि योजना तर्जुमा गर्न,नीति-निर्माण गर्न सघाउ पुग्नेछ ।

## १.५ अध्ययनको सिमा

कुनै पनि अध्ययन अनुसन्धान गर्दा यसको आफ्नै निश्चित परिधि हुन्छ । त्यसैले जो सुकै सोधकर्ता ले पनि सिमित परिधिको घेरामा रहनु पर्ने हुन्छ । सिमित श्रोत साधन र मानव शक्तिको अलवा सोध योजनाको तर्जुमा गरिएको हुन्छ । नेपालका प्रत्येक भागहरुमा छरिएर रहेका विश्वकर्मा जातिको अध्ययन एउटा ब्यक्तिको प्रयासवाट मात्र सम्भव छैन । त्यसैले प्रस्तुत अध्ययन विश्वविद्यालय अर्न्तगत स्नात्तकोत्तरतहको सोधपत्र विषयको आंशिक आवश्कता पुरा गर्नको लागि तयार गरिने हुदाँ सिमित भौगोलिक परिधि भित्र रहेर विश्वकर्मा जातिको अध्ययन गरिएको छ । कुनै एउटा जाति विशेषको अध्ययन गर्दा सम्पूर्ण समुदायको प्रतिनिधित्व नभएता पनि समग्र भौगोलिकतामा भने त्यती धैरै फरक नआउने भएकाले दैलेख जिल्लामा रहेको वडाभैरव गा.वि.स. वडा नं.२ लाई अध्ययन क्षेत्रको रुपमा लिईएको छ । अध्ययनको क्रममा प्राप्त तथ्यांकहरुलाई तुलनात्मक अध्ययन गरिएको छ र विश्वकर्मा जातिको जनजीवन र साँस्कृतिक पक्षको अध्ययनवाट प्राप्त प्रथम र द्धितिय श्रोतवाट प्राप्त तथ्यांकको निचोड पछिको सामान्यीकरणले सम्पूर्ण विश्वकर्मा जातिको प्रतिनिधित्व नगरेको पनि हुनसक्छ । विशेष गरेर प्रश्नावली द्धारा तथ्यांक संकलन गर्ने क्रममा भन्दा पनि अर्न्तवार्ताको क्रममा गुणात्मक सुचनाहरुमा सहि तथ्य प्राप्त नभएको हुन सक्छ तर पनि तथ्यांकको ब्याख्या र विश्लेषणलाई समय सापेक्ष बैज्ञानिक एवं वस्तुनिष्ठ वनाउने कोशिस गरिएको छ । तैपनि समय,मानवीयश्रोत,साधान,ब्यवहारिक ज्ञान,भाषिक ज्ञान आदिको अप्रयाप्तता र कमि कम्जोरीको कारणले सोधपत्र प्रस्तुतीकरणको

क्रममा केहि कमि तथा कमजोरीहरु देखिन सक्छन । वुदागत रुपमा यस अध्ययनको सिमालाई यसप्रकार उल्लेख गरिएको छ :-

- अध्ययन क्षेत्र दैलेख जिल्ला वडाभैरव गा.वि.स. को वडा नं.२ मा मात्र सिमित हुनेछ ।
- वडानं.२ मा मात्र अवस्थित २६ घरधुरी र उक्त घरधुरीमा वसोवास गर्ने सम्पूर्ण जनसंख्याको अध्ययन गरिनेछ ।
- विश्वकर्मा जातिको सामाजिक,आर्थिक र साँस्कृतिक पक्षहरुको मात्र अध्ययन गरिनेछ ।
- यस अध्ययनमा ब्याख्यात्मक र विश्लेषणात्मक विधि (Descriptive and analytical Method) प्रयोग गरिनेछ ।
- तोकिएको नमुना छनोट गर्नका लागि संगणना विधि (Sensus Method) प्रयोग गरिनेछ ।

## १.६ अध्ययनको संरचना

प्रस्तुत अध्ययनलाई निम्न पाँच अध्यायमा विभाजान गरि प्रतिवेदन तयार गरिएको छ :-

**अध्याय १ :- परिचय**

यस अध्यायमा पृष्ठभूमि, समस्याको कथन,अध्ययनको उद्देश्य,अध्ययनको महत्व,अध्ययनको सिमा तथा अध्ययनको संरचना समावेश गरिएको छ ।

**अध्याय २ :- सन्दर्भ सामाग्रीको समिक्षा**

यस अध्यायमा विश्वकर्मा जातिको उत्पति र विकास,विश्वकर्माको नामाकरण,विश्वकर्मा जातिको प्राचिनता,साहित्यको अध्ययन,विश्वकर्मा जातिको वनावट आदिलाई सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गरिएको छ ।

**अध्याय ३ :- अनुसन्धान विधि**

यस अध्ययायमा अनुसन्धान सम्वन्धि ढाँचा,नमूना छनोटका प्रक्रिया,तथ्यांक संकलनका विभिन्न विधिहरुका वारेमा उल्लेख गरिएको छ ।

**अध्याय ४ ब्याख्या तथा विश्लेषण**

यस अध्ययनमा अनुसन्धानको क्रममा प्राप्त तथ्यांकलाई विभिन्न तालिकामा उल्लेख गरिएको छ । साथै तथ्यांकको विश्लेषण गर्नका लागि ब्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

**अध्याय ५ सारांस , निष्कर्श र सुझावहरु**

विभिन्न तथ्यांकहरुको आधारमा यस अध्ययनवाट निर्क्यौलमा आएका निष्कर्श,उपलब्धि र सुझावहरुलाई संक्षिप्त रुपमा यस अध्यायमा उल्लेख गरिएको छ ।

# अध्याय-दूई
# सन्दर्भ साहित्यको समिक्षा

## २.१ परिचय

दैलेख जिल्ला अर्न्तगत वडाभैरव गा.वि.स.का “विश्वकर्मा जातिको सामाजिक,साँस्कृतिक तथा आर्थिक अवस्था” एक अध्ययन शिर्षकको सोधपत्रको लागि सहयोग पुऱ्याउन सोधपत्र तथा त्यस संग सम्वन्धित प्रकाशित कृतिहरु ज्यादै न्यून रहेका छन् । अतः स्थलगत अवलोकन ,प्रश्नावलीमा आधारीत भएर,गा.वि.स.को कार्यालय लगाएतका अन्य संघ संस्थाहरुवाट उपलब्ध गराईएका तथ्यांकहरु यस सोधपत्रको मूलश्रोत भएका छन । यति हुँदा हुदै पनि नेपाली समाजको विविध पक्षहरुमा रुपरेखा प्रस्तुत गर्ने क्रममा यस जातिका वारेमा चर्चा गरिएका र सम्वन्धित रहेका निम्न कृतिहरु यस सोधपत्रका लागि आंशिक रुपमा उपयोगी तथा मार्गदर्शक रहेका छन :-

खत्री,(२०५० बि.सं.) का अनुसार “ प्राचिन काल देखि वर्तमान काल सम्मको नेपाली समाज र सँस्कृतिको संक्षिप्त झलक” नामक पुस्तकले यस जातिको वारेमा केहिकुरा उल्लेख गरेको छ । यस पुस्तकमा आर्य - हिन्दु जातिको उत्पति र विकासका साथै वर्णाश्रम धर्मको शिलशिलावद्ध विकास वारे चर्चा गरिएको छ । नेपालको सन् १९५० भन्दा अगाडी राणाहरुले शासन गरिरहेको अवस्थामा कनै पनि स्वदेशी तथा विदेशी अध्ययन अनुसन्धानकार्ताहरुलाई अध्ययन गर्न सरकारी तवरवाट स्वीकृती दिईएको थिईएन । त्यसैले त्यस अवस्थामा जाति,जनजातिहरुका वारेमा त्यस्तो कुनै आधिकारिक लेख  र पुस्तकहरु प्रकासित भएको देखिदैन । तैपनि त्यस समयमा केहि व्रिटिश सैनिक कर्मचारीहरु,ब्यापारीहरु र क्रिश्चियन धर्म प्रचारकहरुवाट नेपालको वारेका केहि लेखहरु लेख्ने प्रयत्न भएको देखिन्छ । जसमा वि.हड्सन्,एफ.ह्ुयामिल्टन र डब्लु कर्क प्याट्रिक आदिलाई लिन सकिन्छ ।

सन् १९५० पछि नेपालमा प्रजातन्त्रको आगमन संगै नेपालको प्रजातान्त्रिक सरकारले खुलानीति अर्न्तगत विभिन्न विदेशी तथा स्वदेशी अनुसन्धानकर्ताहरुले आफ्नो अध्ययनलाई अगाढी वढाएको पाईन्छ । यसरी सुरुमा अध्ययन गर्ने क्रममा वढि मात्रामा जातिय अध्ययन (Ethnographic Study) भएको देखिन्छ । यस क्षेत्रमा योगदान दिने विदेशी अध्ययन अनुसन्धानकर्ताहरुमा होईमेण्डफ (१९६४) ले शेर्पाको वारेमा “ The Sherpas of Nepal Buddhist high lander ” , त्यसै गरि सेरी वी अर्टनर (१९७५) मा शेर्पाको वारेमा“Sherpas through thir rituals” ,जे.टी.हिटचोकले मगरहरुको वारेमा “ Magars of Banyan Hill” वनौट पिगनेड ले गुरुङ्गहरुको वारेमा “ The Gurungs ,१९७२ ” र एम.ग्यावश्लि १९७२ मा मुसलमानहरुको वारेमा अध्ययन गरेको पाईन्छ । त्यसै गरि विशेषत दलित जाति र त्यस भित्रको एउटा जाति विश्वकर्माको वारेमा धेरै अध्ययन भएको नपाईएता पनि यस सम्वन्धि विभिन्न ब्यक्ति,संघसंस्थाले ब्यक्त गरेका विचारहरु यहाँ उल्लेख गर्न वढि सान्दर्भिक लागेको छ ।

मनुका अनुसार अछुत शुद्र भन्नाले निम्न कुराहरुलाई जनाउँछ :- युद्धमा कैद भएका,पेटभर्नका लागि दासत्व स्वीकार गरेका,घरकी दासीपुत्री,खरिद गरिएको मनुष्य,दानमा प्राप्त भएको मनुष्य तथा जसका पिता दास भएका हुन (नेपाली,२०५६) ।

ब्राह्मणसंग सत्यको, क्षेत्रीयसंग शस्त्र र वस्त्रको,वैश्यसंग गार्य,अन्न,सुवर्ण र शुद्र संग पाप लाग्ने विषयको सपथ गराउनु पर्छ । साथै काम परेका खण्डमा सम्वन्ध नभएका शुद्रको धन पनि ब्राह्मणले नि:संकोच लिन पाउछ किन भने शुद्रको आफ्नो केहि पनि धन हुदैन र जे जति छ त्यो सवै उसको मालिकको नै हो (लुईटेल,२०६१) ।

कुनैपनि देशमा अछुत जातिहरुको संख्याले त्यस देशको कुल जनसंख्याको प्रतिनिधित्व गर्न सक्दैन किनभने अछुत जातिको जनसंख्या राष्ट्रको जनसंख्याको तुलनामा एकदमै न्यून रहेको छ (हुफर,१९७९) ।

अछुतहरुले सार्वजनिक प्रशासनमा काम गरेतापनि यिनिहरुलाई निम्न स्तरको पारीश्रमिक दिईन्छ । यिनिहरुको आर्थिक अवस्था कम्जोर भएकोले जीवीका निर्वाह गर्न उच्च जातमा आश्रित रहन्छन् (Gaige,1977) ।

Tribal Ethnography ( Vol I and II ) मा नेपालको विभिन्न दलित जातिहरु गाईने,सार्कि,मुसहर,कामि,डोम,वादी आदि जातिहरुको ब्याख्या भएको पाईन्छ (Gautam & Thapa,1994) ।

नेपालमा वसोवास गर्ने सम्पूर्ण मानिसलाई हिन्दु वर्णाश्रम ब्यवस्था अनुसार चारजात छत्तिसवर्णमा विभाजन गरिएकोमा पछि वि.स.१९१० सालमा राजा सुरेन्द्र वीरवीक्रम शाहले तागाधारी,मतवाली,पानी नचल्ने,छोईछिटो हाल्नु पर्ने गरि चार भागमा विभाजन गरे (शर्मा,वि.स.२०४२) ।

नेपालमा दलित जातिहरु माथिल्लो जातिद्वारा आफुहरु हेपिएको र सोसिएको महसुस गर्छन तर यिनिहरले माथिल्लो जातिको सधैं विरोध गर्न सकिरहेका छैनन । देशमा दलित समुदायको सामाजिक, आर्थिक,शैक्षिक एवं धार्मिक स्थलमा सुधार गरि उनिहरुलाई देश विकासको मूल प्रवाहमा सामेल गराउने तत्कालिन सरकारको नीति अनुरुप उपेक्षित,उत्पिडित र दलित वर्ग उत्थान विकास समिति २०५४ स्थापना भएको छ (स्थानिय विकास मन्त्रालय,२०५४) ।

नेपालका विभिन्न जातिहरु मध्ये छुवाछुतको अस्तित्व मेटाउन वा यसको विरुद्धमा लड्ने केहि स्वतन्त्र लडाकुको जीवनिलाई Barali ले प्रस्तुत गरेका छन् । उनले विश्वकर्मा र अन्य अछुत जातिहरु प्राय जसो पश्चिमी नेपालमा वसोवास गरेको कुरालाईजोड दिएका छन् । जहाँ उच्च जातिका मानिसहरु अझ खास गरेर ब्राह्मणहरुवाट दविएको कुरा उल्लेख गरेका छन् । त्यस कारण त्यो दमनवाट मुक्ति पाउन अछुत आन्दोलन र संघर्ष गर्नु पर्छ (Barali,1983) ।

त्यसै गरि P.Caplan,(1972) ले पश्चिमि नेपालको हिन्दु समाजमा रहेको Priests (ब्राह्मण) र Cobblers (सार्की) को विचको अन्तर सम्वन्ध र tendency ( प्रवृत्ति) को वास्तविकताालाई उल्लेख गरेका छन् । Caplan ले तिनीहरुको सामाजिक जीवनमा द्वन्दको माध्यमवाट परिवर्तनको प्रक्रियालाई जोड दिएका छन् ।

मानवअधिकार वर्ष पुस्तक (१९९३) ले अछुत जातिहरु जस्तो : विश्वकर्मा( कामी), सार्कि (Cobblers), दमाइ (Tailors),गाईने (Singing Gypsies) ,वादी (Nomadic People),कुमाल (Clay,pottery Producers) ,धोवी (laundry Profession holders) ,च्यामे र पोडे (Untouchable of Nudar communities) र तिनिहरुको ऐतिहासिक पृष्ठभूमि संग जोडेर केहि अन्वेषणात्मक टिप्पणि दिईएको छ । यसले तिनीहरुको वसोवास क्षेत्रको ज्ञान समेत प्रधान गर्छ ।

Hitchcock,(1966) ले Byanyan Hill का मगरहरुले हिन्दु मुल्य मान्यताहरुलाई स्वीकार्दै सोही वमोजिम परिवर्तन भएको कुरालाई जोड दिएका छन् । एवं प्रकारले Haimendrof (1981) ले पश्चिम नेपालका थकालीहरुको सामाजिक संरचना र सामाजिक गतिशिलताको वारेमा जोड दिएका छन् ।

पूर्वी नेपालका लिम्वुवानका लिम्वुहरु सँस्कृतिकरणको प्रक्रियामा छन् । तिनिहरु हिन्दुधर्म मान्ने समुहमा पर्दैनन तर हिन्दु सँस्कृतिको विभिन्न मूल्य मान्यताहरलाई अंगालेका छन् । लिम्वुहरुको विचमा सामाजिक पविर्तनका संकेतहरुमा भाषा,पोशाक,जातिय प्रथा अंगाल्नु,व्राह्मणलाई पुजारीको रुपमा लिनु, हिन्दु देवताहरुको पुजा गर्नु आदि रहेका छन् (Lee,1974) ।

Srinives (1952) सँस्कृतिकरण सिद्धान्तका प्रतिपादक ले दक्षिणि भारतका अछुत जातिको लम्विय गतिशिलता (Upward Mobility) को वारेमा ब्याख्या गरेका छन् । जुन twice born casts तिर निर्देशित छन् । यो सँस्कृतिकरण प्रक्रियाको पहिलो उपस्थिति र प्रयोगको प्रक्रिया हो जुन दक्षिण एसियाका अछुतहरुको माभ्कमा सामाजिक-साँस्कृतिक परिवर्तनको अवलोकन गर्न प्रयोग गरिन्छ ।

Bista (1967,1973) ले विभिन्न जाति जनजातिका मानिसहरु र हिन्दुकरण प्रक्रियाको वारेमा आधारभुत जानकारी दिएका छन् । हिन्दुकरण प्रक्रियामा विभिन्न जनजातिहरु जस्तै : थकाली,तामाङ्ग,मगर,शेर्पा,राई,लिम्वु आदिलाई जोड दिईएको छ ।

L. Caplan, (1970) ले हिन्दुहरुको land holding pattern र सरकारको भूमि-सुधार नीतिमा भएको परिवर्तनलाई ऐतिहासिक परिप्रेक्षमा चित्रण गरिएको छ । तिनीहरुमा भएको सामाजिक-साँस्कृतिक पविर्तन जुन हिन्दुकरण प्रक्रिया अर्न्तगत हिन्दु मूल्यमान्यताहरुलाई स्वीकार गरिएको वारेमा समावेश गरिएको छ ।

यसरी पूर्व-प्रकाशित पुस्तकहरुको छलफलवाट के स्पष्ट हुन्छ भने यस अध्ययन संग मिल्दाजुल्दा केहि अध्ययन अनुसन्धानहरु भएका छन् तर तिनीहरु प्राय जसो गैर-हिन्दु जातिहरु र जनजातिहरु (जस्तो :थकाली,मगर,गुरुङ्ग,नेवार,लिम्वु आदि) को सामाजिक वढावा (Social Promotion) मा जोड दिईएको छ । अछुत वा दलित जातिहरुका वारेमा गरिएका थोरैमात्र अध्ययन उपलब्ध छन् । तर तिनीहरु मध्ये धेरै जसो सामान्य अन्वेषणात्मक प्रकारका छन् । यसरी विश्वकर्मा जातिको वारेमा पूर्व प्रकाशित पुस्तकहरुवाट केहि जानकारी पाइने भएतापनि त्यसवाट मात्र यस जातिको तत्कालिन सामाजिक,आर्थिक र साँस्कृतिक अवस्थालाई बुभ्न प्रयाप्त हुन्छ तर परिवर्तित सामाजिक,साँस्कृतिक र आर्थिक पक्ष माथि प्रकाश पार्न यो सोध पत्र तयार पारिएको हो।

नेपालमा प्रजातन्त्रको पुर्नस्थापना पछि समाजकोमाथिल्लो जातिहरुवाट दलितहरु सोसिएका,हेपिएका र दविएको महसुस गरि उनिहरुले समाजमा समानता कायम गर्न जातिय भेदभावको अन्त्य गर्दै आफ्नो वर्गको चौतर्फि विकास गर्नका निमित्त केहि वर्गिय संगठनहरु स्थापना भएका छन् । यस्ता जातिहरुको विकासको लागि अनेकौं गैर-सरकारी संस्थाहरु र अन्तराष्ट्रिय गैहृ-सरकारी संस्थाहरु समेत क्रियाशिल देखिएका छन् तर खासै त्यस्तो ठूलो परिवर्तन भएको पाईएन ।

## २.२ विश्वकर्मा जातिको उत्पत्ति र विकास

विश्वकर्मा जाति चार वर्ण मध्ये शुद्र वर्गको अछुत जाति भित्रपर्छ । विश्वकर्मा जातिको उत्पत्ति र विकासको चर्चा गर्दा आर्य हिन्दु समाजमा ऐतिहासिक कालक्रममा

भएको वर्ण ब्यवस्थाको उत्पत्ति र विकास वारे शुक्ष्म दृष्टि दिन नितान्त आवश्यक हुन्छ । हिन्दु समाजमा विद्यमान वैदिककालदेखी चलेर आएको सामाजिक विभाजनको स्वरुपलाई वर्ण ब्यवस्था भनि वर्णन गर्ने चलन छ ।

यस अन्तर्गत हिन्दु समाज चार वर्णहरु व्राहमण,क्षेत्री,वैश्य र शुद्र सम्मिलीत भएको समाज मानिन्छ । प्रत्येक वर्गहरुको वर्णको निश्चित कर्तब्य तोकीएको छ । जस्तै ब्राहमण अध्ययन अध्यापन तथा पुजा पाठ गर्ने,क्षेत्री शासन गर्ने,बैश्य ब्यापार गर्ने तथा शुद्र अन्य तीन वर्णका मानिसहरुको सेवा गर्ने आदि । यहि नीति अनुसार सवैले आ-आफ्नो कार्य निश्वार्थ रुपमा गरेमा लोकको कल्याण हुनसक्छ भन्ने धारणाले वर्ण ब्यवस्थाको कल्पना गरिएको पाईन्छ । वर्ण ब्यवस्थाको उत्पितिको सन्दर्भमा विभिन्न सिद्धान्तहरु प्रचलित छन् । ती सिद्धान्तहरु यसप्रकार देखिन्छन् (चालिसे,२००३) ।

## २.२.१ दैवी उत्पत्ति तथा परम्परा

वर्ण ब्यवस्थाको सम्वन्धमा सवै भन्दा पुरानो सिद्धान्त यही दैवी उत्पत्तिको सिद्धान्त हो । स्वयं देवताले नै वर्ण ब्यवस्था लागु गरेका हुन भन्ने विश्वासको आधारमा यसलाई दैवी उत्पत्तिको सिद्धान्त भनिएको हो । यस सिद्धान्त अनुसार आरम्भमा "विराट पुरुष" को शरिरको अवयवको चार वर्णको उत्पत्ति एउटै श्रोत" जगत पिता पुरुष" वाट भएको हो । सांकेतिक रुपमा यी चारको उत्पत्तिमा पनि भेद देखाईएको छ । विराट पुरुषको मुखवाट व्राहृमण जन्मे,वाहु वा पाखुरावाट क्षेत्रीय पैदा भए, मध्ये भागवाट वा जाँघवाट बैश्य र पाउवाट शुद्रको उत्पत्ति भएको हो । यस मत अनुसार शिरको माथिल्लो भागमा हुनाले ब्राहृमण सर्वोच्व भए । त्यस देखि अन्य वर्ण तल रहे । अझ अर्को अर्थमा भन्ने हो भने चार वर्णको पेशा पनि जन्म स्थानवाट छुट्टिएको छ । व्राहृमणको काम पठनपाठन अर्थात मुखसंग सम्वन्धित,क्षेत्रीको रक्षाकार्य अर्थात वाहुसंग सम्वन्धित,बैश्य को ब्यापार तथा खेति गरेर पालन गर्ने अर्थात जाँघसंग सम्वन्धित छ । अन्त्यमा शुद्रले पाउमा वसि अरुको सेवा गर्ने भनेपनि पुरुष सुक्तको आशय हो (नेपाली, २०५६) ।

## २.२.२ रंङ्गको सिद्धान्त

पछिल्लो युगमा लेखिएका शास्त्रहरुको वर्ण ब्यवस्थाको उत्पत्ति छालाको रङ्गको आधारमा भएको मानेका छन् । यो सिद्धान्त अनुसार गोरोवर्णको व्राहृमण भए । रक्तवर्णका क्षेत्री भए । पीत-पहेलो वर्णका बैश्य र कालोवर्णकालाई शुद्र भनिएको छ ( चालिसे,२००३) ।

## २.२.३ गुणको सिद्धान्त

एकथरी सिद्धान्त अनुसार वर्णहरुको उत्पत्ति उसको वंश र वर्णका आधारमा हुने नभएर उसमा भएका गुणहरुको आधारमा हुने गर्दछ । हिन्दु मान्यता अनुसार गुणहरु तीन प्रकारका हुन्छन् :- सत्वगुण,रजोगुण र तमोगुण । सत्व गुण भन्नाले शान्त प्रकाशमय तथा ज्ञान भन्ने भाव बुझिन्छ । यस्तो गुण हुने ब्रांहृमण भए । रजोगुण भन्नाले अधिरता र यशस्त्री हुने प्रवल ईच्छा भन्ने वुझिन्छ । अतः यस्तो गुण हुने क्षेत्री

भए । रजोगुण र  तमोगूण मिसिएको क्षेत्री भए । तमोगुण अज्ञानताको प्रतिक मात्र भएकोले शुद्र भनिए (चालिसे,२०००३) ।

## २.२.४ जन्म सिद्धान्त

केहि विद्धानहरुको विचारमा वर्णहरुको उत्पत्ति जन्मको आधारमा भएको ठानेका छन् । यस सिद्धान्त अनुसार ब्यक्तिको जुनवर्णको पविारमा जन्म लिन्छ उस्को त्यही वर्ण हुन्छ । ब्राह्मणको छोरो ब्राह्मण,क्षेत्रीको छोरा क्षेत्री,त्यसै गरि शुद्रको छोरा शुद्र,विश्वकर्माको छोरा विश्वकर्मा भन्ने यस सिद्धान्तको आशय हो (चालिसे,२००३)।

## २.२.५ कर्म सिद्धान्त

यो सिद्धान्त अनुसार जसले जुन कर्म गर्छ त्यसको त्यही वर्ण हुन्छ भन्ने प्रचलन भएको पाईन्छ । यो अनुसार पुजापाठ,अध्ययन अध्यापनको कार्य गर्ने  ब्राह्मण भए । युद्ध कौशलमा संलग्न हुने क्षेत्री भए । ब्यापार कृषिकार्य आदिमा संलग्न हुने बैश्य भए तथा कुनै पनि कार्यमा ईच्छा नगर्ने सेवा भावना भएका शुद्र भए (दाहाल,२०५४) । वर्णको उत्पत्तिको वारेमा यी केहि सिद्धान्त हुन तर पनि यी कुनैमा पनि भरपर्दो तर्क पाईदैन । वास्तवमा जन्म र कर्म दुवै आधारमा वर्णको उत्पत्ति र विकास भएको हो ।

प्रारम्भमा  आर्यहरुले उच्च र पवित्र तथा दासलाई अशुद्ध मानेर विभाजन सुरु गरे । यस सम्वन्धमा मनुस्मृतिमा उल्लेख गरिएको छ कि शुद्र सात प्रकारका हुन्छन । ति हुन : लडाई जितेर ल्याएको,खानपिनको लोभले आफै भतुवा लाग्न आएका,दासदासीकै पुत्र किनेर ल्याएको,अर्कालेे बक्स वा दान दिएको,वावुवाजेको पालदेखि नोकरी गर्दै आएको र ऋण चुकाउनका लागि मालिक कहाँ वसेको ( चालिसे,२००३:३१४) ।

पृथ्वीनारायण शाहको एकिकरण पश्चात पनि वर्ण र जात अनुसारको पेशाले समाजमा मान्यता पाईनै रह्यो । आधुनिक कालमा छुवाछुतलाई कानुनद्धारा संरक्षण गर्न सुरु गरिएको राजेन्द्र विक्रम शाहको पालामा हो । उनको पालामा वनेका नीतिगत वन्देजहरुमा अछुत जाति भनि कामि,दमाई,र गाईने आदि जातिलाई लिईएको थियो । जंङ्ग वहादुर राणाले वि.स.१९१० मा मुलुकमा एउटै एकिकृत कानुनको खाँचो महसुस गरि मुलुकी ऐन जारी गरे । जस अनुसार तत्कालिन नेपालमा रहेका विविध जातिहरु र तीनको सामाजिक ब्यवस्था र एक अर्का विच हुनसक्ने सम्वन्धलाई शास्त्रहरुको आधारमा नियमित गर्न खोजेको देखिन्छ । यस ऐनमा शुद्र जातिको सम्वन्धमा छुत र अछुत दुई भागमा विभाजन गरियो । जातिय विभेद विरुद्धको कानुन चार दशक देखि सक्रिय हुँदा पनि विभेद रहिरहनुले कानुनको कार्यान्वयन फितलो भएको कुरा स्पष्ट पार्दछ । विभेद मुक्त समाजको लागि समाज र ब्यक्ति अनि राज्यको सोच र ब्यवहारमा परिवर्तन नभईकन कानुनले विभेद निर्मुल गर्न नसक्ने तथ्य यसैवाट स्पष्ट हुन्छ ( पाण्डे,ऋषिकेश २०६४)   ।

वि.सं.२०४६ सालको ऐतिहासिक जनआन्दोलनको सफलता पश्चात वनाईएको नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ मा कानुनको दृष्टिकोणमा सवै नागरिक समान हुने,सामान्य कानुनको प्रयोग र नागरीकका विचमा धर्म,वर्ण,लिङ्ग वा वैचारिक आस्थाका आधारमा भेदभाव नगर्ने,छुवाछुतको आधारमा सार्वजनिक स्थल र

सार्वजनिक उपयोगकका कुराहरुको प्रयोग गर्नवाट वञ्चित नगरिने एवं यस्तो कार्य कानुन वमोजिम दण्डनिय हुने ब्यवस्था गरिएको थियो साथै संविधानको भाग ४ मा जनताको जिउधनको र ब्यक्तिगत स्वतन्त्रताको संरक्षण गरि राष्ट्रिय जीवनका सवै क्षेत्रहरुमा न्यायपूर्ण ब्यवस्था कायम गरि खुल्ला समाजमा आधारित लोककल्याणकारी ब्यवस्थाको अभिवृद्धि गर्ने उद्देश्यलाई स्पष्ट गर्दै सवै किसिमका आर्थिक,सामाजिक असमानता हटाई सवै नेपालीहरु वीच सामन्जस्यता स्थापना गरि न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना गर्न एवं सुमधुर सम्वन्ध विकसित गरि राष्ट्रिय एकतालाई सुदृढ गर्ने राज्यको सामाजिक उद्देश्य निर्दिष्ट गरेको छ (नेपाल अधिराज्यको संविधान २०४७ ) । त्यसै गरी जातिय विभेद विरुद्धको कानुनलाई हालको अन्तरिम संविधानले मौलिक हक सम्वन्धि धारा १४ मा छुवाछुत तथा जातिय विभेद विरुद्धको हक भनी कुनै पनि ब्यक्तिलाई जात,वंश,समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातिय भेदभाव गरिने छैन भनि उल्लेख गरेको छ । यस्तो भेदभाव दण्डनिय हुनेछ र पिडितले कानुन वमोजिम क्षतिपूर्ति पाउने छ (नेपालको अन्तरिम संविधान २०६३ ) ।

शताब्दिऔं देखि चल्दै आएको जातिय असमानतालाई हटाउन सकिने सामाजिक जागरण अभियानहरु थालिने,जातिय उचनिच भेदभाव र त्यस विपरित त्यसो गर्न नपाईने कानुनी प्रावधान रहँदा रहँदै पनि नेपाली समाजमा परम्परागत जाति प्रथाद्धारा जकडिनै रह्‌यो यद्यपी समयक्रममा देखा पर्ने परिवर्तन अनुरुप यस पक्षमा थोरै मात्र विकास भए पनि अपेक्षाकृति एवं युगानुकुल बिकास हुन नसकेको तथ्यलाई स्वीकार गर्नै पर्छ । यो नियतिवाट अन्य अछुत जातजातिको साथै नेपालका विश्वकर्माहरु पनि भिन्न रहन नसकेको तथ्य जगजाहेर छ ।

## १.३ विश्वकर्मा जातिको नामाकरण,प्राचिनता एवं पुर्ख्यौली थलो

विश्वकर्माहरु ब्यवसायीक जातिय समुह वा अछुत मानिने जातिय समुहका सदस्यहरु हुन् । यिनिहरुको स्थानिय स्तरमा विभिन्न नामहरु रहेका छन् जस्तै :- कामी,सुनार,चुनारा,लोहार,स्नेही,नेपाली आदि (Human Right Year Book, 1993)। कामीहरुलाई पनि फलामको काम गर्ने र तामाको काम गर्ने दुई भागमा बाँडीएको छ । यहाँ वसोवास गर्ने विश्वकर्माहरु तीन थरीका रहेका छन् । जस्तौ सुनार,कामी र चुनारा । ति सवैले आफनो थरमा विश्वकर्मा नै लेख्ने गर्छन र ति सवैलाई विश्वकर्मा जातिको रुपमा चिनीन्छन् ।

विश्वकर्माहरु आर्य जाति अन्तर्गत पर्दछन् र तिनिहरुको शारीरिक विशेषता अन्तर्गत कालो रंग,लामो नाक,अग्लो शरिर आदि रहेको छ । यिनिहरुले हिन्दु धर्म मान्छन् र हिन्दु धर्म अनुसारका चाडपर्व र देवी देवताको पुजा गर्ने र मान्ने गर्छन् । नेपालमा विश्वकर्माहरु छुनसकिने छुत र छुननसकिने अछुत दुवै रहेका छन् ति मध्ये छुनसकिने विश्वकर्माहरुमा खाती,रत्नाकार,ताक्से आदि रहेका छन् (Sharma 2039:1,250)। तर पश्चिम नेपालका विश्वकर्माहरु अध्ययन क्षेत्र बडाभैरवका सहित अछुत अन्तर्गत पर्दछन र तिनीहरु नेपालका अन्य भागहरु भन्दा यो भागमा वढी रहेका छन् (Barli,1983)। यीनिहरुलाई पुराना बासीन्दाको रुपमा पनि लगिएको छ तर तिनिहरुको वारेमा अध्ययन अनुसन्धानको कमी, ज्ञानको कमी,लिखत कागजातको कमी

तिनिहरुको उत्पत्ती,इतिहास,वसाईसराई आदिको कमि को कारण स्पष्ट हुन सकेको छैन् । यदि हामीले वेदको उत्पतिवाट वर्ण र जात अनुसार हेर्ने हो भने वर्माको खुट्टावाट विश्वकर्मा जातिको रचना भएको हो । त्यसैले उनिहरुलाई तल्लो वर्ण को रुपमा कामी जातिको रुपमा राखीएको हो । वास्तवमा विश्वकर्मा जातीको उत्पतिको वारेमा स्पष्ट तथ्यहरु पनि छैनन् । कसैले यो जाती दाङ वाट आएको दावी गर्छन । वास्तवमा यीनीहरु को बसोवासमा वैज्ञानीक तथ्य भने अवस्य छैनन् । यीनीहरु को बास्तविक उत्पत्ति कहाँवाट भयो र यीनीहरुको पुर्वज कहाँका हुन भन्ने स्पष्ट कुरा पत्ता लागेको छैन तर साधारणतया यो विश्वास गरिन्छकि तिनिहरु ब्यवसायीक हिन्दु जातिका मानिसहरु नेपालमा हिन्दु राजपुत र तिनीहरुका कामदार र सहयोगी सहित पसेको हुनुपर्छ । त्यस पछाडी तिनिहरु राजपुतसंग नेपालको चारैतिर छरीएर रहेका हुनसक्छन् । यस पछि उनीहरुले विभिन्न कामहरु जस्तै :- हतियार बनाउने,फलामको काम गर्ने, काठको काम गर्ने गरेर विभिन्न ठाँउमा बसोवास गरेका हुनुपर्छ । यसरी यो क्षेत्रका विश्वकर्माहरु नेपालको पश्चिमी भगवाट नेपालका पूर्विय भागतिर हिन्दु राजपुत को उदय सँगै वसाई सरेका हुनुपर्दछ । यी सवै कुराहरु १६औ / १७ औ शताब्दीतिर सम्वन्धित छन् । उक्त कुरा वि.स. १६९७ को पर्वत राज्यका राजावाट पाएको ताम्रपत्र वाट स्पस्ट हुन्छ । योवाट के स्पष्ट हुन्छ भने तिनिहरु मध्यकाल देखी नै वसोवास गर्दै यो क्षेत्रमा आइरहेका छन् ।

वर्तमान समयमा ठुलो संख्यामा विश्वकर्माहरु यहाँ वसोवास गर्दै आइरहेका छन् । यो जातिमा पनि मूख्य जाति र उपजातिहरु पनि रहेका छन् । तिनिहरुका गोत्रपनि भिन्दा भिन्दै रहेका छन् तिनिहरुको विवाह पनि भिन्दा-भिन्दै गोत्रसँग हुने गर्छ नकी आफ्नो गोत्रभित्र । गोत्र पनि महत्त्वपूर्ण सामाजिक संस्था भएकोले जुनसुकै जातिका मानिसहरुलाई विभिन्न उपसमुहमा छुट्याउने गर्छ । विश्वकर्मा जातिमा मुख्य गरेर तीन प्रकारका गोत्रहरु अस्तीत्वमा रहेका छन् जसमा सुनार,कामी र चुनारा ।

## अध्याय-तीन

## अनुसन्धान विधि (Research Methodlogy)

कुनै पनि विषयमा व्यवस्थित तथा बिस्तृत खोज गर्नका लागि निश्चत अनुसन्धान विधिको प्रयोग गर्नु आवश्यक हुन्छ। निश्चित एवं उचित अध्ययन विधिको प्रयोगले मात्र सोधमा राखिएका उद्देश्य पुरा हुन सक्छन। त्यसैले वर्तमान अध्ययन पनि एउटा सिमित अध्ययन क्षेत्रमा केन्द्रित छ। र यसमा तल उल्लेखित विधिहरुको प्रयोग गरेर शोध कार्यको लागि तथ्यांक संकलन गरिएको छ।

### ३.१ अध्ययन क्षेत्रको छनौट (Selection of stydy Area)

नेपाल प्राय सवै जिल्लामा छरिएर रहेका विश्वकर्मा जातिको अध्ययनको लागि सवै क्षेत्रमा अध्ययन सम्भव नहुने भएकाले यस जातिको अध्ययनको लागि भेरी अञ्चल दैलेख जिल्ला अर्न्तगत पर्ने वडाभैरव गा.वि.स. को ९ वटा वडाहरु मध्ये एउटा मात्र वडा वडा नं.२ मा वसोवास गर्ने विश्वकर्मा जातिलाई लिईएको हो। नेपाल अधिराज्यका सवै ठाउँमा वस्ने विश्वकर्मा जातिको अध्ययनको लागि समय, अर्थ तथा व्यक्तिगत खर्चले सम्भव नहुने भएकोले र सोधकर्ता स्वयं पनि उक्त स्थान संग भौगोलिक र बिभिन्न कार्यक्रमको माध्यमवाट नजिक भएकोले नजिकवाट अध्ययन गर्ने अवसर पाएकोले सोधकर्ताको रुचिको विषय तथा यस अध्ययन क्षेत्रमा वससोवास गर्ने विश्वकर्माहरुको आर्थिक अवस्था अत्यन्त कमजोर हुनुले र यिनिहरुको वारेमा अहिले कुनै खोजपूर्ण कार्य नभएको हुनाले उचित ठानी यो क्षेत्रलाई अध्ययनको लागि छनौट गरिएको हो।

### ३.२ अनुसन्धानको ढाँचा ( Research Design)

यो अध्ययनका ढाँचा विश्लेषणात्मक र वर्णनात्मक प्रकृतिको रहेको छ। विश्वकर्मा जातिमा रहेको यथास्थितिलाई वर्णन गरिने भएको छ। यस अध्ययनको क्रममा कुनै तोकिएको तत्वको कुनै विकल्प संग नियन्त्रण नगरि अध्ययनको क्रममा संकलन भएका तथ्यांकहरुलाई आवश्यकता अनुसार तालिकावद्ध गर्दै ब्याख्या, विश्लेषण र वर्णनद्धारा खोज गरिएको छ । यस अध्ययनमा वर्णनात्मक विधिवाट प्राप्त तथ्यहरुमा उत्तरदाताहरुको शैक्षिक स्थिति,जातिगत अवस्था,धार्मिक अवस्था,लैङ्गीक अवस्था आदि सम्वन्धि तथ्यांकलाई लिईएको छ।  त्यस्तै विश्लेषणात्मक विधिवाट यस अध्ययन मा विश्वकर्मा जातिको अन्य जातिहरुको सम्वन्ध र सिर्जित अवस्था,सामाजिक छुवाछुतले विकास र आर्थिक अवस्थामा पारेको प्रभाव तथा समग्र यस जातिको सामाजिक,साँस्कृतिक तथा आर्थिक अवस्थाको वारेमा विश्लेषणात्मक विधिवाट अध्ययन गरिएको छ।

## ३.३ अध्ययनको समग्रता तथा नमुना छनौट ( Universe & sampling of the study)

यो अध्ययन क्षेत्र दैलेख जिल्ला को वडाभैरव गा.वि.स.वडा नं.२ मा रहेको छ । दैलेख जिल्लाको कुल जनसंख्या २,२५,२०१ रहेको छ भने अध्ययनरत यस गाउँ विकास समितिमा जम्मा ४६४ घरधुरी र २,८८६ जनसंख्या रहेको छ । यो जनसंख्यामा वाहुन,क्षेत्री,कामी,दमाई,वादी आदि रहेका छन् । यस गाउँ विकास समितिमा रहेका विभिन्न गाउँहरुमा तप्लुङ्ग,खगेना,खोर रहेका छन् । अध्ययनको लागि छनौट गरिएको वडा नं.२ मा विश्वकर्मा जातिको जम्मा २६ घरधुरी ८५ पुरुष र ८८ महिला गरि जम्मा १७३ जनसंख्याले वसोवास गरेकाछन् । अर्थात शोकार्य उक्त संख्यामा र वडामा सिमित रहेको छ । जसमा यी सम्पूर्ण घरधुरी तथा यी घुरधुरीमा वसोवास गर्ने सम्पूर्ण जनसंख्यालाई नमूना अध्ययनको रुपमा लिईएको छ ।

## ३.४ तथ्यांकको प्रकृति ( Nature of Data)

यो अध्ययनकोक्रममा तथ्यांक लिनेकाम प्राथमिक र द्वितिय दुवै श्रोतहरुको प्रयोग गरिएको छ । तथ्यांक शोधकर्ता स्वयं अध्ययन क्षेत्रमा पुगी लिईएको छ भने केहि तथ्यांक गा.वि.स.,जि.वि.स. र अन्य संघसंस्थाहरु द्धारा प्रकाशित लेख, रचना र प्रकाशन आदिवाट लिईएको छ ।

छनौटमा परेका नमूनासंग यस अध्ययन कार्यका लागि चाहिने विभिन्न आवश्यक जानकारी तथा तथ्यांकहरु संकलन गर्नका लागि प्रचलनमा रहेका समाजशास्त्रीय प्रचलित विधिहरु नै अपनाईएको छ । अनुसन्धानको क्रममा तथ्यांक संकलन गर्दा गुणात्मक र संख्यात्मक दुवै प्रकारका तथ्यांकहरु मा अर्न्तवार्ता, अवलोकन संरचित तथा असंरचित प्रश्नावली द्धारा संकलन गरिएका छन् । द्वितिय तथ्यांकहरु मा गा.वि.स. को कार्यालयमा उपलब्ध तथ्यांक तथा अन्य पुस्तक पत्र-पत्रिकामा प्रकाशित विविध सामाग्रीवाट लिईएको छ ।

## ३.५ तथ्यांकको श्रोत (Reasorce of Data)

तथ्यांकको लागि शोधकर्ता स्वयं अध्ययन क्षेत्रमा पुगी प्राथमिक श्रोतको संकलन गरिएको छ । सो तथ्यांक संकलनको लागि शोधकर्ता स्वयं अध्ययन क्षेत्रमा पटक-पटक स्थलगत भ्रमण गरेर तथ्यांक संकलन गरिएको हो । अध्ययनको क्रममा अवलोकन,निरक्षण अर्न्तवार्ता र प्रश्नावलीको माध्यमवाट घरगन्ति सर्वेक्षण तथा विश्वकर्मा जातिको वारेमा तयार पारिएको चेकलिष्टको माध्यमले तथ्यांक संकलन गरिएको छ । प्राप्त तथ्यांकहरु परिणात्मक एवं गुणात्मक प्रकृतिका छन् भन्ने लागेको छ । प्रश्नावलीको मद्दतले घरधुरी सर्वेक्षण गरिएको छ । जसले सोधकर्तामा परिणात्मक तथ्यांक प्राप्त भएको छ भने अवलोकन,सहभागितात्मक अध्ययन,निरक्षण तथा अर्न्तवर्ताले गुणात्मक उपलब्धि हाँसिल गर्न मद्दत गरेको छ ।

### ३.५.१ प्राथमिक श्रोत (Pramary Source)

तथ्यांक संकलन गर्दा स्वयं अध्ययन क्षेत्रमा पुगेर प्राथमिक श्रोतको संकलन गरिएको छ । सो तथ्यांक पटक-पटक स्थलगत भ्रमणवाट संकलन गरिएको हो । अध्ययनको क्रममा अवलोकन, निरीक्षण, अन्तरवार्ता प्रश्नावलीको माध्यमबाट घर गन्ती

सर्वेक्षण तथा विश्वकर्मा जातिको बारेमा तयार गरिएको चेक लिष्टको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । यसबाट प्राप्त तथ्याङ्कहरु परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिको भन्ने आशा गरिएको छ । प्रश्नावलीवाट घरधुरी सर्वेक्षण गरिएकोले यस अध्ययन क्षेत्रको यथार्थता झल्किने छ । जसबाट शोध, अवलोकन सहभागीमुलक अध्ययन, निरीक्षण तथा अन्तवार्ताले गुणात्मक तथ्याङ्क उपलब्ध भएका हुनेछन् ।

## ३.५.२ द्वितिय श्रोत (Secondary source)

अध्ययनलाई पूरा गर्नको निमित्त प्राथमिक श्रोत मात्र पूर्ण हुन सक्दैन तसर्थ द्वितिय श्रोतलाई समेत अध्ययनको सहायक तथ्याङ्कको रुपमा प्रयोग गर्न वान्छनिय हुन्छ । यस वाट प्राप्त तथ्यांकहरुलाई क्रमबद्ध ढंगले प्रस्तुत गर्नका लागि समेत द्वितिय श्रोतको रुपमा लिइएको छ । यसरी लिएको द्वितिय श्रोतहरुमा केन्द्रिय सुचना विभागवाट सुचनामुलक सामाग्रीहरु,नेपाल सरकारले गठन गरेको अनुसन्धान टोलीको प्रतिवेदनहरु तथा प्रकाशित पुस्तक,गा.वि.स.को तथ्यांक पुस्तिकाहरु,विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख,रचनाहरु,ख्याती प्राप्त स्वदेशी तथा विदेशी समाजशास्त्री तथा मानवशास्त्री एवं भाषाविद विद्धानहरु द्धारा लेखिएका तथा प्रकाशित गरिएका पुस्तकहरु द्वितिय श्रोतको रुपमा लिईएको छ ।

## ३.६ तथ्यांकको संकलन प्रक्रिया (Process of Data Collection)

सोधकार्यको लागि प्रस्तावना स्वीकृत भएपश्चात अध्ययनको लाीग वा तथ्यांक संकलनको निम्ति नमुना प्रश्न निर्माण कार्य गरिएको थियो । नमुना प्रश्नहरुलाई अध्ययन क्षेत्रका वासिन्दाहरुले सजिलै वुझ्न सकुन भनेर साधारण खालका प्रश्नहरु निर्माण गरिएका थिए । प्रश्नहरु बन्द र खुल्ला गरी दुई प्रकृतिका थिए । जसवाट छोटो र विस्तृत उत्तर प्राप्त भएका थिए ।

निर्माण गरिएका प्रश्नहरु सजिलै वुझ्न सकेको वा नसकेको भनेर जाँच्न प्रश्नावली परिक्षण गरिएको थियो । ती प्रश्नहरु अध्ययन क्षेत्रसंग समान प्रकृतिका समुदायमा परिक्षण गरि पृष्ठपोषण लिईएको थियो । जुन प्रश्नहरुलाई पृष्ठपोषणको आधारमा पुनः सुधार गरेर अध्ययन क्षेत्रमा प्रयोग गरिएको थियो । सो सोधक्षेत्रको वातावरणलाई सौहार्द वनाउन सोधकर्ता स्वयं अध्ययन समयमा सो स्थानमा वसोवास गरी त्यहाँका वासिन्दहरुसंग राम्रो सम्वन्ध तयार पारिएको थियो । जसले गर्दा उनिहरुसंग हेलमेल तथा आत्मियता वढेर आवश्क तथ्यांक लिन र नमुना प्रश्नहरु प्रयोग गर्न सहज भएको थियो । यसका साथै निम्न विधिहरु प्रयोगगरी तथ्यांक संकलन गरिएको थियो :-

### ३.६.१ अर्न्तवार्ता (Interview)

संगठित रुपमा तयार गरिएका प्रश्नावली,पारिवारिक लगत र सामान्य जनजीवनसंग सम्वन्धित परिणात्मक तथ्यांकहरुको लागि सुचनादाताहरुको माध्यमवाट प्रश्नहरु सोधीएका छन् । अझ अरु स्पष्ट पार्नका लागि अर्न्तवार्ताको क्रममा मुख्य सुचनादाताहरुलाई विश्वकर्मा जातिको ईतिहास,सामाजिक तथा साँस्कृतिक पक्षको विस्तृत जानकारीका लागि विशेष समय लगाएर प्रश्नहरु सोधी तथ्यांकहरु संकलन गरिएका छन् ।

### ३.६.२ स्थलगत अवलोकन (Field Observation)

विश्वकर्मा जातिको सामाजिक,साँस्कृतिक तथा आर्थिक अवस्थाको जानकारी प्राप्त गर्न प्रत्यक्ष रुपमा स्थलगत अवलोकन विधि अपनाइएको छ । यस अवलोकनवाट उनिहरुको वसोवासको अवस्था,पशुपालन,पहिरन,सरसफाई आदिलाई पनि जोड दिईएको छ । यसरी गरिएको अध्ययनहरुवाट विश्वकर्मा जातिको यर्थातता पत्ता लगाउन सहयोग पुग्नेछ ।

### ३.६.३ सामूहिक छलफल (Group Discussion)

अध्ययनको क्रममा प्राथमिक श्रोत संकलनका निमित्त प्रत्यक्ष रुपमा समुहमा विभाजन गरी सामुहिक छलफल गरिएको थियो । अध्ययन क्षेत्र एउटामा मात्र सिमित भएकोले दुइ समूहमा विभाजन गरिएको थियो । जसले गर्दा अध्ययनको लागि आवश्यक तथ्यांकहरु संकलन गर्न सहज भएको थियो । उक्त छलफलवाट घरको वनावट,खेति गर्ने तरिका,भाँडावर्तन,गाउँवस्ति आदि वारे छलफल गरि आवश्यक कुरा टिपोट गरिएको थियो । जसवाट विश्वकर्माको विविध पक्षको वारेमा जानकारी प्राप्त हुनेछ ।

### ३.७ प्रमुख सूचनादाताहरु

शोधकार्यको तथ्यांक संकलनार्थ सम्वन्धित वडाका विश्वकर्मा परिवारवाट अतुलनिय सहयोग रहेको थियो । साथै यसको निमित्त अन्य यस क्षेत्रमा वसोवास गर्ने समुदाय,व्यक्ति,सरकारी तथा गैरसरकारी संघसंस्था आदिको पनि त्यतिकै सहयोग रहेको थियो । जसलाई निम्नानुसार वुँदागत रुपमा उल्लेख गरिएको छ । :-

- अध्ययन क्षेत्रमा वसोवास गर्ने विश्वकर्मा समुदायहरु
- शिक्षक,वुद्धिजीवि तथा कर्मचारीहरु
- राजनैतिक दलका स्थानिय कार्यकर्ताहरु
- भूतपूर्व गा.वि.स. जन प्रतिनिधिहरु

### ३.८ तथ्यांकको प्रसोधन ( Data processing )

सोधकार्यको लागि अध्ययन क्षेत्रवाट नमुना प्रश्नावलीको प्रयोग गरेर तथ्यांकको संकलन पश्चात प्रसोधनको कार्य गरिएको थियो । अध्ययनको क्रममा प्रयोग गरिएका प्रश्नहरु र प्राप्त उत्तरहरुलाई जस्ताकोतस्तै प्रयोग गरी भाषागत शिलशिला मात्र मिलाईएको छ ।

अध्ययन अनुसन्धानको सफलता संकलन गरिएका तथ्यांकहरुको प्रभावकारीता, विश्लेषणमा तथा प्रस्तुतिकरणमा भर पर्छ तसर्थ वडाभैरव गा.वि.स.को वडा नं.२ मा रहेका विश्वकर्माहरुको सामाजिक,साँस्कृतिक एवं आर्थिक अवस्था वारे अध्ययन गर्ने क्रममा सर्वप्रथम यस संग सम्वन्धित जानकारी संकलन गरिएको थियो । यसरी प्राप्त तथ्यांकहरुलाई तालिकाको आधारमा विश्लेषण गरि निष्कर्ष मा पुगिएको छ । संख्यात्मक प्रक्रियाअर्न्तगत प्राप्त तथ्यहरुलाई सामान्य अंकगणितिय शुत्रद्वारा प्रतिशतको आधारमा विश्लेषण गरिएको छ । यी तथ्यहरु प्रस्तुत गर्दा वर्णनात्मक पक्षलाई जोड दिएता पनि विश्लेषणात्मक पक्षलाइ पनि विशेष जोड दिईएको छ ।

# अध्याय - चार
# तथ्यांकको ब्याख्या तथा विश्लेषण

## ४.१ अध्ययन क्षेत्रको परिचय

दैलेख जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत रहेको भेरी अञ्चल का ५ ओटा जिल्लाहरु मध्ये क्षेत्रफलको आधरमा सवै भन्दा सानो जिल्ला हो । प्राचिनकालवाट नै पबित्र भूमिको रुपमा चिनिएको दैलेख जिल्ला सेती र कर्णाली अञ्चलसंग सिमाना जोडिएको छ । दैलेख जिल्लाको सदरमुकाम दैलेख वजार मध्यपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम वीरेन्द्रनगर सुर्खेत देखि ६७ किलोमिटर र राजधानी काठ्माण्डौं वाट ६८७ कि.मि. टाढा रहेको छ (जि.वि.स. दैलेख ,२०५७) ।

वि.सं.२००९ साल भन्दा पहिले अछाम,जाजरकोट र सुर्खेतका केहि क्षेत्र यो जिल्लामा समावेश गरेको भएता पनि वि.सं.२०१९ साल पछि केहि भाग कटाएर वर्तमान अवस्थामा रहेको छ । जिल्लाको नाम सम्वन्धमा पाईएका किम्वदन्ति अनुसार पौराणिक कालमा दधिचि नामक महर्षिले तपस्या गरि वसेको हुनाले उनको नामवाट दधिलेख रहन गएको र पछि अपभ्रंस हुदै दैलेख भएको कथन छ । अर्को भनाई अनुसार यो क्षेत्र देवताहरुको निवासस्थान भएकोले देवलोक वाट नामकरण हुन गएको हो भन्ने भनाई छ । त्यसै गरि अर्को कथन अनुसार यहाँ प्रसस्त मात्रामा दही र दुध पाईने भएकोले दहीको लेख भई दैलेख मा नामाकरण भएको हो भन्ने यस्ता फरक-फरक भनाईहरु रहेको भेटिन्छ (जि.वि.स. दैलेख,२०६२) ।

भौगोलिक अवस्थिति अनुसार यो जिल्ला समुन्द्रि सतह देखि ५४४ मिटर देखि ४,१६८ मिटर सम्मको उचाईमा रहेको छ भने सदरमुकाम दैलेख वजार समुन्द्र सतहवाट ४,१४८ मिटर उचाईमा अवस्थित छ । यो जिल्लावाट वग्ने प्रमुख नदीहरुमा कर्णाली नदी,रामागाड,छामगाड,लोहोरखोलो,कट्टीखोला आदि हुन । यस जिल्लामा दुई संसदिय निर्वाचन क्षेत्र,एक नगरपालीका र पचपन्न गा.वि.स. रहेका छन् । यो जिल्ला सदरमुकामलाई सुर्खेत-दैलेख सडकले जोडेको छ । साथै कर्णाली राजमार्गले पनि यो जिल्लालाई छोएको छ । यहाँका प्रमुख धार्मिक एवं पर्यटकिय स्थलहरुमा श्रीस्थान, पादुका, धुलेश्वर, कोटीला लगाएत कोतगढी, बेलासपुर तथा सातखम्व रहेका छन् । पूर्वमा जाजरकोट,पश्चिममा अछाम,उत्तरमा कालिकोट तथा दक्षिणमा सुर्खेतको विचमा अवस्थित रहेको यस जिल्लाको कुल क्षेत्रफल १,५०२ वर्ग कि.मि. रहेको छ भने विश्वको नक्सामा यस जिल्लालाई २८डिग्री देखि ३५-२९ र ८ डिग्री उत्तरी अक्षांश तथा ८१डिग्री देखि २५-८१ डिग्री ५३ डिग्री पूर्वी देशान्तर सम्म फैलिएको छ (जि.वि.स.दैलेख,२०५७) ।

दैलेख जिल्लाका ५५ ओटा गा.वि.स. र एक नगरपालीका मध्ये एउटा गा.वि.स. वडाभैरव पनि एक  हो । जुन दैलेख जिल्लाको सदरमुकाम दैलेख वजार देखि पूर्वी पश्चिममा चार कोष टाढा रहेको छ । यस गा.वि.स.को पूर्वमा कट्टी,पश्चिममा लाँकुरी,उत्तरमा पग्नाथ र बिन्ध्यवासिनि र दक्षिणमा नारायण नगरपालिकासंग सिमाना जोडिएको छ । यस गा.वि.स.को एक देखि नौ वटा वडाहरुमा गरि जम्मा ४६४ घरधुरी रहेका छन । जस मध्ये प्रायजसो विश्वकर्मा जातिको वसोवास रहेको वडाहरुमा २ र ४ पर्दछन तर सवै वडाहरुमा यिनीहरुको

वसोवास भने रहेको पाईन्छ । यो जातिको वाक्लो वस्ति रहेको वडाहरुलाई खोर र खगेना गाउँको नामले चिनिन्छन् ।

यस गा.वि.स.मा कुल जनसंख्या २,८८६ मध्ये अध्ययन क्षेत्र रहेको वडा नं.२ मा कुल जनसंख्या ३३४ रहेको छ । जसमध्ये विश्वकर्मा जातिको जनसंख्या १७३ र घरधुरी २६ रहेको छ । यस मध्ये महिला जनसंख्या ८८ र पुरुषको जनसंख्या ८५ रहेको छ । सरकारी नोकरीमा पनि केहि ब्यक्ति सहभागि भएको पाईन्छ । अधिकांश पुरुष आफ्नो हातमुख जोड्नका लागि विदेश जाने र केहि पुरुषले अरु माथिल्लो जातका मानिसहरुको खेतिपाति लगाउने, काठको काम गर्ने, फलामको कामगर्ने, सुनचाँदीको काम गर्ने साथै महिलाहरुले घरायसि काम गर्ने गरेको पाईन्छ । यस जातिमा अन्य जातिको तुलनामा शैक्षिक स्तर न्यून रहेको पाईन्छ । ति मध्ये जम्मा ८ जनाले एस.एल.सी. उर्त्तिण गरेका छन र एक जनाले मात्र प्रविणता प्रमाणपत्रतह उर्त्तिण गरेका छन् । यहाँका मानिसहरुको मुख्य आम्दानीको श्रोतमा भारतवाट मजदुरी वापत कमाएर ल्याउने रुपैया नै हो भनेर भन्न सकिन्छ (स्थलगत सर्वेक्षण,२०६३) ।

पहाडी क्षेत्रमा पर्ने यो ईलाका प्राकृतिक श्रोतको दृष्टिकोणले धनि रहेको छ । यहाँ प्रसस्त मात्रामा वन जंगल, पानी र ढुङ्गा खानी रहेको पाईएको छ । यहाँ नदी नाला,खोला एवं पानीका मुहानहरु प्रसस्त भएर पनि यिनिहरुको उचित प्रयोग नभएका कारण खेर गईरहेका छन् ।

वडाभैरव गा.वि.स. नाम रहनुको प्रमुख कारण यस गा.वि.स.को खोर स्थित भैरवको ठूलो मन्दिर रहेको छ । त्यही मन्दिरको नामवाट वडाभैरव नाम रहेको भन्ने भनाई वुढापाकाहरुको रहेको छ । यस अध्ययनको सिलसिलामा विभिन्न उत्तरदाताहरुलाई विभिन्न प्रश्नावली निर्माण गरि यस अध्ययनको विषयवस्तु संग सम्वन्धि तथ्यांक संकलन र विश्लेषण गरी यस जातिको सामाजिक,साँस्कृतिक तथा आर्थिक अवस्थाको वारेमा समाजशास्त्रीय अध्ययन गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ । यस विषयसंग सम्वन्धित विभिन्न द्वितिय तथ्यांकलाई समेत ब्याख्या र विश्लेषण गरिएको छ । अध्ययनको क्रममा पाईएका तथ्यांकहरुलाई विस्तृत रुपमा तल प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## ४.२ जनसांख्यिकीय विवरण

दैलेख जिल्लामा ४१,१३९ घरधरी तथा २,२५,१८९ जनसंख्या रहेको छ । यो मध्ये महिलाको संख्या १,१५,०७६ तथा पुरुषको संख्या १,१०,११३ रहेको छ । वडाभैरव गा.वि.स. मा ४६४ घरधुरी र कुल जनसंख्या २,८८६ रहेको छ । जसमध्ये महिलाको संख्या १,४५० र पुरुषको संख्या १,४३६ रहेको वडाभैरव गा.वि.स. को स्थलगत सर्वेक्षणवाट देखिएको छ । विस्तृत रुपमा यस गा.वि.स.को जनसंख्या विवरण तालिका नं.१ मा देखाईएको छ ।

### तालिका नं.१

### वडाभैरव गा.वि.स.को लिङ्ग अनुसार जनसंख्या विवरण :-

| वडा नं. | घरधुरी संख्या | प्रतिशत | जम्मा जनसंख्या | प्रतिशत | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३१ | ६.७ | २०४ | ७.१ | ९९ | ६.८ | १०५ | ७.३ |
| २ | ५४ | ११.६ | ३३४ | ११.५ | १६५ | ११.३ | १६९ | ११.८ |
| ३ | ५१ | ११ | ३१९ | ११.१ | १६५ | ११.३ | १५४ | १०.७ |
| ४ | ९५ | २०.५ | ५६९ | १९.७ | २८७ | १९.८ | २८२ | १९.६ |
| ५ | ६५ | १४ | ४२७ | १४.८ | १९६ | १३.५ | २३१ | १६.१ |
| ६ | ३२ | ६.९ | २१२ | ७.३ | १११ | ७.७ | १०१ | ७ |
| ७ | ४५ | ९.७ | २६० | ९ | १४५ | १० | ११छ | ८ |
| ८ | ४५ | ९.७ | २६७ | ९.३ | १४१ | ९.८ | १२६ | ८.८ |
| ९ | ४६ | ९.९ | २९४ | १०.२ | १४१ | ९.८ | १५३ | १०.७ |
| जम्मा | ४६४ | १००% | २८८६ | १००% | १४५० | १००% | १४३६ | १००% |

**श्रोतः– स्थलगत सर्वेक्षण, २०६३**

माथिको तालिकाले के देखाउँछ भने सवैभन्दा वढी जनसंख्या भएको वडा नं. ४ हो भने सवैभन्दा कम जनसंख्या भएको वडा नं. १ हो ।


### तालिका नं. २

### जातिगत आधारमा वडाभैरव गा.वि.स. को जनसंख्या विवरण

| क्र.स. | जातिय समूहहरु | घरधुरी संख्या | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ब्राह्मण | २ | १० | १३ | २३ | ०.८ |
| २ | क्षेत्री | २७९ | ९०३ | ९०५ | १८०८ | ६२.६ |
| ३ | कामी | १६४ | ४७४ | ४७३ | ९७४ | ३२.८ |
| ४ | दमाइ | १५ | ४७ | ३५ | ८२ | २.८ |
| ५ | अन्य | ४ | १६ | १० | २६ | १ |
| जम्मा | | ५६४ | १४५० | १४३६ | २८८६ | १००% |

**श्रोतः– स्थलगत सर्वेक्षण, २०६३**

तालिका नं.२ को वृत्तिचित्र




## ४.३ अध्ययन क्षेत्रका विश्वकर्मा जातिको जनसांख्यिकीय विवरण


### ४.३.१ जनसंख्या

शोधपत्र तयार पार्ने क्रममा गरिएको स्थलगत अवलोकन एवं सर्वेक्षणबाट के देखिन आउँछ भने वडाभैरव गा.वि.स. का लगभग सम्पूर्ण वडाहरुमा विश्वकर्मा जातिको बसोबास गरेको पाइएको छ । यस गा.वि.स.का नौ वडाहरुको जम्मा जनसंख्या ९४७ मध्ये सवैभन्दा बढी विश्वकर्मा जातीको जनसंख्या वडा नं. ४ मा र सवैभन्दा कम वडा नं ९ मा रहेको देखिन्छ । यो जातीको वडागत जनसंख्यालाई निम्न तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ३**

**अध्ययन क्षेत्रका विश्वकर्माहरुको वडागत जनसंख्या तालिका**

| वडा नं | गाउँको नाम | घरधुरी | पूरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | खोर | ११ | ३५ | ३८ | ७३ | ७.७० |
| २ | खोर | २६ | ८५ | ८८ | १७३ | १८.२६ |
| ३ | खोर | २१ | ५८ | ५६ | ११४ | १२ |
| ४ | खगेना | ३८ | १०८ | १०९ | २१७ | २३ |
| ५ | खगेना | २८ | ७० | ६८ | १३८ | १४.५६ |
| ६ | तप्लुङ्ग | १४ | ४२ | ४२ | ८४ | ८.८६ |
| ७ | तप्लुङ्ग | ९ | २६ | २४ | ५० | ५.२८ |
| ८ | तप्लुङ्ग | १६ | ४३ | ४४ | ८७ | ९.१८ |
| ९ | तप्लुङ्ग | १ | ६ | ५ | ११ | १.१६ |
| जम्मा | | १६४ | ४७३ | ४७४ | ९४७ | १०० % |




**श्रोत :- स्थलगत सर्वेक्षण,२०६३**

## ४.३.१.१ विश्वकर्माको उमेरगत जनसंख्या विवरण


मानव जनसंख्याको महत्वपूर्ण पक्षहरुमा उमेरको महत्व रहेको हुन्छ । समाजको विकास स्वस्थ र सक्रिय जनसंख्यामा निर्भर रहन्छ । उमेरको अवस्था अध्ययन गरिएको मानिसहरुको विवरण तलको तालिकामा देखाईएको छ ।

**तालिका नं.४**
**विश्वकर्माको उमेरगत जनसंख्या विवरण**

| **क्र.सं.** | **उमेर समुह** | **महिला** | **पुरुष** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| **१** | ० - १५ | १६० | १५० | ३१० | ३२.७ |
| **२** | १५- ४० | १९५ | १७२ | ३६७ | ३८.७ |
| **३** | ४० - ६० | १०४ | १२१ | २२५ | २३.८ |
| **४** | ६० वर्ष भन्दा माथि | १५ | ३० | ४५ | ४.८ |
| जम्मा | | ४७४ | ४७३ | ९४७ | १०० % |

**श्रोत :- स्थलगत सर्वेक्षण,२०६३**

**तालिका नं.४ को स्तम्भ चित्र**




वडाभैरव गा.वि.स.को विश्वकर्मा जातिको जनसंख्यालाई स्थलगत सर्वेक्षणको क्रममा माथिको तालिका नं.४ मा उल्लेख भएको संख्या देखिन आएको छ । अन्य जातिमा जस्तै विश्वकर्मा जातिमा पनि जनसंख्या तिव्ररुपमा वढिरहेको

पाईन्छ । यसको प्रत्यक्ष उदाहरण ०-१४ वर्षको उमेर समुहको जनसंख्या कुल जनसंख्याको ३२.७ % रहेको छ । यस गा.वि.स.मा कुल विश्वकर्माको घरधुरी १६४ मा ९४७ जनसंख्या रहेको छ । जस अनुसार औषत प्रति परिवार ५.८ (लगभग ६ जना ) जनाको दरले पर्न आउछ ।

## ४.४ विश्वकर्माको शैक्षिक अवस्था

वडाभैरव गाउँविकास समितिमा विश्वकर्मा जातिको शैक्षिक अवस्थामा खासै सुधार हुन सकिरहेको छैन । यो जातिको शैक्षिक प्रगति गर्न नसक्नुमा चेतनाको कमि तथा आर्थिक अवस्था कम्जोर हुनु नै प्रमुख कारण हुन । यीनिहरुले पढाईलाई कम प्राथमिकता दिएर आफ्नो जीविका धान्नका लागि गाउँ घरमा विष्ट कमाउने,अरुको ज्यालामा काम गर्ने तथा छिमेकि देश भारतमा गएर ज्याला दारी गर्ने गर्छन । मानव जीवनका लागि अपरिहार्य गास,वास र कपास जस्तै शिक्षा पनि एक हो । यस अध्ययन क्षेत्रको गा.वि.स.मा विश्वकर्माहरुको संख्यालाई शैक्षिक स्थितिको आधारमा वर्गिकरण गरिएको छ । जसमा १-५ कक्षासम्म पढेकालाई प्रा.वि.,६-८ कक्षा सम्म पढेकालाई नि.मा.वि.,९-१० कक्षा सम्म पढेकोलाई मा.वि. र एस.एल.सी. पास वा सो भन्दा माथि वि.ए. सम्म पढेकालाई उच्च शिक्षामा गणना गरिएको छ ।


**तालिका नं.५**

**शैक्षिक स्थितिको आधारमा विश्वकर्माहरुको को वर्गिकरण**

| क्र.सं. | शिक्षा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | २०१ | १७५ | ३७६ | ३९.७ |
| २ | समान्य साक्षर मात्र | ४५ | ९५ | १४० | १४.८ |
| ३ | प्रा.वि. | १९१ | १५२ | ३४३ | ३६.२ |
| ४ | नि.मा.वि. | ३३ | ३६ | ६९ | ७.३ |
| ५ | मा.वि. | २ | ६ | ८ | ०.८ |
| ६ | उच्च शिक्षा | २ | ९ | ११ | १.२ |
| जम्मा | | ४७४ | ४७३ | ९४७ | १०० % |

**श्रोत :- स्थलगत सर्वेक्षण,२०६३**

**तालिका नं.५ को वृत्तचित्र**



माथिको  तालिका अनुसार यस गा.वि.स. का विश्वकर्माका १६४ घरधुरीमा निरक्षर संख्या ३७६ जना,समान्य साक्षर मात्र १४० जना,प्रा.वि. मा ३४३ जना,नि.मा.वि.मा ६९ जना,मा.वि.मा ८ जना र उच्चशिक्षा तर्फ जम्मा ११ जना भएको पाईयो ।

यस अध्ययन क्षेत्रमा शैक्षिक दृष्टिकोणवाट हेर्दा प्राय जसो घरकोवालवच्चा विद्यालयमा पढ्न पठाएको पाईयो । आफुहरुले राम्रो संग पढ्ने अवसर नपाएको कारणले आफुले निम्न स्तरको कार्य गर्नु परेकोले  अहिले आफुहरु दुःख भोगर पनि आफ्ना छोराछोरीलाई राम्रो शिक्षा दिने चाहना उत्तरदाताहरुको पाईयो । यति हुदा हुदै पनि कतिपय किशोरकिशोरीहरु विचमा नै पढाई छोडेर वस्ने गरेको पाईयो ।

## ४.५ तथ्यांकको प्रस्तुती तथा विश्लेषण

### ४.५.१ अध्ययन क्षेत्रका विश्वकर्मा जातिको ऐतिहासिक पृष्ठभूमि

हाम्रो देश नेपाल बहुजाति,बहुभाषि,बहुधर्मावलम्वि भएको देश भएपनि यहाँका सम्पूर्ण मानिसहरु विच आपसि मेल,सद्भाव र एकता भने काएमै रहेको छ । यहाँका विभिन्न जातजातिहरुका आफ्नै मौलिक परम्परा,मूल्य र मान्यताहरुलाई संरक्षित गर्दै मानिसहरु विच राष्ट्रिय एकताको भावनामा परस्पर समेटिएका छन् । यहि वहुजातिय,बहुधार्मिक भएकै कारण पृथ्वीनारायण शाहले नेपाललाई चार जात छत्तिसवर्णको फुलवारीको रुपमा प्रस्तुत गरेका थिए । यहि साझा फुलवारीमा फकिएका आफ्नै छुट्टै प्रकारको अस्तित्व रहेको नेपालको सवै तिर वसोवास गर्ने दलित जातिहरु मध्ये विश्वकर्मा जाति पनि एक हो । हिन्दु वर्णाश्रम ब्यवस्था अनुसार ब्राहमण,क्षेत्री,वैश्य र शुद्र भनि चार वर्णमा विभाजन गरिएको पाईन्छ । विश्वकर्मा जातिको नामाकरण र उत्पति सम्वन्धमा कुनै आधिकारीक श्रोत फेला पार्न सकिएको छैन । त्यसैले विश्वकर्मा जातिको नामाकरणको सम्वन्धमा किटेर भन्न सकिने अवस्था भने छैन । स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरुले पनि यो जातिको वारेमा प्रसस्त अध्ययन गरको पाईदैन । दलित जातिहरुमा पर्ने कामि,दमाई,सार्की आदि मध्ये कुनै पनि जातिको वारेमा ब्यापक वा वढि अध्ययन भएको पाईदैन । यो विश्वकर्मा जातिमा रहेको पितृसत्तात्मक समाज भएकोले घरमुलीको मृत्यू पश्चात छोराको नाममा हक रहने गर्छ । यस अध्ययन क्षेत्रमा तथ्यांक संकलन गर्दा प्राय जसो विश्वकर्माहरु संयुक्त परिवारमा नै वसेको पाईन्छ । यो जाति नेपालको सम्पूर्ण भू-भागमा छरिएर रहेको पाईन्छ । जातिय पेशाको रुपमा फलामको औजार वनाउने, तामाका भाँडा वनाउने यो जातिले आफ्नो जातिय पेशावाट जीविका धान्न कठिन भएकोले कृषि पेशामा संलग्न हुनुको सथै ज्याला मजदुरी र नोकरीमा समेत संलग्न रहेको पाईएको छ । समाजमा रहेका अन्य जातिहरु सरह नै विश्वकर्मा जातिको पनि जन्म,व्रतवन्ध,विवाह,मृत्यु आदि सस्कार

नै प्रचलनमा रहेको छ । यो जातिमा भोजभतेर गर्दा राँगो,भैंसी,खसी,कुखुरा आदिको मासु खाने प्रचलन रहेको छ । दलित जाति भित्रको मर्यादाक्रम अनुसार विश्वकर्मा दमाई,सार्की आदि भन्दा माथिल्लो स्तरमा भएको पाईन्छ । विगतमा यिनिहरुको विचमा विहेवारी,खानपान आदिमा भेदभाव गरेको भएता पनि आजकलका युवाहरुले यसमा कुनै भेदभाव नरहेको वताउछन । यसरी विश्वकर्माहरुको आफ्नै परम्परागत मूल्यमान्यताहरु र सस्कारहरु रहेको र जसलाई परम्परागत रुपमा स्वीकार्दै आएको पाईन्छ । विश्ववकर्मा जातिको उत्पति कहिले देखि भयो ,कहिले देखि यो ठाउँमा वसोवास गर्दै आएका हुन भन्ने प्रश्नको जवाफमा आफुहरुलाई जानकारी नभएको यिनिहरुले वताउने गर्छन । उनिहरुले केवल आफ्नो जातिय पेशावाट आफुहरु कामि वा विश्वकर्मा भएको,मानिस-मानिसको विचमा कुनै जातिय सिमांकन नभएको कुरा यहाँका युवायुवतीहरु तथा अध्ययन क्षेत्रका उत्तरदाताले जवाफ दिए ।

### ४.५.२ शारीरिक वनावट तथा स्वभाव

प्रत्येक जातिहरुको जातिय पहिचान गराउने पहिलो पक्षको रुपमा उसको वाहिरी आवरण वा शारीरिक वनावटलाई लिने गरिन्छ । विश्वकर्मा जाति आर्य हिन्दु समुदाय ब्राहृमण,क्षेत्री वर्गको उपजातिको रुपमा देखा पर्दछन् । यो जातिका मानिसहरु गहुँगोरा,लाम्चा आँखा,लामो वा चुच्चो परेको नाक र लामो आर्य वर्णको मुखाकृति तथा प्राय जसो अग्लो शरीर विश्वकर्मा जातिको शारीरिक वनावटमा रहेको पाईन्छ । वास्तवमा विश्वकर्माहरुको शरीर र ब्राहृमण,क्षेत्री जातिको शारीरिक वनावटमा अन्तर भने पाईदैन । अः यो जातिले आफ्नो परिचय नदिए सम्म जात छुट्याउन भने गाह्रो पर्दछ । विश्वकर्मा जातिको शारीरिक वनावटको वारेमा जे जस्तो उल्लेख गरिएता पनि यो जाति मंगोलियन जाति भन्दा फरक र आर्य जाति संग एकदमै मिल्दो जुल्दो भएको पाईन्छ ।

## ४.६ समाजिक अवस्था

### ४.६.१ अध्ययन क्षेत्रको सामाजिक संरचना

नेपाली समाजको वारेमा वुझ्नु पूर्व यहाँको सामाजिक संरचनालाई वुझ्न नितान्त जरुरी पर्दछ । ग्रामिण वा शहरी समाज किन नहोस त्यसलाई वुझ्नको लागि विद्यमान रहेको सामाजिक संरचनाको वारेमा अध्ययन गर्न आवश्यक देखिन्छ । समाजमा रहेका विभिन्न सामाजिक तत्वहरु विचमा एक आपसमा संरचनात्मक सम्वन्ध रहेको हुन्छ । यिनै विभिन्न सम्वन्धहरु तथा सामाजिक अन्तरक्रियाहरुको कारणले गर्दा समाजको सञ्चालन गर्ने संरचनाको निर्माण हुन्छ । यहि समाजको संरचनात्मक सञ्जालवाट नै समाजको गतिशिलतालाई कायम राखेको हुन्छ । यिनै समाजको संरचनात्मक सञ्जाललाई सामाजिक संस्थाहरु भनिन्छ । वास्तवमा यिनै विभिन्न सामाजिक संस्थाहरुको विस्तृत अध्ययन नै सामाजिक संरचनाको अध्ययन हो । यो जातिको समाजमा देखा परेका विभिन्न सामाजिक संस्थाहरुको अध्ययन स-विस्तार अध्ययन गरिएको छ जुन यस प्रकार छः

## ४.६.२ सामाजिक स्तरिकरण

सामाजिक स्तरिकरणको क्रमलाई हेर्ने हो भने वैदिक कालमा विभाजन गरिएको ब्राह्मण,क्षेत्री,वैश्य र शुद्र पर्दछन । वा वर्तमान अवस्थामा दलित भन्ने जातिलाई शुद्रको रुपमा लिदा फरक नपर्ला । यसरी हेर्दा सामाजिक मर्यादा क्रममा दलितलाई सवैभन्दा तल्लो वा निम्न स्तरमा राखिएको पाईन्छ र यिनिहरु समाजमा पानी नचल्ने जातिको रुपमा चिनिन्छन । सरकारी तवरवाट गठन गरिएको दलित आयोगले २२ ओटा दलित जाति भएको पुष्टि गरेको छ । वा नेपालमा वसोवास गर्ने २२ ओटा जातिलाई दलित भनेर मानेको छ । जातिय रुपमा हेपिएका दलितहरुको विचमा आपसि भेदभाव भने कायमै रहेको छ । गैह्-दलित जातिवाट छुवाछुत भोग्ने विश्वकर्माहरुले सार्की लागाएतका सवै दलित जातिहरुलाई,सार्कीले दमाई, कामि बाहेक सम्पूर्ण दलितलाई,दमाईले विश्वकर्मा र सार्की वाहेक सम्पूर्ण दलितहरुलाई जातिय भेदभाव गर्दै आईरहेका छन् । दलित भित्र पर्ने एक जातले छोएको अर्को जातले नखाने ,एक जातिको छोरी अर्को जातिमा विवाह नगर्ने,छोईछिटो वार्ने चलन अझै सम्म विद्यमान रहेको छ ।

यस अध्ययन क्षेत्रमा पनि विभिन्न जातजाातिहरुको वसोवासमा विश्वकर्मा रहेको छ । प्रमुख जातिको रुपमा ब्राह्मणको घरधुरी कम रहेको छ भने क्षेत्री जातिको वाहुल्यता वढि रहेको छ । यस गा.वि.स. मा जनसंख्याको हिसावले क्षेत्री पछिको क्रममा विश्वकर्मा जाति रहेका छन् । यसरी अध्ययन क्षेत्रका जातजातिको सामाजिक स्तरलाई तल देखाईएको छ :-

ब्राह्मण
↓
क्षेत्री
↓
कामी (विश्वकर्मा)
↓
दमाई
↓
वादी

यसरी हेर्दा अध्ययन क्षेत्रको वसोवासमा क्षेत्री भन्दा पछाडिको मर्यादाक्रममा विश्वकर्मा रहेको पाईन्छ । सामाजिक रुपमा हेर्दा अन्य दलितहरु भन्दा माथिल्लो स्तरमा ब्राह्मण, क्षेत्री, मगर,गुरुङ्ग भन्दा तल्लो स्तरमा रहको यो जातिको सामाजिक स्तर कमजोर भएको अध्ययनवाट प्रष्ट हुन्छ ।

## ४.६.३ आश्रित दर

**तालिका नं.६**

**विश्वकर्माको आश्रित जनसंख्या को विवरण**

| क्र.स. | उमेर समुह | महिला | पुरुष | जम्मा जनसंख्या | जम्मा आश्रित | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ०-१५ वर्ष | १६० | १५० | ३१० | ३१० | ८४.९ |
| २ | १५-५९ | ३१० | २८२ | ५९२ | १० | २.८ |
| ३ | ६० वर्ष भन्दा माथि | १५ | ३० | ४५ | ४५ | १२.३ |
| | जम्मा | ४८५ | ४६२ | ९४७ | ३६५ | १०० % |

**श्रोत :- स्थलगत सर्वेक्षण,२०६३**

परिवार वा घरमुलीको कमाईमा वाँच्ने जनसंख्याको समुहलाई आश्रित जनसंख्याको समुहमा राखिएको छ । यस अध्ययन समुहमा काम गर्न नसक्ने जनसंख्या ०-१५ वर्ष उमेर समुह र ६० वर्ष भन्दा माथिको जनसंख्या आश्रित जनसंख्या अर्न्तगत रहेको छ । जुन आश्रित जनसंख्या अर्न्तगत ३६५ जना रहेका छन् । कमाउने जनसंख्याको तुलनामा आश्रित जनसंख्या पनि अधिकनै रहेकोले यो विश्वकर्मा जातिको आर्थिक अवस्था पनि कमजोर भएको हुनु पर्दछ । तालिका नं.६ मा आश्रित जनसंख्या ०-१५ वर्ष समुहमा सवैभन्दा वढिरहेको र १५-५९ वर्षमा सवैभन्दा कम रहेको छ । यसवाट के प्रष्ट हुन्छ भने अवका दिनहरुमा सक्रिय युवा जनसंख्या वढ्दो रहेको छ । जसको कारण जनसंख्या वृद्धिमा पनि यसले प्रत्यक्ष असर पुऱ्याउछ । यसरी ०-१४ वर्षको जनसंख्या र ६० वर्ष भन्दा माथिको जनसंख्या वृद्धि हुनाले आश्रित जनसंख्याको दर पनि वढ्ने छ । जसको कारणले विश्वकर्मा जातिको आर्थिक अवस्थामा प्रतिकुल प्रभाव पार्ने देखिन्छ ।

## ४.६.४ विश्वकर्मा जातिको पारिवारिक विवरण

समाजको सुरुवात नै परिवार वाट हुने भएकोले परिवार विहिन समाजको कल्पना समेत गर्न असम्भव छ । परिवारको अवधारणा हाम्रो समाजमा मात्र नभएर विश्वका जुनुसुकै देशहरु विकसित वा अविकसित जस्तो भए पनि रहेको हुन्छ । परिवार मानव सभ्यताको सवैभन्दा सानो तर अतिनै प्रभावकारी सामाजिक संस्था हो । प्रत्येक व्यक्ति कुनै पनि परिवारको सदस्य रहेको हुन्छ । प्रत्येक व्यक्तिले आधारभूत शिक्षा र सामाजिक वातावरण उसले सर्वप्रथम परिवारवाट नै सिकेको हुन्छ । प्रत्येक मानवको जन्म परिवारमा नै हुने र परिवारवाट सामाजिकरणको वातावरणमा घुलमिल हुने भएकोले परम्परागत समाजदेखी आधुनिक समाजमा समेत परिवारको अस्तित्व रहेको हुन्छ । परिवार मानव विकासको निरन्तरता दिने एक संस्था पनि हो । परिवारको आफनो भूमिका अन्तर्गत आफनो संस्कृतिलाई निरन्तरता दिनु वंशणुगत एवं जातीय संरक्षण एवं सामाजिक , सांस्कृतिक र आर्थिक पहिचान र आवस्यकतालाई पूर्ति गर्ने रहेको हुन्छ । परिवार एउटा महिला र पुरुषको यौन सम्वन्धलाई व्यवस्थित गर्नै र यो सम्वन्धवाट बच्चावच्चि जन्माउन सामाजिक अनुमति प्रदान गर्ने गर्छ । यो यौन सन्तुष्टि र प्रजनन शिक्षा का साथै सामाजिकरणको सुविधालाई निश्चितता प्रदान गर्दै समाजको विकासमा निरन्तरता दिने गर्छ । विश्वकर्मा जातिमा विभिन्न परिवार रहेका छन् । दैलेख जिल्ला अन्तर्गत रहेको बडाभैरव गाउँ विकास समितिमा रहेका विश्वकर्मा परिवारको संरचना यसप्रकार रहेको छ ।

**तालिका नं.७**

**विश्वकर्माको परिवारको किसिम**

| क्र.सं. | परिवारको किसिम | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकल परिवार | १२० | ७३.२ |
| २. | संयुक्त परिवार | ४४ | २६.८ |
| **जम्मा** | | १६४ | १०० |

**श्रोत :- स्थलगत सर्वेक्षण,२०६३**

वडाभैरव गाउँ विकास समितिका विश्वकर्माहरुमा संयुक्त परिवारमा वस्ने जनसंख्याको तुलनामा एकल परिवारमा रहेको घर संख्या वढि रहेको छ । यस्तो हुँदामा चेतनाको कमिले, ठुलो परिवारमा वस्दा झै-झगडा हुने, आपसमा मेलमिलाप कम हुने भएकोले त्यस्तो नहोस भनेर उनिहरु समयमै एकल परिवारमा वस्ने गर्दछन् । यस्तो परिवारमा आमा,वावु, श्रीमति र अविवाहित छोराछोरी वस्ने गर्दछन् । केहि परिवारमा अविवाहित छोरा र छोरी भएको कारणले सानो परिवार पनि संयुक्त परिवार जस्तो देखिन्छ तर अहिलेको विश्वकर्मा जातिको युवा पुस्ताले एकल परिवारलाई वढि अंगिकार गरेको पाईन्छ । माथिको तथ्यांकमा १६४ घर परिवारमा करिव ७३.२ प्रतिशत एकल परिवारमा रहेको पाईएको छ । जसको कारण सानो परिवारको संख्या पनि क्रमशः घटिरहको छ । यसरी एकल परिवारमा वस्नुको कारणमा नयाँ पुस्ताले आफैले कमाई खाने तथा आफ्नैपाराले जीवन विताउनु हो । यो वडाभैरव गा.वि.स.मा पनि एकल परिवारमा बस्ने घरधुरी पनि उल्लेख्य मात्रामा रहेको छ ।

## ४.७ सामाजिक ब्यवहार र विश्वासहरु

नेपाली समाज सामाजिक ब्यवहार र जनविश्वासको आधारमा चलेको छ । यी जनविश्वासको पछाडी सामाजिक एवं साँस्कृतिक वातावरण रहनसहनले धेरै प्राभावित पारिरहेको हुन्छ । यीनै विभिन्न विश्वासमा र ब्यवहारमा चलेको जातिमा विश्वकर्मा जाति पनि एक हो । यो जातिका आफ्नै किसिमका विभिन्न प्रचलनहरु पनि रहेका छन् । जसको कारणले यो जाति अन्य जातिको तुलनामा फरक रहेको छ । विश्वकर्मा जातिले हिन्दु धर्म मान्ने गर्दछन् र यो जातिले नेपालमा प्रचलनमा रहेको प्रकृतिपुजक धर्म मान्ने भएकोले झाँक्रि र धामि प्रथा यो जातिमा रहको छ । यो जातिले धामि,झाँक्रिलाई वढि विश्वास गर्ने गर्दछन् । धामि,झाँक्रिले अलौकिक शक्तिसंग उपासना गरि शक्ति तथा स्वास्थ्य र प्रगतिको लागि कार्य गर्नुका साथै नराम्रा तत्वलाई समेत हटाउन सक्ने विश्वास विश्वकर्मा जातिमा रहेको छ । जातिय रुपमा पनि तान्त्रिक पक्ष सवल रहेको विश्वकर्मा जातिमा प्रायः जसो केहि न केहि मात्रामा सिकेका हुन्छन् भनिन्छ । उनीहरु समान्य विरामि परेको समयमा अस्पताल नगएर यिनै झाँक्रिहरुवाट नै झारफुक गर्ने गर्दछन् । आजभोली नयाँ पुस्तामा भने यस प्रकारको झाँक्रि वन्ने चलन क्रमश : हट्दै गईरहको छ । यो जातिको झाँक्रि प्रतिको विश्वासको कारण उपल्लो जातिका मानिसहरु समेत पनि झारफुक गर्नको लागि आउने गर्दछन् । यीनिहरु धामि,झाँक्रि मात्र नभएर समाजमा प्रचलनमा रहेका अन्य सामाजिक विश्वासहरुमा पनि त्यतिकै महत्त्व राख्छन् ।

नेपाली समाजमा प्रचलित अन्य सामाजिक ब्यवहार र विश्वास समेत यो जातिमा रहेका छन् । समाज विश्वासमा नै चल्ने भएकोले यस प्रकारको जनविश्वासहरु वढि प्रचलनमा आएको हुन सक्छ । जति-जति समाज पुरातन हुन्छ त्यति यसप्रति जनविश्वास वढ्दै जान्छ तर जनविश्वासलाई अन्धविश्वासको दायरामा समेटिनु भने अन्याय नै हुन्छ ।

## ४.८ साँस्कृतिक निरन्तरता र सँस्कृतिकरण

समाजमा आफ्नै खालको साँस्कृतिक परम्परा र साँस्कृतिक विविधताले भरिएको हुन्छ । परिर्वतनशिलता समाजको विशेषता भएकोले समाज परिर्वनशिल हुन्छ । सँस्कृति जस्तो पक्ष समायानुकुल परिवर्तन हुनु स्वाभाकि प्रक्रिया हो तर सवै परिवर्तनशिल छ भनेर केहि स्वासत पक्ष भने परिवर्तन नभएर निरन्तर रुपमा रहिरहन्छ । यसको कारणले समाजम अभौतिक सँस्कृति विद्यमान रहका छन् । यी सवैको परिवर्तन नभएर आवरण मात्र परिवर्तन भएको पाईन्छ । सँस्कृतिका मूलभूत पक्षहरुमा परिवर्तन हुन समय लाग्छ । तसर्थ विश्वकर्मा समुदायका पनि कतिपय साँस्कृतिक पक्षहरु परिवर्तन भएका छन् भने कतिपय सँस्कृतिका मूलभूत पक्षहरुमा निरन्तरता मात्र भईरहेका छन् ।

पहाडी मुलुकका विश्वकर्मा समुदाय भन्दा तराई समुदायका विश्वकर्माहरुमा साँस्कृतिक परिवर्तन भएको पाईन्छ । विश्वकर्मा जातिका कतिपय सामाजिक तथा साँस्कृतिक मूल्य,मान्यता,सस्कार,ब्यवहार र आचरणहरुमा निरन्तरताा पाईएको छ । यो जातिमा चल्दै आएका जन्म देखि मृत्यू सम्मका जन्म,छैठी,न्वारन,पास्नि,विवाह तथा मृत्यू सस्कारको सामाजिक परम्परा र रितिरिवाजहरु आज सम्म पनि चलिरहेका छन् । त्यसै गरि केहि भौतिक तथा अभौतिक सँस्कृतिहरु जस्तोःभाषा, धर्म, देवता, कुलायन, नाचगान, विश्वास लगाएतका घरवास, लवाई तथा सामाजिक संस्थाहरुमा परिवार,नातेदारी र धर्म आदि निरन्तर रुपमा चलिरहेका छन्।

वर्तमान समयमा विश्वकर्मा जातिको सँस्कृतिमा वरिवर्तन तिब्र गतिले भईरहेको छ । समाजको अंगको रुपमा रहेको विश्वकर्मा सँस्कृति भित्रको सामाजिक मूल्य,मान्यताहरु र सामाजिक ब्यवहारका साथै कार्यविधिमा समेत परिवर्तन देखा परेको छ । आजभोलीका युवा पिढिंहरुमा खास गरि विश्वकर्मा समाजमा रहेका विभिन्न सामाजिक ब्यवहार र विश्वासहरुमा समेत कम विश्वास गर्ने गर्छन । भगवानकै भरोसामा भएका सोचाईहरुमा क्रान्तिकारी परिवर्तन भईसकेको छ । केहि समाजमा प्रचलित अन्धविश्वासहरुमा विश्वास गर्ने नयाँ पुस्ताका विश्वकर्माहरु पाउन मुस्किल नै भईसकेको छ । देविदेवताहरुको अदृष्य शक्ति र यसको प्रभाव,तन्त्रमन्त्र तथा धामि,झाँक्रि प्रतिको विश्वासमा समेत कमि आएको छ । परम्परागत रुपमा गर्दै आईरहको काम तथा तामाका भाँडा वनाउने,सुनचाँदीका गरगहना वनाउने सम्वन्धि काम गर्ने र समान्य खेति गर्ने पेशालाई छोडेर अन्य पेशालाई अपनाउन थालेका छन् । विश्वकर्मा जातिको सँस्कृतिमा यसरी तिव्र रुपमा परिवर्तन आउनुमा नयाँ पुस्ताको भूमिका प्रमुख रहेको छ । यसो हुनुमा आधुनिकरणको प्रभावले गर्दा वढि भएको हो । विश्वकर्मा जातिको खानपान,घरवास र पहिरन समेतमा परिवर्तन हुदै आईरहको छ । पहाडिमुलका हिन्दु तथा वौद्धधर्मका विभिन्न जाति तथा जनजातिहरु संगको सम्पर्कमा रहेका कारण कतिपय चाडपर्व र समाजिक सँस्कारहरुमा समेत अरु सँस्कृतिका मूलभुत पक्षलाई कायमै राखि अरुको राम्रो गुणलाई आत्मासात गरेको कारणले नै विश्वकर्मा सँस्कृतिमा केहि परिवर्तन आएका छन् । समाजिक तथा साँस्कृतिक रुपमा आधुनिकताको प्रत्यक्ष प्रभाव परेको विश्वकर्मा समाज आफ्नो पुरातनशैलीको जातिगत पेशालाई त्यागेर समय सापेक्ष परिवर्तन आउनु खुसीको कुरा हो तर सँस्कृतिकरणको प्रभावले विश्वकर्मा जातिको मौलिक परम्परालाई नै सम्पूर्ण रुपमा परिवर्तन गरेमा भने एउटा जातिको ईतिहास नै लोपहुने सम्भावना रहन्छ ।

## ४.९ विश्वकर्मा जातिको नोतेदारी ब्यवस्था

मानिस सामाजिक प्राणिको कारण उ समाज विना वाँच्न सक्दैन । उस्ले समाजमा रहन समाजले वनाएको एउटा निश्चित सिमा र परिधि भित्र वाँधिएर अर्न्तक्रिया गरि समाजको हरेक

तत्वहरु संग तालमेल मिलाएर वसेका हुन्छ । समाजमा वस्दा मानिसहरुलाई आफ्नो र अर्काको भन्ने भावना उब्जिने गर्छ । यसको प्रमुख कारण समाज विद्यमान नाता प्रणाली तथा नातेदारी प्रणालीले गर्दा भएको हो । छरछिमेकि,साथीभाई र चिनेजानेका भन्दा अलग रहेको नातेदारी प्रथा धेरै ब्यापक रहको छ । जुन पुरातन समाजमा वा अति विकसित समाज जुनसुकै भएपनि नातेदारीको भावनात्मक सम्वन्ध रहेको हुन्छ ।

नोतेदारी प्रथा मुख्यगरि दुई प्रकारले स्थापित हुने गर्छ जसमा रगतको नाता र विवहाको नाता पर्ने गर्छन । यो विश्वकर्मा जातिमा पनि यस्तो दुई प्रकारको सम्वन्धहरु पाईन्छन् । रक्त सम्वन्धको नाता भन्नाले आफ्नो वावुको वंशको वा वंशाणुगत सम्वन्धलाई बुझाउँछ । विवाहको सम्वन्ध भन्नाले विवाह पछि गाँसिएको नाता सम्वन्धलाई वुझाउने गर्छ । रक्तसम्वन्धि नातामा आमा,वावु,दाजुभाई,दिदि,वहिनी,छोराछोरी,नातीनातीनिहरु समावेश हुन्छन् । यस्तै वैवाहिक नाता सम्वन्धमा सासु,ससुरा ,साला,साली,जुवाई,भिनाजु,जेठान,श्रीमति,बुहारी,भाउजु अर्थात विवाह पछि जोडीने नाता सम्वन्धहरु पर्दछन् । यसरी नातेदारी पर्दा सामाजिक सम्वन्धको उपज भएको कारणले पनि नजिकको र टाढाको साईनो भन्ने प्रचलन रहेको छ । यही सामाजिकरण प्रक्रियावाट नै नयाँ नाता-सम्वन्धको सृजना हुन्छ । नातेदारी प्रथामा नजिकको नातासंग विवाह नहुने तथा टाढाको नातामा वा नाता नपर्ने समुहमा मात्र विवाह हुने हुँदा नोतेदारी प्रथाले यी समाजमा ब्यापकता पाएको छ ।

यहि नातागोता सम्वन्धि नेपाली समाजमा प्रचलित ब्यवस्था वमोजिम नै विश्वकर्मा जातिमा पनि नातेदारी प्रथा कायम रहेको देखिन्छ । यो विश्वकर्मा जातिमा पनि माथि उल्लेख भए वमोजिम नै नजिकको नातामा विवाह नहुने गरेको पाईन्छ । प्राय : ब्राह्मण,क्षेत्री जातिमा जस्तैगरि या विश्वकर्मा जातिमा पनि विभिन्न नोतेदारहरुले आफ्नो सामाजिक भूमिका निर्वाह गर्ने गर्छन । धेरै जसो विश्वकर्मा समुदायमा नजिकै सम्वन्ध गाँस्न वा राख्न मन पराउछन् । विश्वकर्मा समाजमा अन्य जातिहरुमा जस्तो कट्टरता भने पाईदैन । यो जातिमा आफ्नो नाता भित्र औपचारिकता निभाउने भन्दा पनि अनौपचारीक रुपमा नै आफ्नो सम्वन्धलाई विकास गरेको देखिन्छ । खाना खाने वेलामा पनि भान्से वाहेक सवै परिवार चाहे छोरा,छोरी,बुहारी सवै जना संगै वसेर खाना खाने गर्छन ।

विश्वकर्मा जातिमा रक्तसम्वन्ध,वैवाहिक सम्वन्धका साथै अन्य जातिहरुमा जस्तै सनातन वौद्धिक परम्परा अनुसार मित लागाउने चलन पनि रहेको छ । प्रायः जसो यो जातिले पनि अन्य जातिले जस्तै आफ्नो जाति वाहेक अन्य जाति संग मित लगाउने प्रचलन रहेको पाईएको छ । जुन सम्वन्धलाई उनिहरुले रक्तसम्वन्ध जतिकै मान्यता दिएको पाईन्छ ।

विश्वकर्मा जातिमा आफ्ना पाहुनालाई खुवाउनको लागि आफुसंग प्रयाप्त नभएता पनि टोलछिमेकमा मागेर,सापटि मागेर पनि मिठो-मसिनो खुवाउने गर्छन । पाहुना मान्ने वा पाहुना सत्कार गर्ने चलन यो जातिमा रहेको छ ।

## ४.१० विश्वकर्मा जातिको पर्म ब्यवस्था

नेपाल कृषिप्रधान देश भएकोले यहाँका अधिकांश मानिसहरु कृषि पेशामा संलग्न रहेका छन् । कृषि पेशालाई परम्परागत ढंगले सञ्चालन गर्दै आएकोले यसमा मानविय श्रमको आवश्यकता अत्यधिक रहको हुन्छ । तसर्थ नेपाली समुदाय भित्र मिलेर काम गर्ने एउटा परापूर्व कालदेखि प्रचलनमा रहको वा अपनाईएको परम्परालाई पर्म भनिन्छ । कुनै कामको लागि पनि समुदाय भित्रका मानिसहरु आफै एक्लैले खेतिपाति गर्न नसक्ने भएकोले उसले अरुको मद्दत वा सहायता लिनु पर्दछ । ग्रामिण भेगमा नगदको कारोवार कम हुने तथा आफ्नो काम गर्नलाई

अरुलाई वोलाउनु पर्ने र वर्षभरि काम नभई निश्चित समयमा काम हुने भएकोले पर्म लगाउने चलन रहेको छ । यस प्रकार आफ्नो काम नपरेको वेलामा अर्काको खेतवारिमा गई काम गर्ने तथा आफ्नो कामको वेलामा अरुलाई आफ्नो काममा लगाउने गर्दछन् ।

स्थान अनुसार पर्मको नाम फरक रहेता पनि श्रमलाई साटासाट गर्ने यस प्रणालिलाई ग्रामिण समाजम छरिएका मजदुरको समूह भन्न सकिन्छ । तर यी मजदुरहरु पैसाको निमित्त नभई श्रमको लागि श्रम गर्दछन् ।

अध्ययन क्षेत्र पर्ने दैलेख जिल्लाको वडाभैरव गा.वि.स.का विश्वकर्मा जातिमा पनि पर्म लगाउने चलन रहेको छ । तर पर्मको माध्यमवाट खेतिपाति गरेर उत्पादन गरिएको खेतिपाति त्यति फाईदा त छैन तर पनि पर्म गर्ने चलन त प्रयाप्त मात्रामा रहेको छ । यसरी पर्म वाहेक अन्य जातिहरुवाट रुपैया पैसा लिएर ज्यालाको रुपमा काम गर्ने प्रचलन रहेको छ । पर्म गर्दा विशेष गरेर रोपाई गर्दा पर्मको प्रचलन वढि छ । यसरी काम गर्दा सवैको सहयोग पनि पाइने र काम गर्दा छिटोछरितो पनि हुने यहाँका वासिन्दाहरुको भनाई रहको छ । दलित वाहेक अन्य जातिको काम गर्दा नगद वा अन्य ज्यालाको रुपमा लिने चलन समेत चलेको छ । हालै परिवर्तनस्वरुप दलित र अन्य जाति विच पनि पर्म लगाउने चलन सुरु भएको छ ।

## ४.११ विश्वकर्मा मा महिलाको स्थिति

महिलाको स्थिति उसले प्राप्त गरेको शिक्षा,आम्दानी र उसको परिवार र उसले समाजमा निभाएका भूमिकाको आधारमा भर पर्छ । राम्रो शिक्षा प्राप्त गरि नोकरी गर्ने महिलाहरुको समाजमा उच्च स्थान रहेको हुन्छ । नेपालका अधिकांश महिलाहरुलाई दोश्रो दर्जाको नागरीकको रुपमा ब्यवहार गरेको पाईन्छ । महिलाहरुले गर्ने दैनिक घरेलु कार्यको मूल्यांकन वा लेखाजोखा नभएकोले पनि यिनिहरुको समाजमा अस्तित्व कम भएको हो भने अझै पनि पतिसत्तात्मक समाज भएको कारणले गर्दा पनि महिलाहरुले उचित सम्मान पाउन सकेका छैनन् । यस अध्ययन क्षेत्रका महिलाहरु खासगरी सरकारी काम  गर्दैनन । यिनिहरु गृहणि महिलाका रुपमा काम गर्ने गर्दछन् साथै कृषि कार्यमा यिनिहरुको महत्वपूर्ण भूमिका रहेको पाईन्छ । दैनिक रुपमा पुरुषहरु परम्परागत पेशाका अलावा ज्यालामजदुरी गेर्ने र घर बाहिरको काम गर्ने गर्दछन् । महिलाहरु खास गरेर गृहणिका साथै घर भित्र काम गर्ने गदर्छन । जस्तो उनिहरु गाई,भैसी,वाखा र कुखुरा आदिलाई दाना तथा घाँस पानी दिने,घरको सरसफाई गर्ने,केटाकेटीको हेरचाह गर्ने, घरमा आवश्यक पर्ने अनाजलाई कुटपिस गर्ने तथा अरुको ज्यालामजदुरी गर्ने जस्तो कामहरु गर्ने गर्दछन् । विश्वकर्मा जातिमा वालि भित्राउने वेलामा महिलाको भूमिका महत्वपूर्ण हुन्छ ।

विश्वकर्मा जातिमा पनि परम्परागत नेपाली जीवनशैली कै सामाजिक रहनसहन रहेको छ । प्रायः घरमुली पुरुषहरु भएकै कारणले पनि महिलाहरु पुरुष माथि निर्भर रहने भएता पनि घरायसि निर्णय प्रक्रियामा भने महिलाको पनि सहभागिता रहेको पाईन्छ । फुर्सदको समयमा पुरुषलाई काममा सघाउने गर्दछन् ।

पुरुषको तुलनमा महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था कमजोर रहेको देखिन्छ । महिलाहरुलाई कामको ज्याला कम दिने,उनिहरुले कमाएको ज्याला पुरुषहरुले खर्च गरिदिने गर्नाले विश्वकर्मा महिलाहरु आर्थिक रुपमा पिछडिएका छन् । विश्वकर्मा जातिमा महिलाको अवस्था दयनिय रहेको छ । शैक्षिक क्षेत्रमा पनि पछि परेका कारण स्वयं विश्वकर्माहरुको समेत

जीवनस्तर माथि उठ्न नसकेको कारणले पनि विश्वकर्मा महिलाहरुको स्थिति कष्टकर रहेको वा सन्तोषजनक रहेको देखिदैन ।

### ४.१२ विश्वकर्माको आर्थिक अवस्था

वडाभैरव गा.वि.स. का विश्वकर्माहरुको आर्थिक पक्षको मुख्य श्रोतको रुपमा कृषि रहेको छ भने केहि परिवारको नोकरी र भारतमा गरिने ज्याला मजदुरी नै हो । यसरी ज्याला मजदुरी गरेर हुने कमाई सवैको समान हुदैन । विशेष गरेर भारतमा गएर ज्याला मजदुरी गर्नेहरुले केहि तुलनात्मक वृद्ध ब्यक्तिहरुले चार देखि पाँच महिनाको समयमा करिव ६ देखि १० हजार सम्म कमाउने गर्दछन भने शहरी क्षेत्रमा होटलमा काम गर्न जाने युवावर्ग १/२ वर्ष सम्म पनि उतै बस्ने चलन रहेको छ र आउदाखेरी २५/३५ हजार सम्म कमाई गरेर ल्याउने गरेको यहाँ स्थानिय वासिन्दाहरुको भनाई छ । छिमेकि राष्ट्र भारत वाहेक अन्य मुलुकहरुमा गएको भने पाईएको छैन । केहि ब्यक्तिहरु भने सरकारी नोकरी,सेना तथा पुलिसमा भरखरैमात्र नोकरी गर्न थालेका छन् । कृषि क्षेत्रवाट भने त्यति राम्रो प्रतिफल दिन नसकेको कारण यहाँको विश्वकर्माहरुको आर्थिक पक्ष समेत सवल छैन । फेरी उनिहरु संग भएको जग्गाले खाना नपुग्ने तथ्य समेत फेला परेको छ । शहरीकरण र औद्योगिकरण पनि नभएको कारण गर्दा यहाँ वसोवास गर्ने विश्वकर्मा समुदायको आर्थिक अवस्था एकदमै कम्जोर रहेको स्थलगत सर्वेक्षणवाट जानकारी प्राप्त भयो । यस अध्ययन क्षेत्रमा रहेका विश्वकर्माहरुको आर्थिक अवस्थाको विश्लेषण र यसमा पर्ने प्रभावका वारेमा विस्तृति रुपमा यहाँ उल्लेख गर्ने प्रयास गरिएको छ :-

#### ४.१२.१ भू- स्वामित्व

वडाभैरव गा.वि.स. अर्न्तगत रहेका विश्वकर्मा जाति संग थोरै जग्गा मात्र आफ्नो नाममा रहेको छ । आफ्नो स्वामित्वमा भएको जग्गामा यिनिहरुले धान,मकै,गहुँ, भटमास आदि वालि लगाउने गर्दछन । मकै धान र गहुँको दाँजोमा भटमास ज्यादै कम उत्पादन गर्ने गरेको कुरा अध्ययन क्षेत्रका वासिन्दाहरुले वाताएका छन् । आयआर्जन हुने हिसाववाट यिनिहरुले तरकारी अथवा अन्य नगदेवालीको खेति गरेको पाईदैन । यसो हुनुको मुल कारण सिचाईको अभाव हुनु हो । जसको कारण उत्पादन ज्यादै कम हुने गर्दछ । यिनिहरुको खेति गर्ने तरिकामा कुनै भिन्नता आएको पाईदैन । जुन परम्परागत रुपमा खेति गर्ने प्रचलन अनुसार रहेको छ । त्यही प्रणाली अनुसार नै यिनिहरुले खेति गर्ने गर्दछन । यिनिहरुको मेहनतको तुलनामा उत्पादन ज्यादै न्यून रहेको देखिन्छ । तलको तालिका अध्ययनको क्रममा लिईएको तथ्यांक अनुसार उनिहरुसंग भएको जग्गा जमिनको लागत लिई त्यसलाई तल प्रस्तुत गरिएको छ :-

**तालिका नं.८**

**वडाभैरवका विश्वकर्माको भू- स्वामित्वको अवस्था**

| क्र.सं. | भूमिको क्षेत्रफल रोपनीमा | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४ देखि १० रोपनी | ११६ | ७०.७ |
| २ | १० देखि १५ रोपनी | ३५ | २१.३ |
| ३ | १५ देखि ३० रोपनी | ५ | ३ |
| ४ | जग्गा नहुने | ८ | ५ |
| जम्मा | | १६४ | १०० % |

**श्रोत :- स्थलगत सर्वेक्षण**

यसरी स्थानिय विश्वकर्माहरुसंग भएको जग्गाको उपलब्ध विवरण हेर्दा सामान्य जीवनयापनको लागि जग्गा अप्रयाप्त भएको देखिन्छ किन भने करिव ६ जनाको औषत परिवार रहेको विश्वकर्मा वस्तिमा जग्गा जमिन नभएको भूमिहिन संख्या पनि ८ परिवारको अर्थात ५ प्रतिशत पाईएको छ । जसमा ११६ घरपरिवारको संख्या अर्थात ७०.७ प्रतिशत जीवनयापनको लागि ४ देखि १० रोपनी मात्र जग्गा रहेको पाईयो । त्यसै गरि १० देखि १५ रोपनी जग्गा रहेको घरसंख्या ३५ अर्थात २१.३ प्रतिशत र १५ देखि ३० जग्गा भएको परिवार संख्या ५ अर्थात ३ प्रतिशत रहेको स्थलगत सर्वेक्षणवाट जानकारी प्राप्त भयो । यसरी जग्गा जमिन कम हुनुमा पहिलेको पुर्ख्यौली सम्पतिमा छोरा-नातीले थप्न नसक्ने र छोरा,नाती धेरै भएर सम्पति वा जग्गा भाग लगाउँदा कम हुनु हो । यो अध्ययन क्षेत्रमा मोहियानि खेतवारी मा वसोवास गर्ने संख्याभने न्यून रहको देखिन्छ ।

**तालिका नं.९**

**अध्ययन क्षेत्रको मुख्यवालीको उत्पान क्षमता**

| **क.सं.** | **खाद्यान्नको प्रकार** | **प्रतिकठ्ठा** | **उब्जनी (पाथीमा)** |
|---|---|---|---|
| १ | **धान** | प्रतिरोपनी | २० पाथी |
| २ | **गहँ** | प्रतिरोपनी | १५ पाथी |
| ३ | **मकै** | प्रतिरोपनी | २० पाथी |
| **जम्मा** | | | ५५ पाथी |

**श्रोत :- स्थलगत सर्वेक्षण,२०६३**

यसरी उपयुक्त तालिका अनुसार खेतिमा धान प्रतिरोपनी २० पाथी, गहुँ प्रतिरोपनी १५ पाथी प्रतिरोपनी,मकै प्रतिरोपनी २० पाथी उब्जनी गरेको देखिन्छ ।

**तालिका नं.१०**

**आफ्नो कृषिजन्य उत्पादनवाट गुजारागर्ने विश्वकर्माहरुको आवधिक विवरण**

| **क.सं.** | **खाना पुग्ने समय** | **घरपरिवार संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | **वर्ष दिन खान पुग्ने** | २६ | १५.९ |
| २ | **६ महिना खाना पुग्ने** | १२० | ७३.१ |
| ३ | **३ महिना खाना पुग्ने** | १० | ६.१ |
| ४ | **खासै खाना नपुग्ने** | ८ | ४.९ |
| **जम्मा** | | १६४ | १०० % |

**श्रोत :- स्थलगत सर्वेक्षण,२०६३**

माथिको तथ्यांक अनुसार वडाभैरव गा.वि.स. का विश्वकर्मा जातिका २६ घर परिवार अर्थात १५.९ प्रतिशलाई आफ्नो कृषिजन्य उत्पादनवाट वर्ष दिन खाना पुग्ने देखिन्छ । १२० परिवार अर्थात ७३.१ प्रतिशतलाई ६ महिना खाना पुग्छ । त्यसै गरि १० घर परिवार वा ६.१ प्रतिशत लाई आफ्नो कृषिजन्य उत्पादनवाट केवल ३ महिनामात्र खाना पुग्छ । वाँकि रहेका ८ परिवार अर्थात ४.९ प्रतिशतलाई पुरै वर्षभरिनै बेसायको खाना खानु पर्ने बाध्यता रहेको छ ।

समग्र रुपमा कृषि सम्वन्धि तालिकावाट भन्नुपर्दा कृषि पेशा विश्वकर्मा जातिको मुख्य पेशाभएता पनि वर्ष दिन खान नपुग्ने भएकोले विदेश धाउनु पर्ने एवं अरुको ज्याला मजदुररी गर्नु पर्ने वाध्यता रहेको छ ।

### ४.१२.२ **पशुपालन**

भौतिक अवस्थिको कारणले गर्दा नेपालमा ऐतिहासिककालदेखि नै पशुपालन हुँदै आएको छ । नेपाली जनताको मिश्रित अर्थब्यवस्था मध्ये पशुपालन पनि एक आर्थिक पक्षको रुपमा रहेको छ । गाउँघरमा पशुपालन गर्नाको मुख्यकारणहरुमा आंशिक रुपमा दुध र मासुको आवश्यकता पुर्ति गर्न र अर्कोतिर खेतवारीको लागि आवश्यक मल आपूर्ति गर्नु हो । यहाँका विश्वकर्माहरुले गाई,भैंसी,वाखा तथा कुखुरा पाल्ने गरेका छन् । जंगल तथा चरन क्षेत्रको विनासका कारण सरकारको निरिक्षणमा रहेको र गोठाला जाने वालवालीकाहरु विद्यालय जान थालेकोले पशुपालन ब्यवसायको रुपमा हुन छोडेको छ ।

स्थलगत सर्वेक्षणका आधारमा यहाँका विश्वकर्माहरुको पशुपालन ब्यवसायको स्थितिको तथ्यांक निम्नानुसार रहेको छ :-

**तालिका नं.११**

**पशुपालनको विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | **गाई** | १३० | १३.६८ |
| २ | **गोरु** | ८४ | ८.८४ |
| ३ | **भैंसी** | ८० | ८.४२ |
| ४ | **बाखा** | ९६ | १०.१० |
| ५ | **कुखुरा** | ५६० | ५८.९६ |
| **जम्मा** | | ९५० | १०० % |

**श्रोत :- स्थलगत सर्वेक्षण,२०६३**

### ४.१२.३ **पेशा**

समान्यतया वर्तमान अध्ययन क्षेत्र वडाभैरव गा.वि.स.का विश्वकर्माहरुको अर्थतन्त्र एवं पेशा कृषिमा आधारित छ । धेरै जसो यस अध्ययन क्षेत्रका मानिसहरु साना किसान हुन र यिनिहरुको मुख्य पेशा कृषि हो । यहाँ औद्योगिक विकास नभएको कारण अर्थोपार्जनको अन्य विकल्पहरु रहेका छैनन् । धान,मकै,कोदो,गहुँ,जौं,आलु आदि यो क्षेत्रका मुख्य वमलिहरु हुन । त्यही पनि यी वालीहरुवाट प्रयाप्त उत्पादनको कमि रहेको छ । त्यसै प्रकारले फलफुलहरुमा

सुन्तला,केरा,कागती आदि र तरकारी पनि उत्पादन गरीन्छ । यदि यी कुनै पनि वस्तुहरुको उत्पादन वढि भएमा तिनिहरुलाई स्थानिय वजारमा विक्रि गरिन्छ ।

अन्य आम्दानीको श्रोतमा केहि विश्वकर्माहरु विदेश गएर ज्याला मजदुरी गरेर आम्दानी गर्छन भने केहिले स्थानिय ठाउँहरुमा नै ज्याला मजदुरी गर्ने गर्दछन् । केहि ब्यक्तिले मात्र आफ्नो परम्परागत पेशा फलाम,तामा,सुनचाँदीको काम गर्ने गर्छन । यहाँका केहि सिमित ब्यक्तिहरुमात्र सरकारी सेवाको रुपमा सेना,पुलीस,शिक्षक आदिको काम गर्ने गर्दछन् । केहि परिवारले भने फलाम,सुनचाँदी,तामाको कामको अलावा जीबिका चलाउनका लागि घर छाउने पत्थर काट्ने र त्यसलाई वेचेर आम्दानी गर्ने गर्दछन् ।

अध्ययनको क्रममा याहाँका प्रायजसो मानिसहरु ज्यालाको काम गर्ने गरेको पाईयो । ज्यालामा महिला र पुरुषमा केहि भेदभाव भने पाईयो । जस अर्न्तगत महिलालाई ज्याला कम र पुरुषलाई ज्याला वढि दिने गरेको पाईयो । महिला कामदारलाई काम गरेर रु ५० र पुरुषले रु १००/१५० सम्म दिने चलन भएको पाईयो । पुरुष दक्ष जनशक्तिको ज्याला रु २००/२५० सम्म लिनेदिने गर्दछन । ब्यापार तथा ब्यवसायमा भने त्यति झुकाव पाईएन । त्यहाँका विश्वकर्माहरुमा १/२ घर मात्र ब्यापारमा लागेपनि आफ्नो परम्परागत पेशा र कृषिलाई पनि छोडेका छैनन् ।

## ४.१३ स्वास्थ्य अवस्था

दैलेख जिल्ला वडाभैरव गा.वि.स.का विश्वकर्माहरु स्वस्थ खानेपानी नहुनु र उचित ठाउँमा फोहोरको ब्यवस्थापन हुन नसकेको साथै घरघरमा चर्पिहरु नभएको कारण यहाँ विभिन्न रोगहरुले सताएको पाईयो । स्वास्थ्यको दृष्टिले यहाँका अन्य जातिहरु भन्दा विश्वकर्मा जातिमा कमचेतना भएको पाईयो । यो जाति पनि अन्धविश्वासमा जकडिएकोले विरामि पर्दा पहिले धामि,झाँक्रि गर्ने र त्यसपछिमात्र स्वास्थ्य संस्थामा लैजाने गरेको अध्ययनको क्रममा भेटाईयो । अनुसन्धनको क्रममा तपाई विरामि पर्दा पहिला उपचार गर्न कहाँ जानु हुन्छ भनेर प्रश्नगर्दा धामि,झाँक्रिमा भन्ने उत्तर पाईयो । त्यसपछिमात्र ठिक नभएमा स्वास्थ्य चौकि जाने गरकोकुरा वताए । यद्यपि उनिहरुमा धामि,झाँक्रिमा वढि विश्वास रहेको पाईन्छ । जुनकुराको ब्याख्या विश्वकर्माहरु स्वयंले गर्ने गर्दछन् । उपचारको लागि आफ्नै गा.वि.स.मा रहेको उप-स्वास्थ्यचौकि वडाभैरवको दुनीमा,लाँकुरीको सेर्माकोटमा र सदरमुकाम दैलेख वजार स्थित जिल्ला अस्पताल र मेडिकलहरुमा जाने गरेका छन् । कमजोर आर्थिक अवस्थाको कारणले धेरै ब्यक्तिहरु उपचार गर्न नसकेर अकालमै मृत्यू हुने गरेको भनाई अध्ययनको सिलसिलामा आएको थियो । सवै विश्वकर्माहरुमा स्थानिय स्तरमा पाईने औषधि गर्ने चलन अनुसार पाका उमेरका विश्वकर्माहरुले जडिवुटीको प्रयोग गर्ने विधिहरुको समेत जानकारी भएको भेटाईयो । यहाँका विश्वकर्माहरु प्रकृतिपुजक भएकोले होला रोगवाट मुक्त हुनको लागि धामि,झाँक्रिको,ब्राह्मणको मद्दतले वेलावेलामा पुजापाठ गर्ने गर्दछन् । यिनिहरुको घरमा चर्पिको ब्यवस्था नभएको कारण यिनिहरुले घरनजिक रहेको खोलाखाल्सीलाई चर्पिको रुपमा प्रयोग गर्ने गरेका छन् । उक्त गा.वि.स. का केहि वडाहरुमा अध्ययनको क्रममा केहि संस्थाद्धारा चर्पि निर्माण गर्ने क्रममा रहेको भेटाईयो ।

## ४.१४ खानेपानी तथा सरसफाई

वडाभैरव गाउँ विकास समितिका प्रत्येक वडाहरुमा खानेपानीको समस्या रहेको छ किनकि कुनै ठाउँमा पानीका श्रोतको अभाव रहेको छ भने कुनै ठाउँमा निर्माण भएका धाराहरु र पानीका श्रोतहरुको उचित संरक्षणको अभाव रहेको छ । यहाँका जनताहरुका लागि आवश्यक पर्ने खानेपानी कुनै पनि संघसंस्थाले सहयोग नगरेको गुनासो यहाँका स्थानीय वासिन्दाहरुले बताउने गरेका छन् । यिनीहरुले पिउनेपानीका लागि प्राकृतिक धाराहरु प्रयोग गर्ने गरेको स्थानीय वासिन्दाहरुले बताउने गर्छन् । खानेपानी धमिलो र लेदो भरिएको भएतापनि शिक्षाको अभावमा खानेपानी उमालेर खानेपानी गरेको पाइएन । घरआँगनमा सरसफाईको अभावका कारण फोहर पाइयो । उनीहरु प्रायःजसो पानीको समस्या र धाराबाट लयानुपर्ने पानीको समस्याले तथा कामकाजको कारण वेफुर्सद भएकोले सरसफाई गर्न त्यति सम्भव नभएको कुरा स्थानीयवासीहरु बताउँछन् ।

## ४.१५ सामाजिक संस्कारहरु

बालक जन्मने वित्तिकै गरिने पहिलो-पहिलो संस्कार जात कर्म वा जन्म संस्कार हो । वास्तवमा परिवारमा नयाँ सदस्यले जन्म लिनुलाई मानव समाजले श्रृष्टिकालदेखि नै एक महत्वपूर्ण घटनाको रुपमा हेर्ने गरिन्छ । पछि सामुदायिक संस्कार हुन थालेपछि प्राचीन सुत्रकारहरुले जात कर्म अर्थात जन्मसंस्कारको रुपमा ब्याख्या गरे । यसको लागि सबभन्दा पहिला वैवाहिक सम्बन्ध राखी आफ्नो वंशलाई निरन्तरता दिने गर्छन् । जब मानिसहरु युवा अवस्थामा पुग्छन् अनि वैवाहिक सम्बन्धमा बाँधिन्छन् र वैवाहिक सम्बन्ध पश्चात बच्चा प्राप्ति हुने गर्छ । बच्चाको जन्म भैसकेपछि उसको सामाजिक जीवनको सुरुवात हुने गर्छ । विश्वकर्मा जातिका महिलाहरु गर्भवती भएपछि उसलाई गाह्रो काममा लगाइदैन । जब सुत्केरी हुन्छन् त्यसपछि ज्वानोको झोल, कुखुराको मासु, घ्यू राखेको भात र घ्यू खुवाउने गर्छन् । यस जातिमा सुतक बार्ने चलन छ र सुतकलाई १० दिन बार्ने गरिन्छ । ११ औं दिनमा भने न्वारन गर्ने चलन रहेको छ ।

जन्म संस्कारको क्रममा बच्चा जन्मेको छैंठौं दिनको रातमा चित्रगुप्त जसलाई स्थानीय वासिन्दाहरु भावि पनि भन्ने गर्छन् । उनले बच्चाको निधारमा भाग्य कोरिदिन्छन् भन्ने विश्वास गरिन्छ । यसरी यदि पहिलो बच्चा छोरा जन्मेमा गाउँघरका मानिसहरु भेला भई विभिन्न नाचहरु धमारी, पैंसरी खेल्ने साथै गीत गाएर नाचेर रमाइलो गर्छन र त्यस दिनमा खसी काटेर छैंठी खेल्न आएका मानिसहरुलाई भोज दिने गर्छन् । र ११ औं दिनमा न्वारन गरिसकेपछि जन्म

संस्कार पूरा भएको मानिन्छ । सुत्केरीलाई विशेषगरी ११ दिनसम्म पुरुषहरुले छुनुहुँदैन भन्ने संस्कार रहिआएको पाइन्छ । यदि सुत्केरी महिलालाई छोएमा आफ्नो कुल देवता रिसाउने, घरमा रोग, बिमार लाग्न सक्ने तथा अशुभ हुन सक्छ भन्ने कुरामा विश्वकर्माहरुको विश्वास रहेको छ ।

### ४.१५.२ न्वारन अर्थात नाम कर्म

यो संस्कार सम्पूर्ण हिन्दू जातिहरुको दोस्रो महत्वपूर्ण संस्कार हो, जुन विश्वकर्मा जातिमा पनि विद्यमान रहेको छ । बच्चा जन्मेको ११ दिनमा हिन्दू संस्कार अनुसार नवजात शिशुको नाम राख्ने वा न्वारन गर्ने गरेको पाइन्छ । यहाँको अध्ययनक्षेत्रका विश्वकर्मा जातिमा छोरीको नवौं दिनमा र छोराको एघारौं दिनमा न्वारन गर्ने गरिन्छ । हिन्दू परम्पराअनुसार न्वारनका दिनमा विश्वकर्माका पुरोहितलाई बोलाएर सुत्केरीलाई नुहाउने त्यसपछि कर्म गरी गहुँतपानी सुत्केरीलाई दिएर नवजात शिशुलाई र आमालाई पँहेलो धागोले बाँधेपछि सुत्केरी चोखिन्छन् । न्वारनको दिनमा शिशुलाई सूर्यको दर्शन गराइन्छ । न्वारनको मुख्य काम नै बच्चाको नामाकरण गर्ने भएकोले त्यसदिनमा पनि ब्राम्हण तथा क्षेत्रीहरु जस्तै गाउँमा ज्योतिषी काम गर्ने ज्योतिषकहाँ गएर नाम हेर्ने चलन रहेको छ । जुन नाम ज्योतिषशास्त्रका आधारमा राख्ने गरिन्छ । गहुँत छर्केर सुत्केरी तथा सबैलाई टिका लगाइदिएपछि यो कर्म सकिन्छ । त्यस दिनमा गाउँलेहरु डाकी भोज भतेर दिने चलन पनि रहेको छ ।

### ४.१५.३ पास्नी वा भात खुवाइ

बालकलाई पहिलो पटक विशेष विधिपूर्वक ठोस आहार जस्तै भात खुवाउने संस्कारलाई अन्नप्रासन वा पास्नी वा भातखुवाइ भनिन्छ । यो विश्वकर्मा जातिमा छोरीलाई ५ महिनामा र छोरालाई ६ महिनामा भात खुवाउने चलन रहेको छ । ज्योतिषीले पञ्चाङ्ग पात्रो हेरेर निकालेको तिथिको दिन बालकलाई नुहाइदिने, नयाँ लुगा लगाइदिने र तामाको सिक्काले भात खुवाउने चलन रहेको छ । यो दिनमा आफ्ना आफन्तहरु तथा इष्टमित्रहरुलाई बोलाई भोज खुवाउने चलन रहेको छ । यो विश्वकर्मा जातिमा त्यस दिनमा मामाको उपस्थितिलाई अनिवार्य मानिन्छ । साथै त्यसदिनमा मामाले भान्जा वा भान्जीलाई एकजोर कपडा दिने प्रचलन रहेको छ । अलि हुनेखानेले यसो गर्ने गर्छन् तर नहुनेले बाजे, बज्यै वा फुपूले भात खुवाएर यो कर्म गर्छन् ।

### ४.१५.४ व्रतबन्ध वा चुडाकर्म

विश्वकर्मा जाति पनि हिन्दू धर्म मान्ने भएकोले यिनीहरुका कतिपय सामाजिक एवं साँस्कृतिक संस्कारहरु अन्य जातिहरुसँग मिल्ने गर्छन् । विश्वकर्मा समाजमा गरिने कर्मकाण्डमध्ये छोराको व्रतबन्ध वा केशमुण्डनलाई उनीहरुले चुडाकर्म पनि भन्ने गर्छन् । चुडाको अर्थ टुप्पी, संस्कारको रुपमा वर्णन गर्दा छोराको पहिलो पटक कपाल खौरने दिन कार्य बुझिन्छ । वास्तवमा यो कर्ममा विधिपूर्वक कपाल खौरेर चुडा अर्थात टुप्पी राखिने भएकोले यस संस्कारलाई चुडाकर्म भन्ने गरेको पाइन्छ । व्रतबन्ध गर्ने उमेर प्रायः कुनै निश्चित उमेर छैन प्रायःजसो १० देखि २०/२१ वर्ष सम्मका व्यक्तिहरुको गर्ने गर्छन् । तर कसैले १० वर्षभन्दा पहिला पनि व्रतबन्ध गर्ने गरेका छन् ।

व्रतबन्ध गर्ने दिनको शुभ साइत पुरोहितले हेरेर गर्ने गरिन्छ । यो कर्म गर्दा एकदिनअघि बाँस, ऊखु र केराको पाँचवटा खामागाडी जग्गे बनाइन्छ, त्यसपछि व्रतबन्धका दिनमा पुरोहितले रेखी हालेर दियोकलस गणेश थापी ब्रम्हा, विष्णु, महेश्वर लगायत सूर्य, चन्द्रमा र पृथ्वीको पूजा गर्ने काम व्रतबन्ध गर्ने व्यक्तिले गर्छ । यो कर्मलाई विश्वकर्माहरुले व्रतबन्ध अर्थात उपनयनकै रुपमा विधिविधान गर्छन् । व्रतबन्ध हुनेको व्यक्तिको कपाल खौरिंदा टुप्पीलाई राख्ने चलन यो विश्वकर्मा जातिमा रहेको छ । उता जग्गे विधि पूरा भइसकेपछि कुमारलाई भिक्षा दिने गर्छन् । कुमारले डुलेर सबै मानिससँग जो त्यहाँ उपस्थित छन् सबै जना सँग माग्ने गर्छन् ।

यो चुडाकर्मको सम्पूर्ण विधि-विधान सकिएपछि अन्त्यमा आफना दाजुभाइ, इष्टमित्रलाई मान्यता अनुसारको टिकाटाला गरेर भोजभतेर खुवाएर विदाई गरिन्छ । यसरी विश्वकर्माहरुको चुडाकर्म समाप्छ हुन्छ ।

### ४.१५.५ विवाह

विवाह हिन्दूहरुको लागि सोह्र संस्कारहरुमध्येको एउटा पवीत्र संस्कार हो । आत्मा शुद्धि र सन्तानोत्पादनको धारणाबाट अभिप्रेरित भएर विवाह गरिन्छ । विवाह एक सामाजिक परम्परा पनि हो, जसले दुई विपरीत लिङ्गको सामाजिक मेल गराउने काम मात्र नभएर परिवारलाई नै सम्बन्धको घेरामा बाँध्ने काम हुन्छ । सामान्यतया विश्वकर्माहरुमा केटाकेटीको उमेर पुगेपछि विवाहको तयारी पारिवारिक रुपमा नै गर्ने गरिन्छ । यो जातिमा पनि ब्राम्हण र क्षेत्रीले जस्तै मामाचेली र फुपूचेलीबीच वैवाहिक सम्बन्ध नहुने कुरा स्थलगत सर्वेक्षणबाट प्राप्त भयो ।

विश्वकर्मा जातिमा दुई किसिमको विवाह प्रचलनमा रहेको पाइन्छ । तिनीहरुमा मातापिताले खोजेको योग्य वरसँग गरिने विवाह जसलाई मागी विवाह पनि भनिन्छ र अर्को

विवाह जसलाई गान्धर्व विवाह वा प्रेम विवाह भनिन्छ, जुन विवाहमा केटाकेटीको आपसी सम्बन्धबाट हुने विवाह हो । यो जातिको विवाह आफ्नै जातको केटा-केटीसँग मात्र हुने गर्छ । मागी विवाहको प्रचलन अत्यधिक रुपमा रहेको छ । यस्तो विवाह किन बढी हुन्छ भनेर अनुसन्धान गर्दा उत्तरदाताहरुले मागी विवाह गर्दा आफ्नो गच्छेअनुसारको केटी खोज्नु खानदान, कुल परम्परा सबै बुझ्न पाइने हुँदा मागी विवाह राम्रो भएको मान्दछन् । यो जातिमा विवाह गर्दा आफ्नो नाता कुटुम्बलाई केटी खोज्न लगाइन्छ र केटा तथा केटीको राजीवाजी गराइन्छ र चित्त बुझेपछि मात्र विवाहको कुरा पक्का गरिन्छ । विवाहको साइत पुरोहितबाट निकालिन्छ । यसरी साइत निक्लेको दिनमा बेहुलाको घरपट्टिबाट बेहुलीको घरमा जन्ती लगिन्छ । जन्तीमा आफ्ना दाजुभाइ, इष्टमित्र र छरछिमेक रहेका हुन्छन् । यिनीहरुलाई केटी पक्षबाट खानाको व्यवस्था गरिन्छ । यिनीहरुले पनि जग्गे गाडेर केटीलाई कन्यादान दिने प्रचलन छ । जन्ती लगिसकेपछि दुलाहको घरमा रत्यौली खेल्ने चलन छ । दुलहीलाई घरमा भित्र्याएको भोलिपल्छ केटाको घरमा भोज गरिन्छ । यो जातिको विवाह पनि अन्य जाति सरह नै हुने गर्छ । यहाँका दुई घरमूलीले अर्को जातसँग विवाह गरेको पाइयो ।

प्रेम विवाह पनि यो जातिमा आजकल प्रचलनमा रहेको पाइयो । केही घरका नयाँ पुस्ताका केटाहरुले प्रेम विवाह गरेको बताए । कसरी विवाह गर्नुभयो भन्ने प्रश्नको जवाफमा उत्तरदाताले आफ्नो हित्तचित्त मिलेपछि अन्यत्र गएर विवाह बन्धनमा बाँधिएको कुरा बताए । यस अध्ययन क्षेत्रमा रहेका विश्वकर्माहरुलाई विवाह गर्ने उमेर सोध्दा केटीको १८-२० र केटाको २०-२२ वर्षसमममा गर्नुपर्छ भन्ने कुरा बताए । यसरी हेर्दा वर्तमान समयमा विश्वकर्माहरुमा प्रायः कम पढेको भएतापनि यिनीहरुमा सानो उमेरमा विवाह गरिदिनु हुँदैन भन्ने चेतनाको अभिवृद्धि भएको महशुस गर्न सकिन्छ ।

जारी तथा विधवा विवाह यो समाजमा केही मात्रामा अध्ययनक्षेत्रका विश्वकर्माहरुमा अझैं कायम रहेको देखिन्छ । विश्वर्मा जातिमा यदि कसैको श्रीमतीलाई भगाएर जारी विवाह गरेमा पहिलाको श्रीमानलाई तोकिएको जारी खर्च रुपैयाँ वा जिन्सी सामानको रुपमा बुझाउने प्रचलन रहेको छ । केही व्यक्तिहरुले जारी विवाह पनि गरेको पाइयो । तर हाल आएर भने जारी विवाह गर्ने चलन कम हुँदै गइरहेको पाइन्छ । यसरी जारी तथा विधवा विवाह गर्नुको प्रमुख कारणमा युवाहरु, प्रेम विवाह गर्ने, जाँडरक्सी खाने, एकआपसमा रमाइलो गर्ने, त्यसपछि त्यो रमाइलो मायापिरतीमा परिणत हुनुलाई मुख्यरुपमा लिन सकिन्छ । प्रेम विवाहबाट नै विश्वकर्मा जातिबाहेकको अन्य जातिसँगको कन्यासँग प्रेम गरेर बच्चा जन्मेमा विश्वकर्मा जातिमा समावेश गराइन्छ ।

### ४.१५.६ मृत्य वा अन्त्यष्टि

मृत्यु संस्कार भन्ने वित्तिकै मानिस मरेपछि गरिने कर्मकाण्डलाई बुझाउँछ । हिन्दू धर्मावलम्बीहरु पूर्वजन्ममा विश्वास गर्दछन् । हिन्दू धर्ममा आस्था राख्ने हुनाले विश्वकर्माहरुले अन्त्यष्टिलाई मुख्य स्थान दिएका छन् । यो संस्कार राम्रोसँग नगरेदेखि मृत-आत्मा प्रेत बनी परिवारका अन्य जीवित सदस्यलाई अनेक प्रकारको दुःख दिन्छन् भन्ने जनविश्वास यस जातिमा रहेको पाइन्छ । तर अध्ययन क्षेत्रमा रहेका दुई घर क्रिश्चियत धर्मावलम्बीले यस्ता सबै कुरामा विश्वास नगर्ने कुरा बताए । जब मानिसको मृत्यु हुन्छ, तब आफ्ना दाजुभाइ लगायत छरछिमेक जम्मा भएर लासलाई घाटमा लगी दाउराको चितामा राखेर लासलाई जलाइन्छ । लासलाई जलाउँदा मृतकको छोरा वा छोरा नभए नजिकको हकदारले लासमा दागवत्ति दिन्छन् । शव खरानी भैसकेपछि शब दाह गरेको स्थान पखालेर नदीमा फ्याँक्ने तथा अस्तु नदीभित्र गाड्ने गरिन्छ । घाटबाट फर्कनु अघि क्रियापुत्रीको कपाल खौरिन्छन् भने अरु मलामीले खल्को हाल्दछन् । यता घरमा रहेका मृतकको परिवारका महिलाहरु ठीक यति बेला लास जलिसक्यो होला भन्ने भएपछि नजिकको नदी वा धारामा गएर नुहाएर चोखो पानी लिएर बस्छन् ।

क्रियापुत्रीले पुरै सेतो बस्त्र पहिरिएर ११ दिनसम्म एकछाक मात्र भात खाने र भातसँग घ्यू खाने बरु नूनहरु बार्ने गर्छन् । यसरी क्रिया शुरु गर्दा ढिकुराको काम गरेर मात्र पहिलो छाक खाने काम क्रियापुत्रीले गर्छन् । यसरी क्रियाको क्रममा दशौं दिनमा ढिकुरा भत्काउने गर्छन् । क्रियापुत्रीहरु राडीको ओच्छ्यान वा परालमा सुत्ने गर्छन् । ढिकुरा नभत्काउँदासम्म कसैले पनि क्रियापुत्रीलाई छुन मिल्दैन । १० दिनका दिन एकसरो भाँडावर्तन, लुगाफाटो, गुन्द्री आदि सैयादान गरिन्छ । यदि दशौं दिन आइतबार वा बुधबार परे ८ दिन वा ११ दिनमा क्रिया समाप्त हुन्छ । क्रिया समाप्त हुनुपूर्व मृतको श्रद्धाञ्जली स्वरुप पीपलपानी उल्जिने चलन रहेको छ । क्रिया समाप्ती गर्दा छोरीचेलीहरु, भाञ्जा-भाञ्जीलाई बोलाई टिका तथा दक्षिणा गरिन्छ । त्यसपछि ४५ दिन वा ६ महिना वा वर्ष दिनसम्म बरखी बस्दछन् तथा वार्षिक तिथिमा श्राद्ध गरिन्छ । वार्षिकीमा पुनः गच्छेअनुसार सैयादान र छोरी, भान्जा, भान्जी, ज्वाइँ आदिलाई बोलाएर भोज खुवाइन्छ । बरखी बस्दा शुद्ध बस्ने, शुद्ध खाने र सेतो कपडा लगाउने गर्छन् । त्यसअवधिमा त्यस घरमा कतै पूजा, शुभकार्य (विवाह, व्रतबन्ध, उत्सव) केही गरिदैन । सो वर्षदिनभरि मृतकको घरमा जुठो परेको मानिन्छ । यसरी आफ्नो श्रीमानको मृत्यु भएमा मृत्यु भएको मानिसको श्रीमतीले रातो टिका नलगाउने, रातो कपडा नलगाउने तथा गरगहना समेत केही नलगाउने चलन रहेको समेत अध्ययनको क्रममा बताएका छन् ।

### ४.१५.७ भाषा र बोलचाल

विश्वकर्मा समुदायको विशेष रुपमा आफ्नै प्रकारको भाषा छैन । उनीहरुले प्रयोग गर्ने भाषा पूर्णरुपले नेपाली भाषा हो किनकि यिनीहरु आर्य संस्कृतिभित्र पर्ने खालको शारीरिक बनौट रहेको छ र उनीहरुले प्रयोग गर्ने खालको छ । त्यसैले विश्वकर्माहरुले प्रयोग गर्ने भाषा ब्राम्हण र क्षेत्रीहरुले प्रयोग गर्ने भाषाहरुसँग मिल्दोजुल्दो छ । विश्वकर्मा जातिको आफ्नै छुट्टै भाषा वा लिपी नभएको र देवनागरी लिपी नै चलाएको भएतापनि जनसङ्ख्या, शैक्षिक चेतना र गरीबीको अवस्थालाई हेर्ने हो भने यो भाषाको निरन्तरतालाई सन्तोषजनक नै मान्न सकिन्छ । विश्वकर्मा जातिको जनसंख्या धेरै हुनु र समाजहरुसँग जाँदा जनसम्पर्कको भाषाको रुपमा प्रयोग हुन सक्नु हो ।

### ४.१५.८ घरको बनावट

भौगोलिक विविधता अनुसार प्रत्येक स्थानमा घरहरु फरक-फरक हुने गर्छन् । विश्कर्मा जातिको घर यस्तै छ भन्नु निश्चय नै न्यायसंगत हुँदैन । हावापनी र स्थानीय रहनसहनले भौतिक संस्कृतिमा परिवर्तन ल्याउने गर्छ । यस अध्ययन क्षेत्रका घरहरु सामान्य खालका छन् । प्रायः पुराना दुईतले दुईपाखे घरहरु रहेका छन् । घरका छानाहरु पत्थरले छाउने गरेको पाइन्छ । घरलाई कमेरो माटो र तलतिर थोरै रातो माटोले पोतेर सिंगारिएको हुन्छ । घरको तल्लो तलामा गाईवस्तु बाँध्नको लागि गोठ बनाइएका हुन्छन् । नयाँ घरहरुको अगाडि वार्दली र बरण्डा बनाउने चलन छ । कुनै घरमा भान्साका लागि छुट्टै कोठा भएको पाइन्छ भने कुनै घरमा सुत्न र भान्साको लागि एउटै कोठा प्रयोग गर्ने गर्छन् ।

### ४.१५.९ खानपान

विश्वकर्मा जाति विशेष गरेर कृषि पेशामा नै आश्रित भएको पाइन्छ । अन्य जातिको जस्तै गरेर पेशागत विविधता योजातिमा पाइँदैन । विश्वकर्माका परिवारहरुले प्रयोग गर्ने खानामा जस्तैः दाल, भात, ढिडो, तरकारी, रोटी जस्ता खानेकुरा खान्छन् । कुनै समयमा सुँगुर, कुखुरा र राँगाको मासु खाने गर्छन् । त्यसैगरी खसी, बाख्राको पनि मासु खाने गर्छन् । वडाभैरव गाउँ विकास समितिका विश्वकर्माहरुमा भातभन्दा धेरै मकैको आटो र रोटी खाने गर्छन् । ज्याला मजदुरी गरेर कमाएको पैंसाले धान वा चामल किनेर खाने गर्छन् । उनीहरु जौं, मकै, कोदोबाट जाँड बनाउने र गहुँबाट रोटी पकाएर खाने गर्छन् ।

### ४.१६. पहिरन र गरगहना

विश्वकर्मा जातिको पहिरन सामान्य नै हुने गर्दछ । उनीहरुको पहिरन भेषभुषामा पनि उमेर अनुसार फरकपन रहेको पाइन्छ । महिलाहरुले चोली, ब्लाउज, लुङ्गी, धोती लगाउने गर्छन् । त्यसैगरी रुमाल र पटुका पनि बाँध्ने गर्छन् । सामान्यतया पुरुषहरु कमिज, पाइन्ट, दौरा, सुरुवाल र युवाहरुले पाइन्ट तथा सर्ट लगाएको पाइन्छ । प्रायःजसो युवायुवतीले चप्पल लगाउने गर्छन् । कसैले जुत्ता, मोजा, स्वीटर, ज्याकेट पनि लगाउँछन् । पुरुष तथा महिलाको पोशाक अन्य जातिका मानिसहरुसरह लगाउने गर्छन् । केटीहरुले कुर्ता, सुरुवाल, फ्रक, ब्लाउज, लुङ्गी, साडी तथा स्वीटर लगाउने गर्छन् । घरमा प्रयोग गर्नको लागि ओढ्ने सिरक, ओच्छ्याउने डसना तथा राडीपाखी तथा आर्थिक अवस्था अनुसारको प्रयोग हुने गरेको पाइएको छ । विश्वकर्मा जातिका पुरुषहरुले गहना लगाउने गरेको पाइदैन तर महिलाले गहना लगाउने गरेता पनि आर्थिक अवस्थाको कारण गहना धेरै लगाएको पाइदैन । विश्वकर्मा जातिका महिलाहरुले घाँटीमा सुनको विभिन्न किसिमका गहना, नाकमा सुनको फुली, कानमा पनि विभिन्न खालका सुनका गहना लगाउने गरेको पाइन्छ । कपाल कोरेर चुल्ठो बाट्ने र कसैले खुला छोड्ने पनि गर्दछन् । विवाहित महिलाहरुले गलामा पोते, तिलहरी, सिन्दुर टिका र चुरा सबैले लगाउने गरेको पाइन्छ ।

## ४.१७ चाडपर्वहरु

हाम्रो देश नेपाल असंख्य देवीदेवता भएको देश हुनाले यहाँ एउटै देवतालाई विभिन्न नामले पुकारिन्छ । नेपालमा अधिकांश व्यक्तिहरुले हिन्दू धर्म मान्ने गरेकोले हिन्दूहरुको नै बाहुल्यता रहेको छ । जसको कारण धर्मको नामबाट पनि विभिन्न चाडपर्वहरु मनाउने र देवी-देवताको आराधना गर्ने गरेको पाइन्छ । विश्वकर्मा जाति पनि हिन्दू धर्मको अनुयायी भएको जाति भएकोले यिनै विभिन्न चाडपर्वहरु र देवीदेवताको आरधाना गर्ने गर्छन् । विश्वकर्मा जातिले मनाउने चाडपर्वहरुमा दशैं, तिहार, तीज, जनैपूर्णिमा, कृष्णअष्टमी आदि पर्दछन् । यो जातिले दशैंको शुरुको दिनमा घरघरमा घटस्थापना गरी जमरा राखेर दुर्गा भवानीको आराधना गर्ने गर्दछन् । अर्को पक्ष हेर्दा दशैंको शुरुवात हुँदा खेतीको काम सम्पूर्ण सकिने हुँदा मानिसहरुले केही समय भएपनि आनन्दले व्यतित गर्न दशैलाई पर्व र सँस्कृति दुवैको रुपमा मनाउदै आएका हुन् भन्ने अनुमान गर्न सकिन्छ । विश्वकर्मा जातिले मनाउने चाडपर्व र अन्य उच्च जातिले मनाउने चाडपर्वहरुमा त्यति भिन्नता भने छैन । विश्वकर्मा जातिले मात्र मनाउने कुनै चाडपर्वहरु र यिनीहरुले मात्र मान्ने देवी-देवताहरु नभएको अध्ययन क्षेत्रका विश्वकर्माहरुले बताउने गर्छन् । दशैं मनाउँदा सक्नेले घरमा खसी, बोका काट्ने र नसक्नेले कुखुरा काट्ने, दुवै नसक्नेले बजारबाट मासु किनेर ल्याई जाँडरक्सी आदिकोप्रयोग गरेर दशैं मनाउने गर्छन् ।

विजयादशमीको दिनमा आ-आफ्ना मान्यजनहरुबाट टिका थाप्ने तथा माइती, ससुराली, मावली लगायतका ठाउँहरुमा गएर टिका थापी आशिष लिने प्रचलन रहेको पाइन्छ । मनोरञ्जनका लागि गाउँमा पिङ हालेर खेल्ने गरेको समेत पाइएको छ ।

तिहारलाई पनि विश्वकर्मा जातिले धुमधामका साथ मनाउने गर्छन् । यो चाडमा दिदीबहिनीहरुले दाजुभाइहरुलाई टिका लगाई सेलरोटी तथा विभिन्न मसलाहरु दिने गर्छन् भने दाजुभाइले दिदीबहिनीहरुलाई टिका लगाई दक्षिणा, कपडा तथा उपहारहरु दिने प्रचलन यो जातिमा रहेको पाइन्छ । यो चाडमा पिङ खेलेर, घर-घरमा देउसी तथा भैलो खेलेर, नाचेर, गाएर रमाइलो गर्ने गर्छन् ।

माघे सङ्क्रान्तिमा तरुल, घीऊ, चाकु आदि खान्छन् भने साउने सङ्क्रान्तिको साँझमा लुतो फाल्ने र त्यसपछाडि मिठो मसिनो खाना खाएर मनाउदछन् । जनैपूर्णिमा यो जातिले जनैधारणा गर्दैनन् त्यसैले रक्षा बन्धन बाँध्ने तथा क्वाँटी खाने चलन पाइन्छ । कृष्णअष्टमीमा उपवास बसी भगवान कृष्णको भजनकृतन गरी पूजा गर्ने चलन गरेको छ । तीजमा विवाहित छोरीचेलीलाई माइतमा बेलाएर राम्रो, मीठो खानेकुरा खान दिने प्रचलन रहेको छ । यो चाडमा दिदी-बहिनीहरुले राम्रा-राम्रा पोशाक तथा गरगहना लगाई आफ्नो सुखद् र दुखद् जीवनका भावनाहरु तथा भोगाइलाई गीतको माध्यमबाट व्यक्त गर्दै साथीसंगीहरु जम्मा भएर नाच्ने र गाउने गर्छन् । तीजको दिनमा विवाहित महिलाहरु आफ्नो श्रीमानको दिर्घायुको कामना गर्दै एक थोपा पनि पानी समेत नखाएर उपवास बस्ने गर्छन् ।

समाजको दलित वर्गको सूचीमा सूचिकृत विश्वकर्मा जाति समाजका अन्य माथिल्ला जात सरह अरुले मान्ने गरेका चाडपर्वहरु पनि आफ्नै चाडपर्वको रुपमा आफ्नो औकात हेरी खर्च गरेर मनाउने गरेको पाइयो । कुलदेवताको पूजाआराधना गरेमा पूर्खा खुसी भई शान्ति प्रदान गर्छन् भन्ने जनविश्वास यो जातिमा रहेको पाइन्छ ।

## ४.१८ पूजा तथा श्राद्ध

विश्वकर्माहरुले पनि अन्य जातिले जस्तै आफ्नो प्रमुख देवता बनाएकोपाइन्छ । यिनीहरु प्रत्येक वर्ष कूल देवता (परिवारका इष्ट देवता) को पूजा गर्ने गर्छन् । कूल देवताकोपूजा गर्नुको मुख्य उद्देश्य कुल देवाता र मरेका पूर्खाहरुलाई सम्झना गरी खुसी तुल्याउनु हो ।

विश्वकर्माहरुले वायु पूजा पनि गर्ने गर्छन् । यदि कसैको मृत्यु स्वाभाविक रुपमा नभई अकालमा अर्थात कतै लोटेर वा खसेर मृत्यु भएमा वायु पूजा गर्ने गर्छन् । यदि पूजा गरिएन भने आकस्मिक रुपमा मरेको मानिसले रोगब्याध सल्काएर दुःख दिने गर्छन् । त्यसरी अकालमा मरेका मृतात्मालाई 'काचो वायु' भनिन्छ । यस्ता वायुलाई शान्त राख्न वायु पूजा गरिन्छ ।

यस्तो वायु पूजा गर्ने प्रचलनलाई आजका युवाहरुले रुढीवादी प्रचलनको रुपमा लिएता पनि तोड्न भने सकेका छैनन् ।

विश्वकर्मा जातिले नाग पञ्चमीमा नागको पूजा गर्ने गर्छन् । यो जातिमा नागको पूजा गर्नाको कारण नागलाई देवताको रुपमा लिएर चट्याङ्ग, बाढी, पहिरोबाट रक्षा गर्ने तथा सुख, समृद्धि तथा दिर्घायुको लागि पूजा गर्ने गर्छन् ।

यो जातिलाई हिन्दू भनेर चिनाउने सामाजिक संस्कारहरुमा सोह्र श्राद्ध पनि एक हो । सोह्र श्राद्ध आश्विन शुक्ल पक्षदेखि आश्विन कृष्णपक्षसम्मको १६ दिजसम्म पर्छ । सोह्र श्राद्धको बेलामा विश्वकर्माहरु आफ्ना पितृको सम्झनामा श्राद्ध गरी पिण्ड चढाउँछन् । सोह्र श्राद्ध गर्दा आफ्ना पितृहरुको स्वर्गारोहण भएको तिथिमा गरिन्छ । साथै उनीहरुको जहिले मृत्य भएता पनि सोह्र श्राद्धको तिथिमा नै श्राद्ध गर्ने चलन रहेको छ । सो बेलामा आफन्तहरुलाई डाकेर भोज खुवाउने गर्दछन् । सोह्र श्राद्धमा आफ्ना पितृहरुलाई सम्झने र उनीहरुको सम्मानमा केही अर्पण गर्ने भएकाले विश्वकर्माहरुले उक्त तिथिलाई महत्वका साथ मनाउने गर्छन् ।

## ४.१९ **विश्वकर्मा जातिको अन्य जातिसँगको सम्बन्ध**

नेपाल गाउँ नै गाउँले भरिएको मुलुक हो । प्रत्येक गाउँमा विभिन्न जाति तथा जनजातिहरु बसोबास गर्छन् । यिनै वर्तमानमा अस्तित्वमा रहेका विभिन्न जाति तथा जनजातिहरुको विभिन्न समाज र संस्कृतिसँगको अन्तरक्रियाको माध्यमबाट आफ्नो मौलिक संस्कृतिलाई अझ परिस्कृत र समय सापेक्ष वा सर्व स्वीकार्य बनाएका छन् । यहाँ रहेका विभिन्न जाति तथा जनजातिहरुको कुनै जातिसँग नजिक रहने तथा कुनै जातिसँग सम्पर्कमा नआउने गरेको भेटिन्छ । यो सन्दर्भ विश्वकर्मा जातिमा समेत लागू हुन्छ । यही क्रममा विश्वकर्मा जातिले पनि विभिन्न जाति तथा संस्कृतिसँग सम्पर्क बढ्न थाल्यो । खासगरेर बसाइसराईको माध्यमबाट अर्को ठाउँमा जाँदा समुदायमा रहनको लागि त्यहींको भौगोलिक वातावरण र विकास भएको संसकृतिसँग घुलमिल हुन थाल्यो । जसको कारणबाट संस्कृतिमा समेत प्रभाव पर्न थाल्यो । कालान्तरमा संस्कृतिकरण र आत्मीकरणको माध्यमबाट विश्वकर्मा संस्कृतिमा नयाँ संस्कृति समेत थपिन पुग्यो । विश्वकर्मा जातिको सम्पर्कमा रहेको जाति तथा जनजातिहरुमा प्रायःजसो साँस्कृतिक सम्पर्क नै रहेको छ । यसरी विभिन्न जातिसँगको सम्पर्कमा रहेको विश्वकर्मा जातिसँग निम्न जातिको सम्पर्कलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

### ४.१९.१. **प्रत्यक्ष सम्पर्क हुने जाति**

यस जातिहरुभित्र विश्वकर्मा जातिसँग सामाजिक साँस्कृतिक र आर्थिक पक्षको विविध विषयमा समानता राख्नेजातिलाई समावेश गराइएको छ । जसलाई समान्तर जातिको रुपमा हेर्न सकिन्छ ।

### १.१९.१.१ **सार्की**

नेपाल सरकारले जनजाति विकास समिति गठन गर्नुपूर्व मानवशास्त्रीय तथा भाषा र अन्य विषयमा अध्ययन गर्दा विश्वकर्मा (कामी) र सार्की जातिलाई एक ठाउँमा राखिन्थ्यो तर अहिले आएर विभिन्न जिल्लामा भएको जातिगत अध्ययनले गर्दा यी दुवै जातिहरुमा भाषा, सँस्कृति तथा व्यवसायिक पक्ष समेत विश्वकर्मा जातिसँग मिल्दोजुले भएको पाइन्छ । यस जातिले पनि विश्वकर्मा जातिले जस्तै आफ्नो परम्परागत जुत्ता सिलाउने काम गर्ने, विष्ट कमाउने, कृषि पेशालाई अपनाउने र ज्याला मजदुरी गर्ने गरेको पाइएको छ । जातीय हिसाबले दलितभित्र पर्ने यी दुवै जाति भने जातीय छुवाछुतको मारमा समान रुपले परेको पाइन्छ । यी दुवै जातिमा एकआपसमा सँगसँगै खानपिन चल्ने र कतिपय ठाउँमा विवाहवारी समेत गर्ने गरेको पाइएको छ । सामाजिक काममा एकले अर्को जातिलाई सहयोग गर्ने गरेको पाइन्छ । सार्कीले कामी (विश्वकर्मा) कहाँ फलामका वस्तु बनाउन जाने र विश्वकर्माले जुत्ताजस्ता वस्तु बनाउन सार्कीसँग जाने गरेको पाइन्छ । त्यसैले यी दुवै जातिको बीचमा प्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ ।

### ४.१९.१.२ **दमाई (मास्टर)**

विश्वकर्मा जातिसँग प्रत्यक्ष सम्पर्कमा रहने अर्को जाति दमाई पनि हो । सामानयतया विश्वकर्मा र सार्कीको जस्तै जीवनशैली भएको दमाई जाति विश्वकर्मा जाति जस्तै पहाडी जिल्लाहरुमा प्रमुख बसोबास रहेको पाइन्छ । हेर्दाखेरी आर्यमूलका जस्ता देखिने धर्म पनि विश्वकर्मा र सार्कीसँग मिल्ने गर्छ । योजातिको आफ्नो छुट्टै भाषा भने छैन । विश्वकर्माहरुसँग सामाजिक एवं साँस्कृतिक सामिप्य राख्ने यो जातिको लवाइखवाई मिल्छ । कुनै कुनै ठाउँमा यी दुई जाति बीच वैवाहिक सम्बन्ध पनि हुने गर्छ । विश्वकर्माले दमाईकहाँ लुगा सिलाउने र दमाईले पनि विश्वकर्माकहाँ फलामका वस्तु बनाउने र अन्य काम समेत आपसमा सरसहयोग चल्ने भएकाले यिनीहरुको आपसको सम्बन्ध राम्रो रहेको पाइन्छ ।

### ४.१९.१.३ **ब्राम्हण तथा क्षेत्रीहरु**

विश्वकर्मा जातिसँग प्रत्यक्ष रुपमा सम्पर्क हुने जातिहरुमा ब्राम्हण तथा क्षेत्री पनि प्रमुख जातिका रुपमा मानिन्छन् किनकि विश्वकर्मा जातिको सामाजिक, साँस्कृतिक र अन्य भेषभूषा, भाषा ब्राम्हण र क्षेत्रीहरुसँग मिल्दोजुल्दो हुने हुनाले गर्दा पनि यो जाति अन्य जातिको तुलनामा ब्रामहण र क्षेत्रीहरुसँग प्रत्यक्ष सम्पर्क हुने जाति हो । विश्वकर्माहरुको परम्परागत पेशा फलामको भाँडा बनाउने र खेतीपातीको काम समेत गर्ने भएकाले र उनीहरुको विष्ट कमाउने प्रथा भएको कारणले गर्दा पनि योजातिको सम्पर्क प्रायःजसो ब्राम्हण र क्षेत्रीहरुसँग बढी हुन्छ । विश्वकर्माहरुले फलामका भाँडाहरु जस्तै : हँसिया, कुटो, कोदाला, फाली आदि बनाउन सहयोग गर्ने, खेतीपातीमा सहयोग गर्ने अनि यसको बदलामा ज्यालाको रुपमा नगद र जिन्सीको रुपमा अनाज लिने गर्दछन् । यो जातिको साँस्कृतिक पक्षहरु पनि ब्राम्हण र क्षेत्रीसँग मिल्दोजुल्दो हुने हुनाले र यो जातिको शारीरिक बनावट पनि हिन्दू आर्य समुदायसँग मिल्ने हुनाले यसको प्रत्यक्ष सम्पर्क ब्राहृमण र क्षेत्रीसँग भएको हुन्छ ।

### ४.१०.२. **अप्रत्यक्ष सम्पर्क हुने जातिहरु**

अप्रत्यक्ष सम्पर्क हुने जातिहरु भन्नाले प्रत्यक्ष सम्पर्कमा रहेका बाहेक पनि विश्वकर्मा जातिसँगको साँस्कृतिक रुपमा सम्पर्कमा नरहेता पनि सामाजिक तथा आर्थिक रुपमा विभिन्न जातिसँग दैनिक रुपमा सम्पर्क भैरहन्छ ।

विश्वकर्मा जाति पहाडी क्षेत्रमा बसोबास गर्ने भएकाले पहाडी क्षेत्रका अन्य जातिहरुभन्दा फरक जनजातिहरुसँग केही सामाजिक तथा साँस्कृतिक पक्षसँग मेल खाएको देखिन्छ । पहाडी क्षेत्रका अन्य जातिहरुबाहेक जनजातिहरु खासगरेर गुरुङ्ग, मगर जस्ता जाति तथा समूहसँग सामाजिक अन्तरक्रिया हुन्छ । विश्वकर्मा जातिको विभिन्न साँस्कृतिक संस्कारहरुमा यी जातिहरुकोभन्दा फरक झलक भएतापनि केही मिल्दोजुल्दो झलक भने पाइन्छ । यी जातिसँग सम्पर्क हुने प्रमुख कारण जाँडरक्सी र विष्ट कमाउने प्रथाले गर्दा भएको हो । समाजमा रहँदा वा बस्दा विभिन्न कार्यहरुमा एक अर्काको सहयोगको आवश्यकता पर्ने भएकोले पनि विश्वकर्मा जातिको अन्य जातिसँग अन्तरक्रियाको माधयमबाट परिमार्जित संस्कृतिको निर्माण भएको छ ।

## ४.११ **राजनीतिक अवस्था**

नेपाल अधिराज्यमा हेर्ने हो भने विश्वकर्मा जातिको राजनीतिक सहभागिता औंलामा गन्न सकिने अवस्था अझैं पनि विद्यमान रहेको छ । यस दैलेख जिल्लाको वडाभैरव गाउँ

विकास समितिमा समेत राजनीतिक सहभागिता यो जातिको प्रतिनिधित्व न्यून नै रहेको छ । वि.सं. २०५४ को स्थानीय निर्वाचनको आँकडा अनुसार यो जातिको १ जना गा.वि.स. उपाध्यक्ष र एक जना वडा सदस्य भएको देखिन्छ भने सो समयभन्दा अगाडि राजनीतिमा यस जातिको सहभागिता नरहेको अध्ययनको क्रममा जानकारी भयो । हालको समयमा पनि यस अध्ययन क्षेत्रका यस जातिबाट राजनीतिक नेतृत्वमा न्यून रहेको पाइएको छ । यसरी समग्रमा भन्नुपर्दा विभिन्न वडाहरुमा गरी यति ठूलो जनसंख्या विश्वकर्मा हुँदा पनि राजनीतिमा प्रतिनिधित्व भने कम रहेको देखिन्छ । यसको प्रमुख कारणहरुमा यहाँका विश्वकर्माहरुका अनुसार उपल्लो जातका मानिसहरुले दलितहरुको नेतृत्वलाई मन नपराउनाले भएको हो ।

## ४.२० सामाजिक नियन्त्रण

समाजका हरेक समस्यालाई समाधान गर्न तथा सामाजिक व्यवस्थालाई व्यवस्थित गर्नको लागि समाजमा दुई प्रकारको व्यवस्था भएको पाइन्छ । समाजमा घट्ने विभिन्न घट्नाहरुलाई नियन्त्रण गर्नका लागि सरकारी तवरबाट प्रहरी तथा प्रशासनको व्यवस्था गरेको छ । जसले समाजमा हुने गरेका अपराधहरुलाई रोकथाम गरेको छ । तर प्रत्येक समाज तथा जातजातिहरुको आफ्नै प्रकारको सामाजिक मान्यता हुने भएकोले समाजभित्रका सामाजिक व्यवस्थालाई व्यवस्थित र मर्यादित राख्नको लागि सामाजिक नियन्त्रण हरेक समाजमा हुने एउटा महत्वपूर्ण प्रक्रिया हो । विश्वकर्मा जातिभित्र देखिने समस्यालाई प्रायः गरी आन्तरिक रुपमा मिलाउने गर्दछन् । विश्वकर्माहरु सोझा, सरल र शिष्ट तथा जातीय रुपमा आपसी समन्वय तथा सद्भावको कारणले समाजमा त्यति धेरै समस्या आइपर्दैनन् । यदि समस्याहरु नै देखा परेमा भने पनि उनीहरु अड्डामा वा अदालती प्रक्रियामा जान चाहँदैनन् र उनीहरु समस्याहरुलाई गाउँघरमा मिलाउने गर्दछन् । आपसी समझदारीमा समस्या नसुल्झीय मात्र गा. वि. स. तथा प्रहरी र अदालतसम्म धाउने गर्दछन् । परिवारभित्र कुनैप्रकारको निर्णय लिनुपर्दा समेत परिवारमा सल्लाह गरिन्छ ।

# अध्याय पाँच
# सारांश, निश्कर्ष र सुझावहरु

## ५.१. सारांश

विश्वकर्मा जाति एक प्राचीन जाति हो भन्ने कुरामा कसैमा दुई मत हुन सक्दैन । समग्रमा हेर्दा यो जाति नेपाल अधिराज्यभर छरिएर रहेका छन् । समाजमा पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने दलित समूहमा परेका विभिन्न जातिहरुमध्येको एक जाति विश्वकर्मा जाति हो । यो विश्वकर्मा जातिको बोलीचाली र सामाजिक संस्कारका दृष्टिकोणले समाजको उच्च जातको स्थानमा रहेका ब्राह्मण क्षेत्रीसँग समानता देखिन्छ ।

विश्वकर्मा जातिका विभिन्न सामाजिक संस्थाहरुको भूमिका पनि महत्वपूर्ण रहँदै आएको छ । यस जातिको पारिवारिक बनावटलाई हेर्दा संयुक्त तथा केन्द्रिय परिवारबाट एकल परिवारतर्फ झुकाव रहेको देखिन्छ । परिवारको संरचना अन्तर्गत नातेदारी प्रथा पनि यो जातिको जातीय परम्परामा आधारित छ । रगतको नाता र विवाहको नाताबीचको सम्बन्धलाई विश्कर्मा जातिमा पनि विद्यमान रहेको छ । यो जातिमा अन्य जातिमा जस्तै विभिन्न प्रकारका विवाह जस्तैः प्रेम विवाह, मागी विवाह, जारी विवाह तथा विधवा विवाह समेत प्रचलनमा रहेको पाइयो तर भाउजु व्यहोर्ने चलन भने रहेको छैन । यो जातिमा फुपूचेली र मामाचेलीबीच वैवाहिक सम्बन्ध नहुने भन्ने यहाँका विश्वकर्माहरुबाट जानकारी पाइयो । अन्तरजातीय विवाहलाई सामाजिक मर्यादामा आएको परिवर्तनको रुपमा लिने गर्छन् । विवाह, सामाजिक कार्यमा बाहुन वा पुरोहितको रुपमा नालनाताका ज्वाँई र कुनै व्यक्तिलाई स्वीकार गर्ने गर्छन् । विश्वकर्मा जातिमा पनि जन्मदेखि मृत्युसम्मको संस्कारमा पनि आफ्नै जातियपन झल्किएको पाइन्छ । समग्रमा विश्वकर्मा जातिको अध्ययन गर्नका लागि छनौट गरिएको बडाभैरव गाउँ विकास समितिका विश्वकर्मा जातिको सामाजिक, आर्थिक तथा साँस्कृतिक पक्षलाई लिइएको छ । वडाभैरव गाउँ विकास समितिमा बसोबास गर्ने विश्वकर्माहरुलाई आफ्नो परिचयलाई जोगाउन आफ्नो पुर्ख्यौली पेशालाई समेत कायमै राखेका छन् ।

नेपालको राष्ट्रिय जनगणना वि.सं. २०५८ अनुसार नेपालका विश्वकर्मा जातिको जनसंख्या ८,९५,९५४ जना अर्थात ३.९४ प्रतिशत रहेको देखिन्छ । जसमध्ये महिला ४,६३,०१७ र पुरुष ४,३२,९५७ रहेको छ । नयाँ जनगणना नआएसम्म हालको जनसंखया कति छ भनेर भन्न सकिने अवस्था छैन । स्थलगत सर्वेक्षणको आधारमा बडाभैरव गाउँ विकास समितिको विश्वकर्मा जातिको जनसंख्या १६४ घरधुरीमा ४७४ महिला र ४७३ पुरुष सहित ९४७ रहेको छ ।

वडाभैरव गाउँ विकास समितिका विश्वकर्मा जातिको थरमा कामी, सुनार, लोहार, टमाटा आदि रहेको पाइन्छ । यिनीहरुको जन्म संस्कार, न्वारन, व्रतबन्ध, विवाह तथा मृत्यु संस्कारमा पनि अन्य क्षेत्रका विश्वकर्मा जातिको संस्कारसँग सामान्य फरक परेतापनि मूलभूत कुरामा भने फरक देखिदैन ।

विश्वकर्मा जाति आर्थिक रुपमा कमजोर भएको जाति हो । बडाभैरव गाउँ विकास समितिका विश्वकर्माहरुमा कृषि पेशाले मात्र वर्षभरि खान नपुग्ने स्थिति भोगेका कारण सबैजसो विश्वकर्माहरु खेतीपातीबाहेक ज्याला मजदुरी गर्न जाने तथा परम्परागत पेशा फलामको भाँडा गराउने आदि काम गरेको पाइयो । १५ रोपनीभन्दा बढी जग्गा र जग्गाविहीन सुकुम्वासी पनि पाइयो । परम्परागत खेती प्रणाली, उन्नत जातको बीउ-बीजनको तथा कृषि प्रविधिहरुको कमी, कृषिको उत्पादकत्व बढ्न नसक्नु र आर्थिक पक्ष सवल हुन नसक्नु, पशुपालनमा ध्यान कम हुनु, कृषि तथा आर्थिक क्षेत्रमा समस्याहरु देखा पर्नुका कारणहरु हुन् । पशुपालनमा भैंसी र बाखापालनमा कमी भएको पाइयो । शैक्षिक क्षेत्रमा यो ठाउँ पछि परेको देखिन्छ । हालै मात्र केही जनाले एस.एल.सी. उत्तीर्ण गरेको र एकजनाले मात्र प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको स्थलगत रिपोर्टबाट पाइयो । केही सामाजिक संघसंस्थाहरुले र जिल्ला शिक्षा कार्यालयले प्रौढकक्षा सञ्चालन गरी पढ्ने लेख्ने महिला तथा पुरुषको संख्या बढेको छ । विद्यालय जाने संख्यामा हेर्दा बालिकाको संख्याको तुलनामा बालकको संख्या बढी रहेको पाइयो । यो जातिमा पनि अन्य जातिजस्तै मीत लगाउने चलन पाइयो । सामाजिक नियन्त्रण समाजद्वारा गरेको पाइयो ।

नेपालमा पाइएका प्रायःजसो आधिकारिक तथ्याङ्कहरु ती सबै काठ्माडौं उपत्यकामा मात्र केन्द्रित भएको पाइन्छ । त्यसकारण उपत्यकाभन्दा बाहिरका बासिन्दा विश्वकर्माको जानकारी पर्याप्त मात्रामा पाउन कठिन भएको हुन सक्छ । वास्तवमा विश्वकर्मा जाति नेपालको एक पीछडिएको जाति हो । तर केही साँस्कृतिक तथा सामाजिक विशिष्टताको आधारमा भने विश्वकर्मा जातिको रुपमा रहेको छ । त्यसैगरेर अन्य जातिमा जस्तै विश्वकर्माहरुमा पनि विभिन्न थरहरु रहेका छन् ।

नेपालको मध्य-पहाडी क्षेत्रको एउटा प्रमुख जातिको रुपमा रहेको विश्वकर्मा जातिको भेषभुषा र रहन-सहन तथा सामाजिक जनजीवन प्रायः पहाडी क्षेत्रको बासिन्दाहरुसँग मेल खान्छ । सामान्यतया पहाडी क्षेत्रका वासिन्दाले लगाउने भन्दा फरक प्रकारको भेषभुषा नभएता पनि जातिय विशेषतामा भने केही मात्रामा फरकपन झल्केको पाइन्छ ।

परम्परागत रुपमा फलामका औजारहरु निर्माण गर्ने र फलाम सम्बन्धी, सुन सम्बन्धी र तामा सम्बन्धी सामग्री एवं गरगहना निर्माण गर्ने पेशा आजभोलि विकसित समाजमा आएको

आर्थिक तथा सामाजिक परिवर्तनको कारण अत्यन्त अव्यवहारिक सावित भएको छ । कृषि क्षेत्रमा भन्दा तामा र फलामको काम गर्ने र ज्याला मजदुरी गर्ने विश्वकर्मा जातिको आर्थिक पक्ष सवल नभएर नै पिछडिएर रहनु परेको हो भन्न सकिन्छ । शिक्षामा कमै मात्र पहुँच रहेको विश्वकर्माहरुको जनचेतनाको हिसाबले पनि पछि परेका हुन् । समग्र रुपमा विश्वकर्मा जातिको अध्ययन गर्नको लागि छनौट गरिएको वडाभैरव गाउँ विकास समितिको विश्वकर्मा जातिको सामाजिक, आर्थिक तथा साँस्कृतिक पक्षलाई लिइएको छ ।

नेपालको राष्ट्रिय जनगणता वि.सं. २०५८ अनुसार नेपालमा विश्वकर्मा जातिको जनसंख्या ८,९५,९५४ अर्थात ३.९४ प्रतिशत रहेको छ । सोही जनगणना २०५८ अनुसार प्रतिवर्ष जनसंख्या वृद्धिदर २.०१ प्रतिशत आधार मान्दा हालको कुल जनसंख्या विश्वकर्माको ९,१३,९६३ हाराहारीमा रहेको छ । त्यसैले गर्दा नयाँ जनगणना नभएसम्म विश्वकर्मा जातिको जनसंख्या कति छ भन्न गाह्रो छ । स्थलगत सर्वेक्षणको आधारमा वडाभैरव गाउँ विकास समितिको विश्वकर्मा जातिको जनसंख्या ९४७ रहेकोमा त्यसमध्ये ४७४ महिला र ४७३ पुरुष रहेका छन् ।

## ५.२. निश्कर्ष

नेपाल एक बहुजातीय, बहुधार्मिक एवं बहुसँस्कृति भएको मुलुक हो । यहाँ विभिन्न जातजातिहरुका आ-आफ्नै मूल्य-मान्यताहरु रहेका छन् । ***यिनै विविधता रहेका विभिन्न जातजातिहरुको सिङ्गो माला हो नेपाल । यही सिङ्गो मालाको एउटा फूलको रुपमा रहेको परम्पारागत रुपमा सुन, तामा र फलामको काम गर्ने जाति हो विश्वकर्मा जाति*** । नेपालभरि नै छरिएर रहेको विश्वकर्मा जाति एक पिछडिएको जाति हो ।

जातीय रुपमा हेर्दा विश्वकर्मा जाति आर्य हिन्दू जातिको रुपमा रहेको र हिन्दू धर्म मान्ने भएकोले अरु हिन्दू जाति सरह भएको पाइन्छ । यिनीहरुका सामाजिक संस्कारहरुमा आर्य हिन्दू धर्मावलम्बीहरुकै रुपमा रहेको छ । खेतीपातीका साथै आफ्नो पुर्ख्यौली पेशाको र अन्य पेशालाई अँगाल्न पुगेको यो जाति आजभोलि नोकरीतिर पनि बढी आकर्षित भएको पाइयो । आफूहरुसँग भएको जग्गामा गरिएको खेतीपातीले वर्षभरि खान नपुग्ने विश्वकर्माहरु अहिले आएर ज्याला मजदुरी गर्ने तथा केही युवाहरु नोकरी र आयआर्जन गर्नको निमित्त व्यवसायिक एवं सीपमूलक काममा समेत लागेका छन् ।

शिक्षाको हिसाबले पनि यो पिछडिएको जातिको रुपमा पाइएको छ । छोराहरुलाई विद्यालयमा पठाउने र छोरीलाई घरको काममा लगाउने परम्परालाई तोडेरअहिले उनीहरुले छोरीलाई पनि छोरासरह विद्यालय पठाउने गरेको पाइयो ।

विश्वकर्माहरुमा सामाजिक एवं साँस्कृतिक परिवर्तनको बावजुद पनि केही सामाजिक विश्वास र परम्पराहरु प्रायः पुरातन नै भएको पाइयो । विश्वकर्मा समाजमा धामी, झाँक्रीको प्रभाव अझैं विद्यमान रहेको छ । तर नयाँ पुस्ताले भने यस्ता रुढीवादी परम्पराहरुलाई क्रमशः छोड्दै गइरहेका छन् । व्रतबन्ध, विवाह जस्ता सामाजिक कार्यहरुमा खर्चको मात्रा बढिरहेको छ। मृत्य तथा श्राद्धको समयमा पितृको उद्धार गर्न समर्पित भएको देखिन्छ ।

अन्य समाज एवं जातिहरुसँगको अन्तरक्रियाको परिणामस्वरुप सँस्कृतीकरण एवं आत्मीकरणको कारण विश्वकर्माहरुको सामाजिक तथा साँस्कृतिक जीवनमा भने क्रमशः परिवर्तन भैरहेको छ । सामाजिक एवं साँस्कृतिक रुपमा परिवर्तन हुँदै गइरहेको जसको कारणले विश्वकर्मा जातिको मौलिक संस्कृतिमा समेत असर पर्न सक्ने देखिएको छ । आर्थिक रुपमा पनि यो जाति पिछडिदै गइरहेको देखिन्छ । त्यसैले विश्वकर्मा जातिको उत्थानको लागि आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

## ५.३. सुझावहरु

भौगोलिक विविधताले व्याप्त हाम्रो देश सबै जातजातिको साझा फूलबारीको रुपमा रहेको छ । ***भौगोलिक विविधताभित्रको अर्को रमाइलो पक्ष हो जातीय विविधता । यस फूलबारीभित्र पूर्व मेचीदेखि पश्चिम महाकालीसमम फिंजिएर रहेका फूलका थुंगाहरु अर्थात विभिन्न जात-जातिहरुको आफ्नै मूल्य, मान्यता, भाषा, धर्म, सँस्कृति आदिले प्रत्येक जातिको पहिचान गराउँछ*** । यिनै विभिन्न जाति तथा जनजातिको पहिचान गराउँदछ । यिनै विभिन्न जाति तथा जनजातिहरुमध्येको दलित वर्गमा पर्ने, पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने विश्वकर्मा जाति समाजमा रहेका उच्च वर्गको सामिप्यमा अल्पसंख्यकको रुपमा रहँदै वा वस्दै आएको छ । जात मात्र फरक रहेको तर धर्म, भाषा आदि अन्य जातिसँग मिल्ने यो जातिको आर्थिक स्तर निम्न रहेको छ भन्ने कुरा माथिको अध्ययनबाट प्रष्ट हुन्छ । विश्वकर्मा जाति परम्परागत हिसाबले जातीय विशिष्ट पेशा भएको भएता पनि यिनीहरुले विभिन्न प्रकारको समस्याहरु भोग्दै आउनुपरेको छ । अतः यिनीहरुको सामाजिक, साँस्कृतिक तथा आर्थिक उन्नति गर्नका लागि तल तपसिलमा उल्लेखित बुँदाहरुलाई सुझावको रुपमा प्रस्तुत गरिएको छ :-

१. विश्वकर्मा जातिको शैक्षिक अवस्था एकदमै कमजोर देखिएकोले यस जातिलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्नकोलागि विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गरेर शिक्षातर्फ आकर्षित गर्नुपर्ने देखिन्छ ।
२. सरकारी रोजगारीको क्षेत्रमा उपस्थिति एकदमै न्यून रहेको छ । त्यसैले राष्ट्रिय मूल प्रवाहमा

यो जातिलाई समाहित गर्नका लागि पर्याप्त रोजगारीका अवसर प्रदान गर्नुपर्ने देखिन्छ ।

३. विश्वकर्मा जातिको आर्थिक स्तर न्यून रहेको कारण यो जातिलाई कुनै पनि पेशा वा व्यवसाय सञ्चालन गर्नका निमित्त पूँजीको आवश्यकता पर्ने भएकोले र्निब्याजे ऋण उपलब्ध गराउनुपर्ने देखिन्छ ।

४. विश्वकर्मा जातिको परम्परागत पेशा फलाम, तामा र सुनको ज्यावल एवं गरगहना बनाउने भएकोले उक्त पेशा संचालन गर्न आवश्यक पर्ने तालिम, कच्चा पदार्थ र आधुनिक औजारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

५. विश्वकर्मा जातिको आफ्नो स्वामित्वमा जमीन ज्यादै कम भएको र अर्काको जमीन कमाएको हुँदा जमीनमा लागेको द्वैध स्वामित्व हटाइनुपर्ने देखिन्छ ।

६. विश्वकर्मा जाति देशको निजामती क्षेत्रबाट टाढा रहेकोले निजामती सेवामा प्रवेश गराउन दलित जातिलाई विशेष सहुलियत प्रदान गर्नुपर्ने देखिन्छ ।

७. विश्वकर्मा जातिलाई सामाजिक तथा आर्थिक रुपले प्रोत्साहान गर्दै उनीहरुको जातीय पेशाको उचित कदर गरेर राष्ट्र निर्माणको हरेक पक्षमा संलग्न गराइनुपर्ने देखिन्छ ।

८. विश्वकर्मा जातिको उत्थानको लागि अथवा राज्यको मूल प्रवाहमा यस जातिलाई समाहित गर्नका लागि थप निम्न रणनीतिहरु अपनाउनु पर्ने देखिन्छ :-

क) समुह गठन गरी संगठीत हुने अवसरको सिर्जना
ख) स-शक्तिकरण
ग) न्यायीक समानता तथा सकारात्मक विभेद को निति निर्माण एवं कार्यान्वयन
घ) वैदेशिक रोजगारमा समानुपातिक सहभागिता
ङ) ब्यवसायलाई आधुनिकरण र ब्यवसायिक शिक्षा निःशुल्क दिने कार्य राज्यद्वारा सुनिश्चित गर्नु पर्ने
च) उत्पादित वस्तुको विक्रिको लागि वजार व्यवस्था
छ) राज्य तथा विभिन्न संघ संस्था द्वारा आयमुलक कार्य संचालनमा जोड दिनु पर्ने ।
ज) तालिम,गोष्ठि तथा सेमिनार वाट क्षमता अभिबृद्धि गरिनु पर्ने ।

यसरी नेपालमा रहेका विभिन्न दलितजातिहरुको उत्थानको निमित विभिन्न स्वदेशी तथा विदेशी विद्वान समाजशास्त्री/मानशास्त्रीहरुले गरेको अनुसन्धान र सुझाव,त्यसैगरी विभिन्न सरकारी तथा गैह्र-सरकारी संस्थाहरुले गरेको अनुसन्धान र सुझावहरुको साथै यिनिहरुले सञ्चालन गरेको कार्यक्रमहरुको समय-समयमा सुपरिवेक्षण गर्दै उपयुक्त सुझावहरुको आधारमा सम्वन्धित निकायले ठोस कार्यक्रमहरु सञ्चालनमा ल्याउन सके समाजमा रहेका दलित वर्ग पनि अरु जात सरह जीविका निर्वाह गर्न र राष्ट्र निर्माणमा समाहित हुन सक्छन भन्ने कुरामा कसैको दुईमत नहोला ।